# खत्याड गाउँपालिकाको

## पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना

(आर्थिक वर्ष २०८३/८४ देखि  २०८७/८८ सम्म)

**खत्याड गाउँपालिका**

रामतडी, मुगु,

२०८३,वैशाख

## गाउँपालिकाको अध्यक्षको मन्तब्य

खत्याड गाउँपालिकाको समावेशी विकास र रूपान्तरणप्रति हाम्रो प्रतिबद्धता झल्काउने जलवायु उत्थान्शील आवधिक कृषि विकास योजना प्रस्तुत गर्न पाउँदा म अत्यन्त अनुग्रहित छु।विकेन्द्रीकरण र स्थानीय सरकारको सशक्तिकरणका सिद्धान्तद्वारा निर्देशित हुँदै, हाम्रो गाउँपालिकाले आफ्ना नागरिकहरूलाई विशिष्ट सेवाहरू प्रदान गर्न निरन्तर प्रयास गर्दै आइरहेको छ। निर्वाचित प्रतिनिधिहरूलाई सक्रिय रूपमा संलग्न गराई, स्थानीय विकास आवश्यकताहरूको पहिचान, स्थानीय सम्भावनाहरूको खोजी, र उपलब्ध स्रोतहरूको प्रभावकारी व्यवस्थापनमार्फत हामी सबैका लागि उन्नत आर्थिक र सामाजिक संरचना विकास गर्ने लक्ष्य राख्दछौं।

हाम्रो आर्थिक विकासमा कृषिको निर्णायक भूमिकालाई स्वीकार गर्दै, हामी कुनै पनि समुदायलाई पछाडि नपार्ने सुनिश्चितताप्रति प्रतिबद्ध छौं। यस पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजनाले सीमान्तकृत जनसमूहहरू, विशेषतः महिला, आदिवासी/ जनजाती, दलित समुदायहरूलाई विशेष ध्यान दिएको छ। हाम्रो कृषि प्रयासमा उनीहरूको समावेशी तथा सक्रिय सहभागिता गाउँपालिकाको समग्र प्रगतिका लागि अनिवार्य छ भन्ने कुरामा हामी दृढ विश्वास गर्छौं।

यस पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजनालाई सरोकारवालाहरूका बहुमूल्य सुझाव र सल्लाहलाई ध्यानमा राखी, प्रस्तावित योजना तथा कार्यक्रमहरूको इमानदारीपूर्वक कार्यान्वयन गरिनेछ। हामी कृषि विकासमार्फत व्यापक आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यले स्रोत व्यवस्थापन तथा कार्यान्वयन नीतिहरू समेट्ने कार्यपद्धति स्थापना गर्नेछौं।

यस रोडम्यापलाई हाम्रो मार्गदर्शकको रूपमा लिँदै, हामी खत्याड गाउँपालिकाको दिगो विकासतर्फ उत्साह, दृढ संकल्प र साझा उद्देश्यसहितको परिवर्तनकारी यात्रामा सबैको हातेमालोको अपेक्षा गर्दछौं।

# खत्याड गाउँपालिकाको श्रोत नक्शा




स्रोतः स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्नेः गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

# विषय सूचि


खत्याड गाउँपालिकाको...... १
गाउँपालिकाको अध्यक्षको मन्तब्य...... २
खत्याड गाउँपालिकाको श्रोत नक्शा...... ३
परिच्छेद १: परिचय...... ७
१.१. भूमिका...... ७
१.२. रणनैतिक कृषि योजना तर्जुमा गर्नुको उद्देश्य...... ८
१.३. योजना तर्जुमामा अपनाइएका विधिहरु...... ८
*१.३.१. सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन*...... ९
*१.३.२. सरोकारवाल संस्थाका पदाधिकारीसँग परामर्श बैठक*...... ९
*१.३.३. अभिमुखिकरण कार्यशाला गोष्ठी*...... १०
*१.३.४. योजना तर्जुमा कार्यशाला गोष्ठी*...... १०
*१.३.५. स्थानीयस्तरमा तथ्यांक संकलन*...... ११
*१.३.६. पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना लेखन तथा प्रतिवेदन*...... ११
*१.३.७. रणनैतिक कृषि विकास योजना अनुमोदन गोष्ठी*...... ११
*१.३.८. पञ्चबर्षीय आवधिक जलवायु उत्थानशील कृषि विकास योजना पालिकाबाट स्वीकृति*...... १२
१.४. पञ्चबर्षीय आवधिक जलवायु उत्थानशील कृषि विकास योजना तयार गर्दाका सिमितता...... १२
परिच्छेद २: कृषि विकास रणनीति र योजनाका सम्भाहकहरु...... १३
२.१. दिगो विकास लक्ष्य...... १३
२.२. कृषि क्षेत्रमा जलवायु परिवर्तनको असर...... १५
२.३. मौजुदा संघिय तथा कर्णाली प्रदेश सरकारको आवधिक कृषि विकास रणनीति र योजना...... २०
२.४. खत्याड गाउँ पालिकाको आ.व. २०८२–८३ को कृषि क्षेत्रको विकास नीति तथा कार्यक्रम...... २६
२.५. गाउँपालिकाको कृषि विकासको प्रार्थमिकता...... ३०
२.६. पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना तयार गर्दा ख्याल गरिएका विषय वस्तुहरु...... ३१
परिच्छेद–३: वस्तुगत स्थिति...... ३२
३.१. खत्याड गाउँपालिकाको भौगोलिक स्थिति...... ३२
३.२. खत्याड गाउँपालिकाको कृषि क्षेत्रको वस्तुगत स्थिति...... ३३
परिच्छेद ४: रणनैतिक कृषि विकास योजना (२०८३/८४–२०८७/८८)...... ४८
४.१. दूरदृष्टि, लक्ष र उद्देश्यहरुः...... ४८
४.२. सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौति विश्लेषण (हद्धरू क्थकतक्ष्त्र)...... ४९
४.३. नीति तथा रणनीतिहरु...... ५१
*४.३.१. कृषि (वाली), पशुपन्छी र उद्यम विकासका लागि संयुक्त नीति तथा रणनीतिहरुः*...... ५२
*४.३.२. कृषि (वाली) संग सम्वन्धित रणनीति तथा कार्यनीतिहरुः*...... ५४

*४.३.३. पशुपन्छि तथा मत्स्य विकास संग सम्वन्धित रणनीति तथा कार्यनीतिहरुः......................६०*

*४.३.४. उद्यम विकास र गैह्रकाष्ठ बन पैदावर (थ्रूछ्र्स) संग सम्वन्धित रणनीति तथा कार्यनीतिहरुः... ६३*

४.४. संचालन गरिने मुख्य मुख्य कार्यक्रमहरु ............................................................ ६५

*४.४.१. योजना तर्जुमा गोष्ठीबाट पहिचान गरिएका कृषि विकास तर्फको कार्यक्रम/क्रियाकलापहरु...६५*

*४.४.२. योजना तर्जुमा गोष्ठीबाट पहिचान गरिएका पशु सेवा तर्फको कार्यक्रम र क्रियाकलाप हरुको विवरण.................................................................................................... ६७*

*४.४.३. योजना तर्जुमा गोष्ठीबाट पहिचान गरिएका उद्यम विकास तर्फको कार्यक्रम र क्रियाकलापहरुको विवरण...................................................................................७०*

परिच्छेद ५: संचालन गरिने कार्यक्रम, जिम्मेवारी, समय सिमा र लागत विश्लेषण.................................. ७२

५.१. आगामी ५ वर्षको कूल वजेट अनुमान सारांश......................................................... ७२

५.२. आगामी ५ वर्षको वार्षिक कूल वजेट अनुमान.......................................................७४

५.३. आगामी ५ वर्षमा वार्षिक रुपमा पालिकाले बिनियोजन गर्ने आशा गरिएको वजेट अनुमान.............. ७५

५.४. आगामी ५ वर्षमा वार्षिक रुपमा प्रदेश सरकारसंग मांग गरिने आशा गरिएको वजेट अनुमान........... ७५

५.५. आगामी ५ वर्षमा वार्षिक रुपमा संघीय सरकारसंग मांग गरिने आशा गरिएको वजेट अनुमान........... ७६

५.६. आगामी ५ वर्षमा वार्षिक रुपमा विकास साझेदार (दातृ निकाय) संग मांग (साझेदारी) गर्ने आशा गरिएको वजेट अनुमान ........................................................................................ ७७

५.७. आगामी ५ वर्षमा वार्षिक रुपमा निजि क्षेत्र (समूह/सहकारी समेत) बाट साझेदारी गर्ने आशा गरिएको वजेट अनुमान ........................................................................................ ७७

५.८. आगामी ५ वर्षमा वार्षिक रुपमा गैसस (ञ/थ्ज्द्ध) ले साझेदारी गर्ने आशा गरिएको वजेट अनुमान ..... ७८

परिच्छेदः ६ अनुगमन, मूल्यांकन र तथ्यांक प्रणाली............................................................. ९६

६.१. परिचय............................................................................................... ९६

६.२. निरिक्षण............................................................................................. ९६

६.३. अनुगमन ............................................................................................ ९७

६.४. मूल्यांकन............................................................................................९८

६.५. अनुगमन मूल्यांकनका औजारहरु ................................................................. १००

६.६. अनुगमन र मूल्याङ्कनका सूचक.................................................................. १००

६.७. उपलव्धि खाका (Result Framework)...........................................................१०३

अनुसूचीहरु .................................................................................................११३

## तालिकाहरुको सूचि

तालिका १: आगामी ५ वर्षको सबै श्रोत अनुसार, उपक्षेत्रगत र उद्देश्य अनुसारको वजेट अनुमान.......... ७३

तालिका २: कृषि क्षेत्र/उपक्षेत्रको ५ वर्षको वार्षिक कूल अनुमानित वजेट तालिका .......................७४

तालिका ३: पालिकाले मात्र व्यहोर्ने कृषि क्षेत्र/उपक्षेत्रको ५ वर्षको वार्षिक कूल अनुमानित वजेट .........७५

तालिका ४: प्रदेश सरकारसंग मांग गर्ने कृषि क्षेत्र/उपक्षेत्रको ५ वर्षको वार्षिक कूल अनुमानित वजेट..... ७६

तालिका ५: संघीय सरकारसंग मांग गर्ने कृषि क्षेत्र/उपक्षेत्रको ५ वर्षको वार्षिक कूल अनुमानित वजेट.... ७६

तालिका ६: विकास साझेदार (दातृ निकाय) संग मांग (साझेदारी) गरिने एवं आशा गरिएको कृषि क्षेत्र/उपक्षेत्रको ५ वर्षको वार्षिक कूल अनुमानित वजेट ...................................... ७७

तालिका ७: निजि क्षेत्र (समूह/सहकारी समेत) वाट साझेदारी गरिने एवं आशा गरिएको कृषि क्षेत्र/उपक्षेत्रको ५ वर्षको वार्षिक कूल अनुमानित वजेट ......................................७८

तालिका ८: गैसस (ञ/थ्ज्ढ) ले साझेदारी गर्ने आशा गरिएको कृषि क्षेत्र/उपक्षेत्रको ५ वर्षको वार्षिक कूल अनुमानित वजेट...............................................................७८

तालिका ९: आगामी ५ वर्षको कृषि विकास तर्फको सबै श्रोत अनुसार, उपक्षेत्रगत र उद्देश्य अनुसारको वजेट अनुमान...................................................................७९

तालिका १०: आगामी ५ वर्षको पशु विकास तर्फको सबै श्रोत अनुसार, उपक्षेत्रगत र उद्देश्य अनुसारको वजेट अनुमान.................................................................. ८४

तालिका ११: आगामी ५ वर्षको उद्यम विकास तर्फको सबै श्रोत अनुसार, उपक्षेत्रगत र उद्देश्य अनुसारको वजेट अनुमान......................................................... ९३

तालिका १२: निरीक्षण अनुगमन र मूल्यांकन बीच समानता र फरक .......................................९९

तालिका १३: नमूना सूचक निर्माण प्रक्रिया (एक उदाहरण)............................................... १०१

## चित्रहरुको सूचि

चित्र १: दिगो विकास लक्ष, रणनैतिक उद्देश्य, विषयगत केन्द्रविन्दु र नतिजा प्राप्तिका स्तम्भहरु............१४

चित्र २: गाउँपालिकाको कृषि विकासको प्राथमिकता.................................................... ३०

## अनुसूचिहरु

अनुसूचि १: प्रत्येक उद्देश्य हासिल गर्न संचालन गरेका कार्यक्रमहरुको प्रगति प्रतिवेदन नमूना फाराम.....११३

# परिच्छेद १: परिचय

## १.१. भूमिका

नेपालको संघीय गणतान्त्रिक संविधानले सबै नेपाली नागरिकलाई खाद्य अधिकार सुनिश्चित गरेको छ। दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत सन् २०३० सम्म विश्वभरबाट भोकमरी अन्त्य गर्ने, गरिबी न्यूनीकरण गर्ने, दिगो उत्पादन तथा उपभोग प्रणाली अपनाउने, र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने जस्ता कृषि-सम्बन्धित लक्ष्यहरू निर्धारण गरिएका छन्। यसै सन्दर्भमा, नेपाल सरकारले वि.सं. २०७७ भित्र मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने र पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर पार्ने प्रतिबद्धता जनाएको थियो, तर सो लक्ष्यहरू हालसम्म पूरा हुन सकेका छैनन्।

हाल मुलुकमा कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले २० वर्षीय कृषि विकास रणनीति कार्यान्वयनको चरणमा रहेको छ, जसका पहिलो १० वर्ष पूरा भइसकेका छन् र अहिले सो अवधिको समीक्षा कार्य अघि बढाइएको छ। सो रणनीति कार्यान्वयन गर्न राष्ट्रिय  कृषि आधुनिकीकरण परियोजना (NAMP) सम्पूर्ण जिल्लाहरूमा लागू गरिएको छ। साथै, नेपाल सरकारले आफ्नै स्रोत र वैदेशिक सहयोगमार्फत कृषि क्षेत्रमा विभिन्न योजना तथा परियोजनाहरू सञ्चालन गर्दै आएको छ। यी सबै पहलहरूले **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय सोचलाई मूर्त रूप दिन योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। विशेष गरी, उच्च मूल्यका कृषि वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि, खाद्य सुरक्षामा टेवा पुर्‍याउने, प्रशोधन र बजारिकरण प्रवर्द्धन, वातावरणमैत्री कृषि प्रणाली तथा जैविक खेतीको विकास, उपयुक्त कृषि प्रविधिको प्रयोग, र सामुदायिक तथा सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि जस्ता विषयहरू प्राथमिकतामा परेका छन्।

कर्णाली प्रदेश सरकारले पनि १५ वर्षीय प्रादेशिक कृषि विकास रणनीति यसै आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याएको छ, जसले प्रदेशभित्र सञ्चालन हुने कृषि कार्यक्रमहरूलाई रणनीतिक दिशानिर्देशन प्रदान गर्नेछ। स्थानीय तहको कृषि कार्यक्षेत्रमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ब्लक तथा पकेट कार्यक्रमको सहजीकरण, कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयन, कृषि तथा पशुपन्छी बीमासम्बन्धी कार्यक्रमहरू, सहुलियतपूर्ण कृषि ऋणको व्यवस्था, कृषि फार्म तथा केन्द्रहरूको विकास र व्यवस्थापन, कृषि तथा पशु रोग निदान प्रयोगशालाको व्यवस्थापन, कृषिजन्य वस्तु र

प्रविधिको गुणस्तर निर्धारण तथा प्रमाणीकरण, र सामूहिक खेती प्रणालीको विकास जस्ता महत्वपूर्ण कार्यहरू रहेका छन्।

नेपालको संघीय संविधानअनुसार कृषि सेवा स्थानीय सरकारको क्षेत्राधिकारमा पर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, भाग १, कार्यहरू १५ र १८ अनुसार स्थानीय तहले कृषि सेवा प्रवाह गर्न आवश्यक नीति, योजना, स्रोत व्यवस्थापन तथा मानव शंसाधन परिचालनमार्फत परिणाममुखी कृषि कार्यक्रम सञ्चालन गर्ने अधिकार पाएको छ। तर, धेरै स्थानीय तहहरूले कृषि विकास रणनीति तथा योजना तयार नगरेको हुँदा कृषि क्षेत्रको प्राथमिकता निर्धारण, स्रोतको उपयुक्त विनियोजन, र संघ तथा प्रदेश सरकार वा विकास साझेदारहरूसँग सहकार्यमा समस्या देखिएको छ।

अझै पनि अधिकांश पालिकाहरूले कृषि विकासलाई उच्च प्राथमिकतामा राखे पनि वार्षिक कार्यक्रम, बजेट विनियोजन र खर्चबीच समन्वय अभाव देखिन्छ। आवश्यक प्राविधिक कर्मचारीहरूको पदस्थापन हुन नसक्दा योजना, कार्यक्रम र बजेटले कृषि विकासलाई अपेक्षित रूपमा सम्बोधन गर्न सकेको छैन। यसै अवस्थालाई ध्यानमा राख्दै, जलवायु उत्थान्शील कृषि-खाद्य प्रणालीको लागि नविकरणीय उर्जा (RERAS) को प्राविधिक तथा आर्थिक सहयोगमा खत्याड गाउँपालिकाले पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना तयार गर्ने निर्णय गरी, वर्तमान कृषि परिप्रेक्ष्य, स्थानीय आवश्यकता र उपलब्ध स्रोतका आधारमा यो योजना तयार गरेको हो।

## १.२. रणनैतिक कृषि योजना तर्जुमा गर्नुको उद्देश्य

खत्याड गाउँपालिकाको **"पञ्चवर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना"** को उद्देश्य आन्तरिक स्रोत-साधनका साथै प्रदेश, संघ, विकास साझेदार, गैरसरकारी संस्था (गैसस) तथा निजी क्षेत्रसँगको सहकार्य र साझेदारीमा योजनाबद्ध रूपमा कृषि विकास कार्यक्रमको योजना निर्माण तथा कार्यान्वयन गरी समग्र गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्यमा योगदान पुऱ्याउनु हो।

## १.३. योजना तर्जुमामा अपनाइएका विधिहरु

प्रस्तावित पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना तयार गर्ने क्रममा निम्न विधिहरू अपनाइएको थियो:

### *१.३.१. सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन*

प्रस्तावित पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना तयार गर्ने क्रममा नेपाल सरकारको कृषि विकास रणनीति, संघीय सरकारको सोह्रौं योजना, कर्णाली प्रदेशको कृषि विकास रणनीति, सोही प्रदेशको प्रथम आवधिक योजना, तथा खत्याड गाउँपालिकाको आवधिक योजना (२०८०/८१—२०८५/८६) लगायत विभिन्न स्थानीय तह (नगर तथा गाउँपालिकाहरू) का आवधिक तथा क्षेत्रगत रणनीतिक योजनाहरू संकलन गरी अध्ययन गरिएको थियो। त्यस्तै, विभिन्न विकास साझेदार संस्था तथा कृषि क्षेत्रमा काम गर्ने स्वदेशी तथा विदेशी संघ-संस्थाहरूले तयार पारेका रणनीतिक कृषि विकास योजनाहरूको समेत समिक्षा गरिएको थियो।

यस अतिरिक्त, स्थानीय सरकार सञ्चालन ऐन, २०७४; नेपालको संविधान, २०७२; स्थानीय तहको मध्यकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित); स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांकेतिकरण स्रोत पुस्तिका, २०७९; स्थानीय तहको दिगो विकास लक्ष्य-मैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९; र विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्र (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन, २०७८ लगायतका महत्त्वपूर्ण नीति तथा मार्गदर्शन दस्तावेजहरूको समेत अध्ययन गरिएको थियो।

गाउँपालिकाको कृषि सम्बन्धी द्वितीय स्रोतका तथ्यांकका लागि नेपाल सरकार अन्तर्गत राष्ट्रिय तथ्यांक कार्यालयद्वारा प्रकाशित **राष्ट्रिय कृषि गणना, २०७८** र कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रकाशित आ.व. २०८०/८१ को **Statistical Information on Nepalese Agriculture** बाट आवश्यक जानकारी संकलन तथा उपयोग गरिएको थियो।

### *१.३.२. सरोकारवाल संस्थाका पदाधिकारीसँग परामर्श बैठक*

जलवायु उत्थानशील कृषि कार्यक्रम संचालन गरेका र गर्न लागेका संघ संस्थाका सम्बन्धित पदाधिकारीहरूसँग परामर्श बैठक आयोजना गरिएको थियो। बैठकहरुमा योजना तर्जुमा गर्न आवश्यक पर्ने प्राथमिक तथ्यांक संकलनका लागि आवश्यक फारमहरू, संकलन विधि, र जुम्ला, मुगु र बाजुरा जिल्लामा टड्कारो रुपमा देखिएका जलवायु परिवर्तनका असर तथा ती असरहरु न्यूनिकरण गर्न चालिएका प्रयासहरुको वारेमा छलफल भएको थियो । साथै, पञ्चवर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना तयार गर्दा समावेश गरिनुपर्ने विषयवस्तुहरू, गाउँ तथा

नगरपालिकाहरुका प्राथमिकता, उपलव्ध आर्थिक श्रोत, भौतिक श्रोत, पूर्वाधार, प्राकृतिक श्रोत, जलवायु तथा उपलब्ध मानब शंसाधन लगायत योजनाको उपलव्धि खाका र समाबेश गरिने सूचकहरूका विषयमा समेत विस्तृत छलफल गरिएको थियो ।

### *१.३.३. अभिमुखिकरण कार्यशाला गोष्ठी*

यस पन्चवर्षिय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना तर्जुमा कार्यको अभिमुखिकरण गोष्ठी संयुक्त रुपमा कर्णाली प्रदेशको राजधानी सुर्खेतमा मिति २०८२/०७/२१ देखि २०८२/०७/२२ मा आयोजना गरिएको थियो। उक्त गोष्ठीमा गाउँ तथा नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कृषि शाखा प्रमुख, महिला विकास शाखा प्रमुख लगायत, रिरास परियोजनाका राष्ट्रिय कार्यक्रम निर्देशक लगायत जिल्लामा कार्यरत कर्मचारीहरु, नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालयका योजना शाखा प्रमुख (सहसचिव), संघीय महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयका उपसचिव, परामर्शदाता पनि सहभागी हुनुहुन्थ्यो ।

गोष्ठीमा पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना के हो, किन आवश्यक छ, कसरी र कसले तयार गर्ने, कहिले तयार गर्ने, योजनाको खाका तथा तथ्यांक संकलन फरमेटको बारेमा प्रशिक्षण प्रदान गरिएको थियो। साथै, सहभागीहरूबाट सुझावहरू संकलन गरियो र जिज्ञासाहरूको जवाफ दिइयो।

उक्त गोष्ठीले तथ्यांक संकलन, जलवायु उत्थान्शील कृषि विकास योजना तयार गर्ने गोष्ठी, अनुमोदन गोष्ठी, र अन्तिम पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना गाउँपालिकामा पेश गर्ने कार्यतालिका समेत तयार गरेको थियो। साथै योजना तर्जुमा संयोजक र सम्पर्क व्यक्ति पनि तोकिएको थियो।

### *१.३.४. योजना तर्जुमा कार्यशाला गोष्ठी*

मिति २०८२/०८/०९ गतेका दिन यस खत्याड गाउँपालिकामा स्थानीयस्तरको पञ्चबर्षीय आवधिक जलवायु उत्थानशील कृषि विकास योजना तर्जुमा गोष्ठीको आयोजना गरिएको थियो । यस गोष्ठीमा जनप्रतिनिधिहरु सहित कृषि संग सम्वन्धित सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको थियो ।

गोष्ठीको पहिलो सेसनमा प्लेनरी सेसनबाट दिर्घकालीन सोंच/दूरदृष्टि, लक्ष, र कृषि तथा पशु विकास उपक्षेत्रका उद्देश्यहरु निर्धारण गरियो । सो सेसन पछि कृषि (वाली), बन, गैर काष्ठ

तथा उद्धम विकास  र पशु विकासको तीन वटा छुट्टाछुट्टै समूह बनाइ प्रत्येक उद्देश्य प्राप्तीका लागि विद्यमान समस्याहरु, समस्या समाधानका उपायहरु, र संचालन गरिनु पर्ने कार्यक्रमहरु (समस्या र समाधान विश्लेषण), सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौति विश्लेषण, रणनीति तथा कार्यनीति विश्लेषण र अन्तमा छानिएका कार्यक्रमहरुको लक्ष, वजेट, श्रोत, प्राथिमिकिकरण, कार्यान्वयन गर्ने मुख्य तथा सहयोगी निकाय सहितको विस्तृत कार्य योजना समूह कार्यबाट तयार गरिएको थियो ।

### *१.३.५. स्थानीयस्तरमा तथ्यांक संकलन*

सुर्खेत गोष्ठीवाट निर्णय भए बमोजिम गाउँपालिकाले प्राथमिक आधार तथ्यांक संकलन गर्ने जिम्मेवारी लिएको थियो I गाउँपालिकाले आफ्ना प्राविधिक कर्मचारी लगायत गणकहरु समेतको प्रयोग गरी तथ्यांक संकलन गर्ने कार्य मिति २०८२/०८/१० देखि २०८२/१०/०२ सम्ममा सम्पन्न गरेको थियो I

### *१.३.६. पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना लेखन तथा प्रतिवेदन*

यस खत्याड गाउँपालिकामा स्थानीय स्तरको रणनीतिक कृषि विकास योजना तर्जुमा गोष्ठीबाट प्राप्त समूहकार्यको प्रतिवेदन, स्थानीय स्तरमा संकलित कृषि सम्बन्धि तथ्यांक, राष्ट्रिय, प्रादेशिक, जिल्ला र स्थानीय स्तरका द्वितीयक श्रोतबाट संकलित तथ्यांक तथा सूचनाहरू, र यस कार्यमा संलग्न विज्ञहरूको अनुभवको आधारमा गाउँपालिकाको *पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजनाको* मस्यौदा तयार गरिएको थियो। उक्त मस्यौदा योजना आवश्यक राय सुझाव प्राप्त गर्न यस कार्यमा सहयोग गर्ने संस्था‘ RERAS परियोजना मार्फत गाउँपालिकामा प्रस्तुत गरियो।

गाउँपालिका र उक्त संस्थाबाट प्राप्त राय सुझावहरूलाई समावेश गरी परिमार्जित *पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजनाको* अन्तिम मस्यौदा RERAS परियोजना मार्फत गाउँपालिकामा पेश गरियो।

### *१.३.७. रणनैतिक कृषि विकास योजना अनुमोदन गोष्ठी*

यस खत्याड गाउँपालिकामा मिति २०८२/१२/२२ मा रणनीतिक कृषि विकास योजना अनुमोदन गोष्ठी आयोजना गरी उक्त रणनीतिक कृषि विकास योजनाको अन्तिम मस्यौदा प्रस्तुत गरिएको थियो। उक्त गोष्ठीमा प्राप्त सुझावहरूलाई समावेश गरी *पञ्चबर्षीय आवधिक जलवायु उत्थानशील कृषि विकास योजना*को अन्तिम प्रतिवेदन गाउँपालिकामा स्वीकृतिका लागि पेश गरिएको थियो।

### *१.३.८. पञ्चबर्षीय आवधिक जलवायु उत्थानशील कृषि विकास योजना पालिकाबाट स्वीकृत*ी

पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना अनुमोदन गोष्ठी पश्चात प्राप्त परिमार्जित योजना र अन्तिम प्रतिवेदन यस गाउँपालिकाबाट मिति २०८३/–./– मा कार्यान्वयनको लागि स्वीकृत गरियो।

## १.४. पञ्चबर्षीय आवधिक जलवायु उत्थानशील कृषि विकास योजना तयार गर्दाका सिमितता

आठवटा नगर/गाउँपालिकाहरूको पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना तयार गर्नका लागि केवल चार महिनाको समय थियो, जसले गर्दा समयमा कार्य सम्पन्न गर्नु चुनौतीपूर्ण रह्यो। साथै, गाउँपालिकाका जनप्रतिनिधिहरूको योजना तर्जुमा कार्यका लागि समय उपलब्धता र तालमेलको अभाव, साथै वडागत तथ्यांक संकलन र विश्लेषणमा समय लाग्ने भएकाले अग्रिम रूपमा तोकिएको मितिमा योजना तर्जुमा कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्न सकिएन । साथै सोहि अवधिमा प्राकृतिक जोखिम र संघिय  प्रतिनिधिसभाको निर्वाचन समेत परेकोले समग्रमा योजना निर्माणमा ढिलाइ भएको थियो।

# परिच्छेद २: कृषि विकास रणनीति र योजनाका सम्भाहकहरु

## २.१. दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत गरिबी न्यूनीकरण, खाद्य सुरक्षा, लैंगिक समता, जलवायु परिवर्तनको सामना, जमिनमा बसोबास गर्ने अधिकार, सुरक्षित कार्य वातावरण, र समावेशी आर्थिक विकास जस्ता मूलभूत संवाहककहरूलाई मार्गदर्शक सिद्धान्तको रूपमा लिई स्थानीय कृषि विकास रणनीति तथा योजना तयार गरिएको छ। कृषि विकाससँग सम्बन्धित दिगो विकास लक्ष्यहरूमा आधारित सूचकहरूको प्राप्तिका लागि रणनीतिक उद्देश्य, विषयगत केन्द्रविन्दुहरू, र अपेक्षित नतिजाहरूका स्तम्भहरू निम्न चित्र (चित्र नं १) मा स्पष्ट रूपमा व्याख्या गरिएको छ।

कृषि विकाससम्बन्धी दिगो विकास लक्ष्यका सूचकहरू प्राप्त गर्न रणनीतिक लक्ष्यहरू, विषयगत केन्द्रबिन्दुहरू तथा आशातीत नतिजाका मूल आधारहरू निम्न चित्रद्वारा स्पष्ट पारिएको छ। कृषि, पशुपंक्षी तथा मत्स्य विकाससँग सम्बन्धित दिगो विकास लक्ष्य अन्तर्गतका रणनीतिक उद्देश्यहरूलाई तीन समूहमा वर्गीकृत गरिएको छः

- **रणनीतिक उद्देश्य १ः** उत्पादन र उत्पादकत्व वृद्धि
- **रणनीतिक उद्देश्य २ः** कृषिको व्यवसायीकरण र बजार व्यवस्थापन
- **रणनीतिक उद्देश्य ३ः** दिगो वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकूलन

प्रत्येक रणनीतिक उद्देश्यका लागि विषयगत केन्द्रबिन्दुहरू चयन गरी त्यसबाट प्राप्त हुने अपेक्षित परिणाम सुनिश्चित गरिएको छ।

यस कृषि विकास रणनीतिमा तीनवटा क्षेत्रगत / विषयगत केन्द्रबिन्दुहरू निम्नानुसार रहेका छन्ः

१. **प्राकृतिक स्रोत तथा सेवा पहुँचः** कृषि, पशुपंक्षी तथा मत्स्य उत्पादनका लागि प्राकृतिक स्रोतमा पहुँच वृद्धि, कृषि प्रविधि, नवप्रवर्तन तथा सेवामा पहुँच विस्तार, समावेशी वित्तीय सेवामा पहुँच, खाद्य तथा पोषण सुरक्षामा सुधार, र कृषि उद्यमको विविधीकरणबाट रोजगारीका अवसर सृजना।

२. **ग्रामिण कृषि संरचना तथा पूर्वाधारः** ग्रामिण कृषि उत्पादक समूह, संघ, संस्था तथा उद्यम संरचना विस्तार, साथै ग्रामिण कृषि पूर्वाधारको अभिवृद्धि।

३. **दिगो वातावरण र विपद् व्यवस्थापनः** दिगो वातावरणीय व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापनमार्फत प्रवर्द्धनात्मक, परिष्कृत र क्षति न्यूनीकरणमुखी प्रणालीको विकास।

चित्र १: दिगो विकास लक्ष, रणनैतिक उद्देश्य, विषयगत केन्द्रविन्दु र नतिजा प्रासिका स्तम्भहरु



उल्लेखित विषयगत केन्द्रविन्दुहरूको प्रभावकारी कार्यान्वयन हुन सकेमा, पालिका तहमा कृषि, पशुपन्छी तथा मत्स्य विकाससम्बन्धी ऐन, नीति, नियम र संस्थागत संरचना सुदृढ भई कृषि विकासका लागि सुगम तथा सक्षम वातावरण तयार हुनेछ। यसले पालिका तहमा लगानीको वृद्धि, नीति निर्माण, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा गुणात्मक सुधार ल्याउनेछ, जसबाट अपेक्षित परिणामहरू प्राप्त हुने विश्वास गरिएको छ।

योजना कार्यान्वयन सँगसँगै कृषि ज्ञान, प्रविधि र नवप्रवर्तनको अभिवृद्धि, नीतिहरू बीचको समन्वय, वित्तीय स्रोतहरूको उपयोग र संस्थागत क्षमताको विस्तारका लागि आवश्यक औजारहरू स्थापित हुनेछन्। स्वचालित संस्थागत प्रणाली, सेवा प्रवाहमा गुणस्तरीय सुधार, र स्थानीय आवश्यकता आधारित सेवा प्रणालीको विकास हुने कुरालाई पालिकातहको कृषि विकासका नतिजा प्राप्तिका स्तम्भहरूका रूपमा स्थापित गरिएको छ।

यस पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजनाले विषयवस्तु समावेश, लक्ष्य निर्धारण, सशक्तिकरण, लैंगिक समानता, अनुसन्धान, सिकाइ, प्रसार र सहकार्यलाई प्रस्थान मार्गको रूपमा अवलम्बन गरेको छ।

## २.२. कृषि क्षेत्रमा जलवायु परिवर्तनको असर

जलवायु परिवर्तन २१औं शताब्दीका सबैभन्दा गम्भीर चुनौतीहरूमध्ये एकका रूपमा उभिएको छ, जसले. मानव जीवन र प्राकृतिक पारिस्थितिक प्रणालीका विभिन्न पक्षहरूमा गहिरो प्रभाव पारेको छ। जलवायु परिवर्तनबाट गम्भीर रूपमा प्रभावित हुने क्षेत्रमध्ये कृषि क्षेत्र प्रमुख हो ‘ जुन विश्वव्यापी खाद्य सुरक्षा, अर्थतन्त्र र जीविकोपार्जनको आधारशिला हो। कृषि क्षेत्रले हरितगृह ग्यास उत्सर्जनमा योगदान मात्र गर्दैन, बदलिंदो जलवायु ढाँचाबाट गम्भीर जोखिमहरू पनि भोगिरहेको छ। जलवायु परिवर्तनले कृषिमा पार्ने बहुआयामिक प्रभावहरू पार्दछ जस्तैः बाली उत्पादन, पशुपालन, माटोको स्वास्थ्य, जलस्रोत, तथा विश्वव्यापी सामाजिक-आर्थिक अवस्थाहरूमा पर्ने असरहरूको अध्ययन गरिएको छ।

### परिवर्तित जलवायु ढाँचा र कृषि उत्पादकत्व

कृषि स्वभावतः तापक्रम, वर्षा र मौसमी चक्रजस्ता जलवायुसम्बन्धी अवस्थाहरूमा निर्भर रहन्छ। यी तत्वहरूमा आएको परिवर्तनले उल्लेखनीय अवरोधहरू सिर्जना गरेको छ।

**तापक्रम वृद्धि** विश्वव्यापी तापक्रम बढ्नुले बोटबिरुवाको वृद्धि र उत्पादकत्वलाई विभिन्न तरिकाले प्रभावित गर्छ। केही क्षेत्रहरूले न्यानो मौसमका कारण लामो खेती मौसम अनुभव गर्न सक्ने भए पनि अत्यधिक गर्मीका घटनाहरूले फूल लाग्ने र दाना भरिने जस्ता महत्वपूर्ण वृद्धि चरणहरूमा तापीय तनाव सिर्जना गरी बाली उत्पादन घटाउन सक्छ।

उदाहरणका लागि, गहुँ, मकै र धानजस्ता प्रमुख अन्नबालीहरू तापक्रम वृद्धिप्रति विशेष संवेदनशील हुन्छन्। अध्ययनहरूले देखाउँछन् कि तापक्रममा प्रत्येक १ डिग्री सेल्सियस वृद्धि हुँदा क्षेत्र र बालीको प्रकारअनुसार उत्पादन करिब ५—१०% सम्म घट्न सक्छ। तापीय तनावले बोटबिरुवाको परिपक्वता प्रक्रिया छिटो गराउँछ, जसले प्रकाश संश्लेषणका लागि आवश्यक समय घटाउँछ र अन्ततः दानाको गुणस्तर र परिमाण दुवैमा कमी ल्याउँछ।

**परिवर्तित वर्षा ढाँचाः** जलवायु परिवर्तनले विश्वभर वर्षाको ढाँचामा परिवर्तन ल्याइरहेको छ। केही क्षेत्रमा अत्यधिक वर्षा भई बाढी र खेतमा पानी जम्ने समस्या देखिन्छ भने अन्य क्षेत्रमा खडेरी र पानीको अभाव हुन्छ। यी दुवै चरम अवस्थाहरूले कृषि उत्पादकतालाई हानी पुऱ्याउँछन्।

अनिश्चित वर्षाले रोपाइँको तालिका र सिँचाइ आवश्यकतालाई जटिल बनाउँछ। लामो खडेरीले बाली वृद्धि गर्न आवश्यक माटोको चिस्यान घटाउँछ र सिँचाइ प्रणालीलाई समर्थन गर्ने नदी प्रवाह कम गर्छ। यसको विपरीत, अत्यधिक वर्षाले माथिल्लो माटो बगाएर लैजान सक्छ, बीउ वा मल बगाउन सक्छ, र बोटबिरुवामा रोग लाग्ने सम्भावना बढाउँछ।

**चरम मौसमीय घटनाहरूको बढ्दो आवृत्तिः** जलवायु परिवर्तनका कारण विश्वका धेरै भागहरूमा आँधी, चक्रवात, असिना, तुषारो जस्ता चरम मौसमीय घटनाहरूको आवृत्ति र तीव्रता बढेको छ। यस्ता घटनाहरूले बाली र पशुपालन संरचनामा प्रत्यक्ष भौतिक क्षति पुऱ्याउँछन्, जसका कारण किसानहरूले गम्भीर आर्थिक क्षति बेहोर्नु पर्छ।

**पशुपालन उत्पादनमा पर्ने प्रभावहरूः** जलवायु परिवर्तनका प्रभावहरू बालीमा मात्र सीमित छैनन्; यसले विश्व कृषि प्रणालीको महत्वपूर्ण अङ्ग रहेको पशुपालनलाई पनि गहिरो असर पुऱ्याउँछः

- **तापीय तनावः** उच्च तापक्रममा बस्ने जनावरहरूले कम दाना खाने, ढिलो वृद्धि हुने, प्रजनन क्षमता घट्ने र मृत्यु दर बढ्ने जस्ता समस्या भोग्छन्। तापीय तनावले रोगप्रतिरोधात्मक क्षमता कमजोर बनाउँछ, जसले पशुधनलाई रोगप्रति अझ संवेदनशील बनाउँछ।
- **पानीको उपलब्धताः** खडेरी अवस्थाले पिउनका लागि आवश्यक पानी तथा सरसफाइ मापदण्ड कायम राख्न आवश्यक पानीको पहुँच सीमित गर्छ।

- **दाना बाली उत्पादनः** घाँस तथा चारा बालीको उत्पादन घट्दा पशु आहारको अभाव हुन्छ, जसका कारण किसानहरू महँगो विकल्पमा निर्भर हुन बाध्य हुन्छन् वा पशुधन संख्या घटाउनुपर्छ।

**माटो स्वास्थ्यको अवनतिः** माटो कृषि सफलताको आधार हो, तर जलवायु परिवर्तनका कारण यो गम्भीर जोखिममा परेको छः

- **माटो कटानः** भारी वर्षाले पोषक तत्वयुक्त माथिल्लो माटो बगाएर लैजान सक्छ, जुन बाली वृद्धिका  लागि अत्यावश्यक हुन्छ।
  **जैविक पदार्थको ह्रासः** उच्च तापक्रमले जैविक पदार्थ विघटनको दर बढाउँछ, जसले माटोको जैविक कार्बन घटाउँछ।
  **लवणीयता वृद्धिः** समुद्री सतह बढ्दा तटीय कृषि भूमिमा नुनिलो पानीको प्रवेश बढ्छ, जसले माटोको उर्वराशक्ति घटाउँछ।
  **पोषक तत्व असन्तुलनः** चिस्यान ढाँचामा परिवर्तन हुँदा सूक्ष्मजीवहरूको गतिविधि प्रभावित भई पोषक तत्व चक्रण प्रक्रियामा अवरोध आउँछ।

माटो स्वास्थ्यको अवनतिले जमिनको उत्पादकता घटाउँछ र वातावरणीय तनावप्रति यसको सहनशीलता कम बनाउँछ।

**जलस्रोतसम्बन्धी चुनौतीहरूः** विश्वभरको कुल ताजा पानी उपभोगको करिब ७०% कृषि क्षेत्रमा प्रयोग हुन्छ। जलवायु परिवर्तनले पानीको उपलब्धतामा निम्न तरिकाले अवरोध सिर्जना गर्छः

- **हिमनदी पग्लनुः** हिमनदीहरू पग्लँदा सुख्खा मौसममा सिँचाइका लागि आवश्यक नदी प्रवाह घट्छ।
- **वर्षा समयको परिवर्तनः** मौसमी वर्षा ढाँचामा आएको परिवर्तनले जलस्रोत व्यवस्थापन जटिल बनाउँछ।
- **वाष्पोत्सर्जन वृद्धिः** उच्च तापक्रमले माटो र जलाशयबाट हुने वाष्पीकरण दर बढाउँछ।
- यी सबै कारणहरूको संयोजनले कृषि, औद्योगिक तथा घरेलु प्रयोगकर्ताबीच पानीको प्रतिस्पर्धा अझ तीव्र बनाउँछ।

**सामाजिक-आर्थिक प्रभावहरुः** कृषि उत्पादकतामा पर्ने प्रत्यक्ष असरहरू व्यापक सामाजिक—आर्थिक समस्यामा परिणत हुन्छन्।

**खाद्य सुरक्षामा जोखिमः** बाली उत्पादन घट्दा विश्वव्यापी खाद्य उपलब्धतामा खतरा उत्पन्न हुन्छ। यो जोखिम विशेषगरी विकासोन्मुख देशहरूमा बढी गम्भीर हुन्छ, जहाँ कृषि नै खाद्य आपूर्ति प्रणाली र रोजगारीको मुख्य आधार हो।

**जीविकोपार्जनको असुरक्षाः** वर्षामा आधारित खेती गर्ने साना किसानहरू सिँचाइ वा बाली विविधीकरण जस्ता अनुकूलन उपायहरू अपनाउन सीमित स्रोतका कारण झन् असुरक्षित अवस्थामा पर्छन्।

**मूल्य अस्थिरताः** जलवायु परिवर्तनका कारण आपूर्ति प्रणालीमा आउने धक्काले खाद्य मूल्यमा अस्थिरता ल्याउँछ, जसको असर विशेषगरी न्यून आय भएका उपभोक्ताहरूमा बढी पर्छ।

**बसाइँसराइ र द्वन्द्वः** कृषि अवस्थाको बिग्रँदो स्थितिसँग जोडिएको स्रोत अभावले ग्रामीण क्षेत्रबाट बसाइँसराइ बढाउन सक्छ र जमिन तथा पानीको विषयमा सामाजिक तनाव वा द्वन्द्व चर्किन सक्छ।

## कृषिमा अनुकूलन रणनीतिहरू

जलवायु परिवर्तनका प्रभावहरू सामना गर्न नीति निर्माता, अनुसन्धानकर्ता, किसान तथा अन्य सरोकारवालाबीच सहकार्य आवश्यक हुन्छ। प्रमुख अनुकूलन उपायहरू निम्नानुसार रहेकाछन्ः

**बाली विविधीकरण र सहनशील जातहरूः** खडेरी सहन सक्ने, ताप सहन सक्ने र कीट प्रतिरोधी जातहरूको विकास तथा प्रयोगले नकारात्मक असर कम गर्न मद्दत गर्छ। बाली विविधीकरणले विभिन्न जलवायु संवेदनशीलता भएका प्रजातिहरूबीच जोखिम बाँडफाँट गर्छ।

**सुधारित जल व्यवस्थापनः** वर्षा पानी संकलन, सटीक सिँचाइ (जस्तै ड्रिप सिँचाइ), माटो चिस्यान संरक्षण (मल्चिङ), र प्रभावकारी निकास प्रणालीले पानी प्रयोग दक्षता बढाउँछन्।

**कृषिवन प्रणाली (एग्रोफरेस्ट्री)ः** खेती प्रणालीभित्र रुखहरू समावेश गर्दा सूक्ष्म जलवायु सन्तुलनमा सहयोग पुग्छ, पात झरेर माटो उर्वराशक्ति बढ्छ, पानी संरक्षण हुन्छ, माटो कटान घट्छ, फलफूल वा काठबाट अतिरिक्त आम्दानी मिल्छ र जैविक विविधता संरक्षण हुन्छ।

**माटो संरक्षण उपायहरूः** कन्टुर खेती, आवरण बाली, कम जोताइ, र जैविक मल प्रयोगले माटो संरचना जोगाउँछ, कटान रोक्छ, जैविक पदार्थ बढाउँछ र पोषक तत्व चक्रण सुधार गर्छ।

**पूर्वचेतावनी प्रणाली र जोखिम व्यवस्थापनः** मौसम अनुगमन र सुलभ सूचना प्रणालीमार्फत किसानहरूले रोपाइँ समय मिलाउने वा चरम मौसमका लागि तयारी गर्ने जस्ता सूचित निर्णय लिन सक्छन्।

**नीतिगत सहयोग र वित्तीय संयन्त्रहरूः** जलवायुमैत्री प्रविधिमा अनुसन्धान लगानी, किसानलाई तालिम दिने विस्तार सेवा, र जलवायु जोखिमविरुद्ध सुरक्षा दिने बीमा योजनाहरू प्रभावकारी अनुकूलनका आधारस्तम्भ हुन्।

### कृषिभित्र न्यूनीकरण प्रयासहरू

अनुकूलनका साथै कृषिले आफ्नै हरितगृह ग्यास उत्सर्जन पनि घटाउनुपर्छः

- धानखेतबाट मिथेन उत्सर्जन घटाउन वैकल्पिक भिजाउने—सुकाउने प्रविधि अपनाउने।
- गोबर व्यवस्थापन सुधार गरी नाइट्रस अक्साइड उत्सर्जन कम गर्ने।
- माटोमा कार्बन सञ्चय बढाउने दिगो बाली व्यवस्थापन प्रवर्द्धन गर्ने।
- बाली र पशुपालनलाई प्रभावकारी रूपमा समेट्ने एकीकृत खेती प्रणाली अपनाउने।

यस्ता अभ्यासहरूले उत्पादनशीलता दिगो रूपमा बढाउँदै कृषि क्षेत्रको वातावरणीय प्रभाव कम गर्न मद्दत गर्छन्।

यिनै विषयहरुको विश्लेषण गर्दा जलवायु परिवर्तनले खेतीका लागि आवश्यक वातावरणीय अवस्थाहरू परिवर्तन गरी बाली, पशुधन, माटो र जलस्रोतमा गम्भीर असर पार्दै विश्वव्यापी खाद्य सुरक्षा र ग्रामीण जीविकोपार्जनमा चुनौती सिर्जना गरेको छ। क्षेत्रीय जलवायु र कृषि प्रणालीको संवेदनशीलताअनुसार प्रभाव फरक—फरक भए पनि, भविष्यको खाद्य आवश्यकताहरू पूरा गर्न सक्षम, लचिलो कृषि प्रणाली निर्माणका लागि सक्रिय अनुकूलन र न्यूनीकरण दुवै अत्यावश्यक छन्। तिनै तहका सरकार, वैज्ञानिक, किसान र अन्तर्राष्ट्रिय संस्थाबीचको बहुआयामिक सहकार्य नै अनिश्चित जलवायु भविष्यबाट कृषिलाई जोगाउँदै दिगो विकास लक्ष्य हासिल गर्ने प्रमुख आधार हुनेछ।

## २.३. मौजुदा संघिय तथा कर्णाली प्रदेश सरकारको आवधिक कृषि विकास रणनीति र योजना

### संघीय मुख्य सवाल तथा चुनौती

#### कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता वृद्धि

कृषिको उत्पादन र उत्पादकत्व बढाउन उत्पादनका साधन, कृषि पूर्वाधार (सडक, ऊर्जा, सिंचाई आदि) तथा प्रविधि र सामग्रीको सहज उपलब्धता सुनिश्चित गरी प्रभावकारी परिचालन गर्नु, खेती योग्य तथा बाँझो जमिनको अधिकतम उपयोग गर्नु, कृषि भूमिको खण्डिकरण तथा गैरकृषिमा प्रयोग न्यूनिकरण गर्नु, जलवायु अनुकूलन कृषि प्रणाली गरी उत्थानशील उत्पादन प्रणाली स्थापित गर्नु, प्राकृतिक प्रकोप एवं वन्यजन्तुको बढ्दो अतिक्रमणबाट कृषि उत्पादनको संरक्षण गर्नु, कृषि उपजको ढुवानी, भण्डारण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक यातायात सेवा, संकलन केन्द्र, चिस्यान केन्द्र, गोदाम घर र प्रशोधन केन्द्रको विस्तार गर्नु, कृषि क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका लागि आवश्यक स्रोत, प्रविधि र जनशक्तिको पर्याप्तता सुनिश्चित गर्नु, कृषि उपजको लागि तोकिने न्यूनतम समर्थन मूल्य कार्यान्वयनलाई प्रभावकारी बनाउनु, कृषिमा दक्ष तथा शिक्षित युवाको आकर्षण वृद्धि गर्नु, कृषि उत्पादन लागत घटाई यसलाई प्रतिस्पर्धी र तुलनात्मक लाभको क्षेत्र बनाउनु, अनुदान तथा सहुलियतलाई उत्पादनमा आधारित बनाएर कृषिमा सहज कर्जा र बीमा सुविधाको सुनिश्चितता गर्नु।

### संघीय सरकारको रुपान्तरणकारी कृषि रणनीति

कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता वृद्धि गर्ने, तिनै तहका सरकारहरूको समन्वयमा भूमिको व्यवहारिक वर्गीकरण गरी कृषि योग्य भूमिको संरक्षण गर्ने तथा बाँझो जमिनको उपयोग गर्ने, भूमि खण्डिकरण न्यूनिकरण र बृहत् उत्पादन क्षेत्र निर्माण गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, विशिष्टीकृत उत्पादन क्षेत्रको पहिचान गर्दै कृषि क्षेत्रमा पूर्वाधार विकास, यान्त्रीकरण, विविधिकरण र व्यवसायीकरण अभिवृद्धि गर्ने, व्यवस्थित तथा आधुनिक ढुवानी, भण्डारण तथा प्रशोधन सेवाको सुनिश्चितता गरी कृषि उपजको मूल्य अभिवृद्धि र बजारीकरण गर्ने, कृषि, पशु तथा मत्स्यजन्य पदार्थहरूको उत्पादन र उत्पादकत्व गर्न आवश्यक सतह, भूमिगत र लिफ्ट सिंचाईको निर्माण, विकास र स्तरोन्नति

### खाद्य प्रणाली रूपान्तरण एवं आधारभूत खाद्य बस्तुहरूमा आत्मनिर्भर अभिवृद्धि गर्ने

खाद्य सुरक्षालाई राष्ट्रिय सुरक्षाको आधारको रूपमा आत्मासाथ गर्दै मौजुदा खाद्य प्रणालीलाई रूपान्तरण गरी दिगो, समतामूलक र उत्थानशील बनाउने, खाद्यान्न न्यून हुने दुर्गम क्षेत्रहरूमा कृषि उत्पादनका पकेट कार्यक्रम ल्याउने तथा विपन्न घरपरिवारलाई सहुलियत दरमा नियमित रूपमा गुणस्तरीय खाद्यान्न आपूर्ति गर्ने, अन्नवाली, तरकारी तथा फलफूल लगायतका खाद्यान्नहरूको संकलन पश्चातको क्षति न्यूनिकरण र खाद्यान्नको गुणस्तर कायम गर्नका लागि सुरक्षित भण्डारण तथा आपूर्ति व्यवस्था गर्ने, स्थानीय तहको

समन्वयमा खाद्य आनुवंशिकी परिस्कृत गर्ने र विभिन्न जातजाति समुदाय तथा क्षेत्रका परम्परागत र स्थानीय खाद्य संस्कारको आदानप्रदानमार्फत खाद्य विविधताको संरक्षण गर्दै खाद्य विविधिकरण गर्ने।

कृषि तथा पशुपन्छी क्षेत्रमा लगानी वृद्धि, पूर्वाधार, कृषि सामग्री र उच्चतम प्रविधिको समयमानै सुनिश्चित गरी आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरणमार्फत आधारभूत खाद्य वस्तुहरूमा आत्मनिर्भरता अभिवृद्धि गर्ने।

**बिद्युत उत्पादन, उपयोग र व्यापार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नेः**

जलबिद्युत उत्पादन वृद्धि गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न जलबिद्युतमा लगानी सहजीकरणका लागि एकद्वार प्रणाली अवलम्बन गर्ने, उर्जा क्षेत्रमा सहुलियतको व्यवस्था गर्ने, वातावरणीय अध्ययन र जग्गा प्राप्तिलाई सहजीकरण तथा प्रक्रियागत सरलीकरण गर्ने; गैरआवासीय नेपालीको लगानी आकर्षण गर्ने; स्वतन्त्र उर्जा उत्पादकहरूको सशक्तीकरण गर्ने, आन्तरिक मागको सिर्जना गर्ने; विद्युतीय सामग्रीको प्रयोगमा अनुदान र सहुलियतको व्यवस्था गर्ने; प्रसारण र वितरण प्रणालीको स्तरोन्नति गर्ने; सार्वजनिक र निजी लगानीको सुरक्षा प्रत्याभूति गर्ने।

त्यसै गरी सौर्य र वायु उर्जा जस्ता नवीकरणीय उर्जा प्रोत्साहन गर्ने, उर्जा व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउन कानूनी प्रवन्ध गर्ने, जलबिद्युत क्षेत्रमा जलाशययुक्त र बहुउदेशीय आयोजनाको निर्माण गर्ने, औद्योगिक कोरिडोर विकास र विस्तारको लागि विद्युत सेवा नियमित र गुणस्तरीय बनाउने।

त्यस्तै गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सतह, भूमिगत साना तथा माझेउला जलाशय र लिफ्ट सिंचाई प्रणालीको निर्माण, विस्तार र स्तरोन्नति तथा यसको लागि आवश्यक विद्युत प्रसारण लाइनको विस्तार गर्ने। पानीको बहुउपयोगलाई पनि प्राथमिकतामा राखिएको छ।

**प्रमुख कार्यक्रमहरुः**

**भूमिको सदुपयोग मार्फत कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रम**

सबै स्थानीय तहको भूमिको वर्गीकरण तथा भू उपयोग योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन, भूमिको पुनः नाप नक्सा; भुमी बैंक, भुमी बजारको अबधारणालाई कार्यान्वयणमा लैजान आवश्यक कानूनी एवम् संथागत व्यवस्था, प्रत्येक स्थानीय तहमा भुमी सूचना केन्द्र स्थापना गर्ने । कृषियोग्य भुमीको उपलब्धताको आधारमा स्थानीय तहहरुलाई उत्पादन बढाउन विशेष सहुलियत प्रदान गर्ने; जैविक तथा प्रांगारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्ने; माटोको नियमित परिक्षणका आधारमा माटोको गुणस्तर सुधार कार्यक्रम संचालन गर्ने; प्रयोगमा नआएका सरकारी स्वामित्वको जमिन कृषि तथा अन्य उत्पादनशील क्षेत्रमा उपयोग गर्ने, सहकारी तथा सामुहिक खेतीको साथै बगर खेति प्रवर्द्धन तथा विस्तार, जैविक कृषि उत्पादनमा जोड दिने ।

**कृषि क्षेत्रमा आकर्षण अभिवृद्धि कार्यक्रमः** स्थानीय तहमा सार्वजनिक- निजि -सहकारी सहकार्य मार्फत कृषिजन्य पूर्वाधार विकास, विस्तार तथा सञ्चालन; उन्नत जातका नश्ल, बीउ विजन, मलखादको उपलव्धताको सुनिश्चितता, उद्धमी लाइ दिइने सेवा सुविधाको सुनिश्चितता, विभिन्न सरोकारवाला निकायहरु मार्फत कृषिजन्य सामग्री, यन्त्र, उपकरण, प्रविधि तथा ज्ञान सीपमा कृषकको पहुँच स्थापना गर्ने । कृषि अनुसन्धान सम्बन्धि निकायहरुको सबलीकरण गर्ने; कृषि अनुसन्धान, शिक्षा र प्रसार बीच अन्तर आवद्धता कायम गर्न संयन्त्र निर्माण; क्यालेण्डर तयार गरी निर्धारित गरिएको मिति भित्र आधारभूत कृषि उपजको न्युनतम समर्थन मूल्य तोकी उत्पादित वस्तु खरिदको सुनिश्चितता, वजारमा कृषि उपजको मूल्य स्थिरिकरण गर्ने कार्यमा सघाउ पुर्याउन कृषि उपजको खरिद, भण्डारण, गुणस्तर अनुगमन, ब्रान्डीङ तथा निर्यातका लागी निजि क्षेत्र संगको सहकार्य कानून तर्जुमा गरी करार खेती तथा चक्लाबन्दीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने । उत्पादनमा आधार्रित अनुदान प्रणालीको संस्थागत विकास, वजारमुखी उत्पादन प्रणाली विकास गरी उत्पादनलाई बजारसँग आवद्धता गर्ने; स्वदेशी उत्पादनमा आधारित डीपार्टमेन्टल स्टोरहरू सञ्चालन गर्ने; कृषि उपज बजारीकरण र लागत न्यूनीकरणमा जोड दिने; स्थानीय हाटबजार प्रवर्द्धन, कृषिमा अनुदानको साथै कर्जा तथा बैंक र बीमामा प्रक्रियाको सरलीकरण गरी कृषकहरुको पहँचु अभिवृद्धि गर्ने ।

सीप तथा शैक्षिक प्रमाणपत्र र आयोजनाका आधारमा बीउ पुंजी तथा कर्जा दिने व्यवस्था गर्ने; जलवायुमैत्री कृषि प्रणाली अवलम्वन गर्ने, महिलामैत्री तथा युवा लक्षित् कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन गर्ने, कृषिक नविनतम प्रविधिको प्रवर्द्धन मार्फत कृषि उद्धम तथा रोजगारी सिर्जना द्वारा कृषि क्षेत्रमा आकर्षण वृद्धि गर्ने; कृषकलाई सहुलियत दरमा विधुतीय सुविधा प्रदान, कृषि सेवा प्रवाहका लागि स्थानीय तहमा न्युनतम आवस्यकता सहितको संरचना, पूर्वाधार तथा प्राविधिक जनशक्ति व्यवस्था गर्ने ।

## सहकारी क्षेत्रको सुदृढीकरण गर्ने

सहकारी क्षेत्रको स्रोत, साधन र पुँजीलाई वित्तीय मध्यस्थताभन्दा उत्पादनशील क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने, बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूलाई स्वनियमन र सुशासन प्रवर्द्धनमा कडाइ गर्ने, सहकारीको वित्तीय कारोबारको जोखिम न्यूनिकरण गर्ने कर्जा सूचना केन्द्र, बचत तथा ऋण सुरक्षा कोष, स्थिरीकरण कोषको स्थापना तथा सञ्चालन गरी नागरिकले माग गरेको अवस्थामा तत्काल उपलब्ध गराउने व्यवस्थालाई अनिवार्य गराउने।

सहकारी संस्थाहरूको आन्तरिक लेखा प्रणाली एवं तथ्यांक संकलन र विश्लेषणलाई पारदर्शी र प्रभावकारी बनाउन सहकारी सम्बन्धी सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने, नियम तथा अनुगमनको निमित्त दोस्रो तहको नियामक निकाय स्थापना गर्ने।

## कर्णाली प्रादेशिक कृषि विकास रणनीति

कर्णाली प्रदेशको अवस्था, नीतिगत व्यवस्था, दिर्घकालिन सोच र प्रदेशको सम्भावनाहरुलाई मध्यनजर गरेर कर्णाली प्रदेश सरकारले **कृषि विकास रणनीति-२०८१** तयार गरेको छ । प्रदेशको भौगोलिक

परिवेशले उपलव्ध गराएको अवसरलाई अधिकतम् उपयोग गरी कर्णाली प्रदेशको समृद्धि मार्फत समृद्ध र समुन्नत नेपाल बनाउन र प्रदेशलाई खाद्य सम्प्रभुता तुल्याउने उद्देश्यले कर्णाली प्रदेश सरकारले यस रणनीतिलाई मार्ग निर्देशनको रूपमा लिएर कार्यक्रम अघि बढाउने लक्ष रणनीतिको छ ।

प्रदेशको विकासको स्तर र प्रदेशभर कृषि–पर्यावरणीय विबिधतालाई ध्यानमा राखी प्रादेशिक कृषि बिकास रणनिती तयार गर्ने योजना अनुरुप कर्णाली प्रदेशमा पनि कृषि विकास रणनीति तयार गरिएको छ दिगो बिकास लक्ष, कृषि बिकास रणनीति एबं राष्ट्रिय कृषि नीतिलाई मध्य नजर गर्दै सार्बजनिक, निजि तथा सहकारी साझेदारीमा भूमिको दिगो व्यवस्थापन, कृषिको आधुनिकीकरण, यान्त्रिकरण, व्यवसायीकरण तथा औद्योगिकिकरण गरी खाद्य सुरक्षित प्रदेश बनाउन पर्ने आवश्यकतालाई सम्बोधन गर्ने प्रयास गरेको छ ।

त्यसैगरी रणनीतिले रोजगारी सृजना, गरिबी निवारण र समग्र कृषि अर्थतन्त्रलाई थप सवल बनाउँदै प्रदेशको दिगो सामाजिक, आर्थिक समृद्धिको आधारशिला तयार गर्न यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर कार्य गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नुपर्छ भन्ने सोच राखेको छ । हालैका वर्षहरूमा, कृषि क्षेत्रले जलवायु परिवर्तनका असर जस्ता नयाँ चुनौतीहरू सामना गरिरहेको छ अवस्थामा जलवायु परिवर्तनअनुसार खेती प्रणालीमा सुधार ल्याउन, अनुकूलन र उत्थानशील अभ्यासहरू प्रवर्द्धन गर्न तथा किसानहरूको सीप र क्षमतामा वृद्धि गर्नका लागि यस रणनीतिले प्राथमिकता दिएको छ भने नेपालको संविधान, २०७२ ले अंगीकार गरेको नयाँ संघीय शासन प्रणालीअनुसार देशमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरूको व्यवस्था र शासन प्रणालीअनुसार सम्बन्धित सरकारहरूले आ–आफ्नो तहमा विकास योजनाहरू समन्वयात्मक रुपले संचालन गर्ने भनेको छ ।

**कृषि विकास रणनीतिका मूल आधारहरु**

यस रणनीतिले "**मूल्यवान मार्गः सबैका लागि, सँधैका लागि**" भन्ने मुख्य नाराका साथ चार वटा उपलब्धी क्षेत्रहरुलाई प्रदेशको कृषि क्षेत्रको रुपान्तरण गर्ने आधारको रुपमा लिएको छ । जसमा कृषि क्षेत्रलाई मूल्यवान, व्यावसायिक, नाफामूलक, जलवायु उत्थानशील र दिगो कृषि उत्पादन प्रणालीमा रूपान्तरण मार्फत प्रदेश सरकारको "**समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**" को मूल उद्देश्यमा टेवा पुरयाइनेछ । कर्णाली प्रदेशको विशेष सम्पदाका रूपमा रहेका कृषि जैविक विविधता, जल, जमिन र जङ्गलको संरक्षण र उपयोग गर्न एकीकृत, सहभागीमूलक प्रयास गरी प्रदेशको दिगो खाद्य सुरक्षा सुनिश्चित गर्ने, समग्र कृषि क्षेत्रको रूपान्तरणका लागि युवा तथा महिला केन्द्रित सार्वजनिक, निजी र सहकारी क्षेत्र बीच साझेदारी विकास गर्ने र संघ, स्थानीय तहसँग समन्वयमा गुणस्तरीय उत्पादन सामग्री, प्रविधि र प्राविधिक सेवा सर्वसुलभ र सुनिश्चित गर्दै मूल्य शृङ्खला सञ्जाललाई सशक्तिकरण गर्ने नै मूल आधार रहेका छन् । त्यसै गरी कृषि क्षेत्रमा सुशासन कायम गर्दै उच्च उत्पादकत्व र नाफामूलक व्यावसायिकरणमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मकता बढाएर ६ वटा मुख्य प्रभावहरु उपलब्धी, सिद्धान्त, प्रभाव, कृषि उत्पादन साधनको उत्पादकत्व वृद्धि, नीति र कानूनी वातावरण र वैज्ञानिक नवप्रवर्तन र ज्ञानको आधार हासिल गर्नु नै रणनीतिको आधार रहेको रणनीतिमा उल्लेख छ ।

**रणनीतिको परिकल्पना**

वैज्ञानिक भू–व्यवस्थापन र सहकारी विकासका माध्यमबाट तुलनात्मक लाभसहितको जलवायु–उत्थानशील कृषि प्रणालीद्वारा दिगो उत्पादनमा वृद्धि, आयआर्जन, र रोजगारी सिर्जना गर्दै आत्मनिर्भर, व्यावसायिक,

प्रतिस्पर्धी, समावेशी, र मर्यादित कृषि पेशाको अवलम्बनमार्फत कृषिक्षेत्रको व्यापार सन्तुलनसहित खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गर्दै हरित अर्थतन्त्रमा आधारित समृद्ध कर्णाली र सुखारी कर्णालीवासी निर्माण गर्ने रणनीतिको परिकल्पना छ । परिकल्पनाको मुख्य तत्वहरूमा जलवायु उत्थानशील कृषि प्रणालीः जलवायु जोखिम न्यूनिकरणका लागि समानुकूलन अभ्यासहरूको प्रवर्द्धन गर्ने, आत्मनिर्भरताः कृषि सामग्री र स्रोतको पहुँच र सहज उपलब्धताका लागि प्रदेशस्तरमा विभिन्न व्यवसायहरूको सृजना गरी आयात निर्भरता घटाउने, दिगोपना कृषि व्यवसायः प्रकृति मैत्री समाधान वैज्ञानिक भू-व्यवस्थापन, र कृषि पर्यावरणमार्फत दिगो विकासको सुनिश्चितता, प्रतिस्पर्धीः कर्णालीको तुलनात्मक लाभ र विशिष्ट गुणहरूमा आधारित कृषि उपजको प्रतिस्पर्धात्मकता, समावेशीः जातीय, भौगोलिक, लैङ्गिक, र आर्थिक विविधताका आधारमा समावेशी कृषि विकास लगायतका विषयहरु समावेश छन् । यस्तै, आर्थिक वृद्धिः व्यावसायिक र नाफामूलक कृषि प्रणालीद्वारा आर्थिक वृद्धिको प्रवर्द्धन, आयमा आधारित खाद्य तथा पोषण सुरक्षाः आय वृद्धिका माध्यमबाट खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति, र मर्यादित कृषि पेशाः कृषक सूचीकरण तथा वर्गीकरणका आधारमा सेवा प्रवाह गर्दै कृषि पेशालाई मर्यादित बनाउने रणनीतिको परिकल्पना छ ।

**रणनीतिका दूरदृष्टी, ध्यय र उद्धेश्यहरु :**

यस १० बर्षे कृषि रणनीतिका दूरदृष्टीमा **"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी"** का लागि आत्मनिर्भर, समावेशी, प्रतिस्पर्धी र जलवायु उत्थानशील कृषि क्षेत्रको वृद्धि, ध्येयमा प्रतिस्पर्धी र दिगो कृषि क्षेत्र प्रवर्द्धन गरी आयस्तर वृद्धि र खाद्य एवं पोषण सुरक्षा सुनिश्चित गर्ने विषयबस्तु उल्लेख छन् । त्यस्तै, उद्देश्यहरुमा कृषि पेशालाई सम्मानित बनाउने, कृषि अनुसन्धान, प्रसार र शिक्षाको एकीकृत प्रयास मार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, तुलनात्मक लाभ र उच्च मूल्यका कृषि उपजको प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउने, रैथाने बालीवस्तु र जैविक विविधताको संरक्षण र सम्वद्र्धन गरी वातावरण तथा जनस्वास्थ्यमैत्री कृषि प्रवर्द्धन गर्ने, जलवायु समानुकूलन गर्दै जिविकोपार्जन सुधार र खाद्य एवं पोषण सुरक्षा सुनिश्चित गर्ने, र कार्यात्मक संगठन संरचना र उपयुक्त नीतिगत व्यवस्था मार्फत सुशासन प्रवर्द्धन गर्ने छन् ।

**रणनीतिका कार्यदिशा**

कर्णालीको परम्परागत कृषि प्रणालीलाई दिगो कृषि पद्धतिको अवधारणमा रहेर कर्णाली प्रदेश सरकारको मिति २०७४ साल फागुन ६ गतेको बैठकबाट कर्णालीको कृषि रुपान्तरणको लागि प्राङ्गारिक कृषिको आधारहरु तयार गर्दै रैथाने बालीहरुको संरक्षणा, सम्वर्द्धन गर्ने निर्णय भए अनुसार नै कर्णाली कृषि रणनीतिको गन्तव्य कोरिएको छ । यस रणनीति १० वर्षे यात्राको कार्यदिशामा प्रस्थान बिन्दु, हिडनुपर्ने प्रमुख बाटो र गन्तव्यको भविश्य उल्लेख गरिएको छ । प्रस्थान विन्दु २०८१/०८२ बाट हिड्नुपर्ने प्रमुख बाटोमा प्राङ्गारिक कृषि, मूल्य शृङ्खलामा आधारित कृषि व्यवसाय, रोड करिडोर केन्द्रित कृषि व्यवसाय प्रवर्द्धन, व्यावसायिक कृषिका लागि एकीकृत कृषि विकास योजना, स्थानीय रैथाने बालीहरुको प्रवर्द्धन र विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनको समावेश, स्रोत केन्द्र स्थापना र सुदृढीकरण र सिँचाई क्षेत्र विस्तार लगायतका विषय बस्ुतहुँदै २०९१/९२ सम्ममा प्राङ्गारिक कर्णाली प्रदेशको स्थापित पहिचान सहितको सम्मानित कृषि पेशासम्म गन्तव्य रणनीतिको छ ।

यस्तै, उत्पादकत्व वृद्धिमा जलवायु उत्थानशिल कृषि प्रविधि सिकाई केन्द्र २०७९/८० मा १० वटा बाट बढाएर २०८५/८६ मा ५० र २०९१/९२ सालमा १०० उपलब्धी हासिल गर्ने, जलवायु उत्थानशिल कृषि प्रविधि अवलम्बन गर्ने कृषकहरुको संख्यामा क्रमश २०७९/८० मा ७ हजार ५०० बाट २०८५/८६ मा १५ हजार र २०९१/९२ मा २० हजार पुरयाउने उद्देश्य रणनीतिले लिएको छ । यस्तै, २०९१/०९२ सालमा धान ४.१९, मकै ३.०९, गहुँ २.५५, कोदो १.३६, फापर १.४२, जौ १.७४, आलु २०.९५ मे.टन प्रति हेक्टरमा उत्पादन गर्ने उद्देश्य रणनीतिको छ ।

**कृषि क्षेत्रका प्रमुख समस्याहरु**

गुणस्तरीय बीउबिजन, पशु नश्ल, मल, र विषादी समयमै र सहज रूपमा उपलब्ध नहुनु, कृषि बजार, शीत भण्डार, गोदाम, र सङ्कलन केन्द्रहरू सञ्चालन गर्न आवश्यक विद्युत क्षमता नहुनु, पर्याप्त सिँचाइ र सडक पूर्वाधारहरूको निर्माण हुन नसक्नु, विकसित उपयुक्त प्रविधिहरू कृषक समुदायसम्म प्रभावकारी रूपमा प्रसार हुन नसक्नु कृषि क्षेत्रका समस्याहरु हुन् । त्यस्तै, भूमि र श्रमशक्तिको उत्पादकत्व न्यून रहनु, जमिनको तीव्र खण्डिकरण हुनु, बालीवस्तुमा रोगकिरा र प्राकृतिक प्रकोपले उत्पादनमा नकारात्मक असर गर्नु, उत्पादित खाद्यवस्तुहरूको समुचित भण्डारण, प्रशोधन, र मूल्य अभिवृद्धि गर्न नसक्नु, जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्न गएको प्रभावलाई कम गर्न नसक्नु, प्राङ्गारिक कृषि उन्मुख अनुसन्धान केन्द्र, प्रयोगशाला, र अन्य पूर्वाधारको अभाव हुनु, कृषि पेशालाई सम्मानित बनाउन नसक्दा युवाहरूको वैदेशिक रोजगारमा जाने क्रम बढ्नु, कृषि आधुनिकीकरण, यान्त्रीकीकरण, व्यावसायिकरण, र औद्योगीकरणको अभाव हुनु, खेती गरिएका जमीनहरूको खण्डिकरण हुनु, मानव र वन्यजन्तु बीचको द्वन्द्व, भू—क्षयको समस्या, जमीन बाँझो रहनु लगायतका समस्याहरु देखिएका कृषि मन्त्रालयलले तयार पारेको रणनीतिमा समावेश छन् ।

**नीतिगत व्यवस्थाहरु**

कर्णाली कृषि विकास रणनीति कार्यान्वयन गरी कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकीकरण र विविधिकरण गर्दै प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने तथा निर्यातमा प्रोत्साहन गर्ने नीति लिइनेछ भनिएको छ। त्यसै गरि पाँच हेक्टर भन्दा बढी जमिनमा कृषि व्यवसाय गर्ने व्यवसायीलाई कर्जामा ब्याज अनुदान दिने नीति लिइनेछ। दुई हेक्टर भन्दा बढी जमिनमा कृषि व्यवसाय र फलफूल खेती गर्ने सहकारी, फर्म, कम्पनी, कृषक समूहलाई लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था गरिनेछ भनिएको छ । खाद्यान्न, तरकारी तथा फलफूलको उत्पादन र उत्पादकत्व वृद्धिको लागि कृषि उत्पादन क्षेत्र केन्द्रित कृषि फर्म र समुदायमा सिँचाइ प्रणाली निर्माण तथा मर्मत सम्भार कार्यक्रम सञ्चालन भन्ने कुरा उल्लेख छ।

## २.४. खत्याड गाउँ पालिकाको आ.व. २०८२-८३ को कृषि क्षेत्रको विकास नीति तथा कार्यक्रम

**कृषि वाली सम्वन्धीः** खत्याड गाउँपालिकाले आ.व २०८२/८३ को लागि अवलम्वन गरेको कृषि संग सम्बन्धित नीति कार्यक्रमहरुमाः परम्परागत खेती प्रणालीलाई सुधार गरि आधुनिक खेती प्रणालीमा जोड दिने, कृषकलाई गुणस्तरीय बीउविजन प्रदान गरि आयआर्जन वृद्धि गरि मानविय पोषणमा सुधार ल्याई कृषि क्षेत्रमा देखिने आकस्मिक समस्यालाई समाधान गर्ने, कृषि पेशालाई थप प्रभावकारि र उत्पादनमा वृद्धि गर्न लाई कृषकलाई गोठेमल सुधार सम्बन्धि तालिम प्रदान र माटोको गुणस्तर सुधार गर्न मिनिल्याव स्थापना गरिनेछ भनेको छ ।

फलफ़ूलको गुणस्तर सुधार र रोग किराको प्रकोप कम गर्न बगैचा व्यवस्थापन सम्वन्धि तालिम संचालन गरिने छ र कृषकहरुको कृषि पेशा प्रति चासो घट्दै गएकाले कृषकहरु लाई कृषि पेशा प्रति आकर्षण गर्न कृषिमेला प्रदर्शनी कार्यक्रम संचालन गर्ने, गाउँपालिकाका विभिन्न वडामा उत्पादन हुने कृषि वस्तुलाई बजार सम्म पुर्‍याउन कृषि एबुलेन्स सेवा सञ्चालन गर्ने, फलफूलको गुणस्तर सुधार र उत्पादनमा वृद्धि गर्न सिंचाईको पहुँच नभएका बगैचामा प्लाष्टिक, हिंउ पोखरीको निमार्ण गरिनेछ र जलवायु परिर्वतनले कृषि क्षेत्रमा परेका असरलाई न्युनिकरण गर्न जलवायु मैत्री कृषि गाउँ नमुना कार्यक्रम संचालन गरिनेछ भनिएको छ ।

त्यसै गरी गाउँपालिकामा रहेका मौरीपालक कृषकहरु लाई प्रोत्साहित र मह उत्पादनमा वृद्धि गर्नको लागी मौरिजन्य सामाग्री वितरण कार्यक्रम संचालन गरिने छ र अखाद्य वस्तुहरुको वेचविखनलाई न्यूनिकरण गरि मानव स्वाथ्यमा पर्ने असर कम गर्न बजार तथा कार्यक्रम अनुगमन गर्ने, गाउँपालिका भित्र रहेको बाझों जमिनहरुमा सामुहिक तथा करारमा खेती गरी उत्पादकत्व अभिवृद्धिं तथा रोजगार सिर्जना गर्न चाहने समूहलाई विशेष सेवा सुविधा उपलब्ध गराउनमा जोड दिने, स्थानीयस्तरमा किसानले उत्पादन गरेका कृर्षि उपजको बजारीकरणको लागि हाटबजारलाई व्यवस्थित तथा प्रभावकारीरुपमा सञ्चालन गर्नको लागि विशेष जोड दिइनेछ भनिएको छ ।

खत्याड गाउँपालिकाका सवै वडामा व्यावसायिक टिमुर खेती कार्यक्रम सञ्चालन गर्ने, कृषि क्षेत्रमा देखेर भन्दा गरेर सिकिन्छ भन्नेट सिद्धान्तलाई अवलम्बन गर्न खत्याड गाउँपालिकास्तरीय कृषि सिकाई केन्द्र स्थापना गर्ने, स्याउ/ओखर लगायतका नगदे विरुवा हुर्काए वापत कृषकलाई आगामी ३ वर्षसम्म प्रति विरुवामा आनुदान उपलव्ध गर्ने तथा गाउँपालिकालाई कृषि क्षेत्रमा पूर्ण अर्गानिक, विषादीगाउँ पालिकाको रुपमा चिनाउने नीति लिइने छ भनिएको छ ।

**पशुपंक्षी क्षेत्र विकास** : खत्याड गाउँपालिकाले आ.व २०८२/८३ को लागि अवलम्वन गरेको पशुपन्क्षि संग सम्बन्धित नीति कार्यक्रमहरुमाः गाउँपालिका भित्रका पशुपन्छीपालन गर्ने किसानहरुको पशुपालनलाइ आत्मनिर्भर, रोजगारमूलक मर्यादित साथै व्यवसायिकरण गर्दै यस पेशालाइ थप लाभान्वित गरि कृषकहरुको आय स्तर वृद्धि गर्न जोड दिइनेछ साथै स्वस्थ पशुजन्य पदार्थहरुको उत्पादनलाई वृद्धि गरि पालिका भित्रको गरिवी निवारण, मानविय पोषणमा गुणस्तर सुधार ल्याइ कुपोषण न्युनिकरण गर्न पशुपालन व्यवसायलाइ प्रोत्साहन गरीनेछ भनिएको छ । पशुपन्क्षि औषधीको व्यवस्थापन र त्यसको उचित सदुपयोग होस भन्ने हेतुले प्रयोगशालाको रिर्पोट अनुसार सहि आवश्यक अनुरुपको उपचार गर्नका

लागि पशु आधारभुत प्रयोगशालको स्थापना गरिनेछ र प्रजनन,स्वास्थ्यमा सुधार ल्याइ पशु उत्पादन वृद्धि गर्नुका साथसाथै स्वच्छ तथा सफा उत्पादन गरि रोजगारमूलक कृषक बनाउनमा टेवा पुर्‍याइनेछ पनि भनिएको छ ।

नविनतम प्रविधी जस्तै कृत्रिम गर्भाधानबाट उन्नत नश्लका पशु उत्पादन गर्ने र प्राकृतिक रुपमा उन्नत नश्लका साथै यस वातावरण भित्र अनुकूल रही उच्च उत्पादन दिन सक्ने नश्लको वृद्धि गर्नका लागि भेंडा अनुसन्धान केन्द्र, जुम्लाबाट भेडाको साँढ वितरण कार्यक्रम गर्ने भनिएको छ । संक्रमण रोग पि.पि.आर., रेविज र लम्फीको आक्रमण हुन नदिन र यी रोगहरुबाट हुने आर्थिक संकटलाइ न्यूनीकरण गर्नका लागि पशु खोप कार्यक्रम संचालन गरिनेछ र नयाँ लक्षण भएको रोगहरु जस्तै लम्पी स्किन डिजिज अफ्रिकन स्वाइन फिवर जस्ता प्रकृक्तिका रोगहरुबाट पशुधन क्षति हुन नदिन र पशु चौपायमा देखिने महामारी जन्य रोगको नियन्त्रणका लागि उच्च सतर्कता सहित पशुबाट सर्ने रोगले मानव जिवनमा पर्ने नकरात्मक असरलाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चाटलन गरिनेछ भनिएको छ ।

युवालाई स्वरोजगारमूलक बनाउन लागि व्यावसायिक बाखा भेंडा तथा भैंसीपालन तालिम र गोठ तथा खोर सुधार कार्यक्रम संचालन गरी पशुपालन व्यवसायलाई ब्यावसायिकरण गर्नका लागि आधुनिक तथा बैज्ञानिक तबरवाट पशुपालनमा जोड दिने, गाउँपालिकामा दुग्धजन्य पदार्थहरुको अपुर्ति गरी अन्य गाउँपालिकावाट भएको आयातलाई न्यूनीकरण गर्न गाउँपालिकालाई दुध, दही र घ्यूमा आत्मानिर्भर हुन भैसी पकेट स्थापना गर्ने र उच्च पशुपंक्षि घनत्व भएको क्षेत्र नखर्जी, कर्खा जामिरमा रहेका पशुपालक कृषकहरुलाई घरदैलोमा सेवा सुविधा पुर्‍याउनका लागि वडा नं ९ को बजेडीमा सेवा केन्द्र स्थापना गरिनेछ भनिएको छ ।

**कृषि उद्योग,पर्यटन तथा वाणिज्यः** स्थानीयस्तरमा उत्पादित हुने वस्तुहरुको बजारीकरण तथा पहिचानको लागि माझचौर तथा रामतडी बजार व्यवस्थापनको सहकार्यमा कोशेली घर स्थापना गरी सञ्चालन गर्ने, गला-माझचौर-मसाने हुदै रारा सम्मको बाटोलाई पर्यटकीय पदमार्गको रुपमा विकास तथा पहिचान र पर्यटनलाई आवश्यक सूचनामूलक तथा विकास निर्माण सम्वन्धि कार्यक्रमहरु सञ्चानलनमा जोडदिने, पर्यटकीय मार्गको रुपमा विकास गर्न तथा पर्यटक आकर्षणको लागि आतिथ्यता सत्कार (hospitality) कार्यक्रम सञ्चालन गरिनेछ भनिएको छ । त्यसै गरी उद्योग तथा व्यापार व्यवसाय लगायतको बिषयमा दर्ता नविकरण खारेज लगायतको उद्योग प्रशासन तथा नियमन सम्बन्धि प्रदेश सरकारबाट प्रत्यायोजित अधिकार अनुसार कार्य आगमी आर्थिक वर्षमा गर्ने व्यवस्था मिलाउने, आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका महिला, दलित, एकल महिला, हलिया, शारीरिक अपाङ्गता भएका लगायतलाई आयमूलक तथा सिपमूलक तालिममा प्राथमिकता दिई जिविकोपार्जनमा टेवा पुर्‍याउने, गाउँपालिकाको वडा नं. ५ मा रहेको नाईडा खेतीमाईलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ भनिएको छ ।

**सहकारी तथा वित्तिय क्षेत्र व्यवस्थापनको लागि :** स्थानीय स्रोत साधनको सदुपयोग गरी वस्तु तथा सेवा उत्पादनको लागि आवश्यक पर्ने सिप तथा क्षमता अभिवृद्धि गर्नको लागि आयमूलक तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाइ रोजगारीमा प्रथामिकता दिने,

रोजगार व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउंदै स्थानीय श्रम बजारलाई सवलिकरण गर्ने, नविनतम प्रविधिमा आधारित व्यवसाय स्थापना तथा सञ्चालनका लागि प्रोत्साहन गरिनेछ भनिएको छ ।

गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाउन यस गाउँपालिकामा सहकारी विकास शाखा स्थापना गर्ने, गाँउपालिकामा रहेका विभिन्न स्थानहरुको कृषि औद्योगिक तथा पर्यटन क्षेत्रको वर्गीकरण गर्नको लागि भू-उपयोग सम्बन्धि नीति बनाउने, फोहोरमैला व्यवस्थापनको लागि दीर्घकालिन समाधानको लागि ल्यान्ड फिल्ड साईटको पहिचान गरी आवश्यक पूर्वधार निर्माणमा जोड दिने, पूर्वाधार निर्माणमा संलग्न मिस्त्रीहरुको क्षमता अभिवृद्धि गर्नका लागि तालिमको व्यवस्था गर्ने, गाउँपालिका भित्र विकासोन्मुख रहेका स्थानहरुमा सहलगानीमा सौर्यवत्ती जडान कार्यलाई प्राथमिकता दिईनेछ भनिएको छ ।

**वन,वातावरण तथा विपद व्यवस्थापन तर्फः** वाढी तथा पहिरोबाट जोखिम भएका स्थानहरुको पहिचान गरी त्यस्ता स्थानमा तटवन्धन तथा खाली जमिन तथा वनहरुमा आयमूलक वृक्षारोपण गरी एग्रो–फरेष्ट्रीमा जोड दिइनेछ। त्यसका लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने, २०७९ सालको विपदले खेती योग्य जमिनमा ल्याएको समस्यालाई जग्गा सुधारको नीति ल्याई सहजिकरण गरी जग्गा एकिनको लागि अमिनको व्यवस्थापन गर्ने, जडीवुटी खेती, नर्सरी, अनुसन्धान, संरक्षण, प्रशोधन, वजारीकरणको लागि आवश्यक व्यवस्था मिलाईने, वातावरणमैत्री विकास निर्माणका लागि हरेक निर्माण आयोजनामा वृक्षारोपणलाई लागतका रुपमा राख्ने व्यवस्था मिलाउने र सामुदायिक बन संरक्षणका लागि बन हेराला राख्ने कार्यक्रम सञ्चालन गरिनेछ भनिएको छ ।

**प्रमुख समस्याहरुः** देशको भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयनको अभावले कृषियोग्य भूमि खण्डीकृत हुँदै गइरहेको र ती भूमि बसोवासका लागि प्रयोग भइरहेका छन्। कतिपय जग्गाधनीहरूको मुख्य पेशा फेरिएको र शहर केन्द्रित बसाइँसराइ प्रवृत्ति तीव्र भइरहेका कारणले कृषिमा जनशक्ति संलग्नता घट्दै गएको छ। विशेषतः कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन लागत दिनप्रतिदिन बढ्दै गएकाले युवाहरूको रोजगारीको प्राथमिकता वैदेशिक रोजगार बन्न पुगेको छ। यसले पहाडी तथा हिमाली क्षेत्रका कृषियोग्य भूमिहरू बाँझो बन्नुका साथै ती क्षेत्रहरू वन्यजन्तुको लागि उपयुक्त बासस्थान बन्न थालेका छन्। जनसंख्या न्यून हुँदै जानु, सीमित भूमिमा मात्र खेती हुनुले ती क्षेत्रहरूमा रुख विरुवा मात्र फस्टाउँदै गएका छन्, जसका कारण वन्यजन्तुहरूको आक्रमण बढेर अन्नपात, बालीनाली र जनधनमा क्षति पुऱ्याउँदै बसाइँसराइलाई तीव्र पारेको छ।

उन्नत कृषि प्रविधिको पहुँच अभाव, कृषि तथा पशु सेवा प्राविधिकहरूको सेवा गाउँसम्म नपुग्नु, लगानीको अभाव र श्रमशक्ति वैदेशिक रोजगारतर्फ मोडिनुले कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुन सकेको छैन। कृषि, पशुपन्छी तथा मत्स्य मूल्य शृंखला समन्वयको अभावले उत्पादन र बजार क्षेत्र जोडिन नसक्नुका साथै मूल्य शृंखलामा संलग्न पक्षहरूबीच विश्वासको वातावरण नबन्नु समस्या रहँदै आएको छ। अर्गानिक खेती, रैथाने वाली प्रणाली र कृषिलाई पर्यटनसँग जोड्ने सम्भावना भए पनि त्यसतर्फ ठोस अनुसन्धान र संगठित बजार व्यवस्थापन हुन नसक्नु अर्को चुनौती बनेको छ।

बजारको मागंअनुसार कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन नहुनु, बजार सूचना कृषि फार्मसम्म नपुग्नु, सहकारीहरूको भूमिका प्रभावकारी नहुनु, र अस्वस्थ प्रतिस्पर्धाले बजारमा असन्तुलन सिर्जना गरेका कारण कृषकहरूले अपेक्षित उपलब्धि हासिल गर्न सकेका छैनन्। साथै, प्रविधि अवलम्बनमा कमजोरी, समयमा मल/विउ तथा उन्नत पशु नश्ल नपाइनु, कृषि वाली, पशुपन्छी तथा माछामा नयाँ किसिमका रोग देखिनु, माटोको स्वास्थ्य स्खलित हुनु, अत्यधिक विषादीको प्रयोग, पशुपन्छी आहार व्यवस्थापन हुन नसक्नु, सिंचाइको अभाव, जलवायु परिवर्तनका कारण कृषि प्रणालीमा आएको परिवर्तन, कृषि अनुदानको प्रभावकारी कार्यान्वयन नहुनु, गुणस्तर मापन र मानक अभाव, र स्थापित मापदण्डको पनि पालना नहुनुजस्ता समस्या रहँदै आएका छन्।

त्यसैगरी, न्यूनतम समर्थन मूल्यको व्यवस्था प्रभावकारी नभएको, क्षति मूल्यांकन र अनुगमन नहुनु, बीमा दावी प्रक्रियाको जटिलता, कृषि कार्य समावेशी नहुनु, र लाभको वैज्ञानिक वितरण प्रणाली अभावमा कृषकहरू र कृषि व्यवसायमा संलग्न सबै पक्षहरू असन्तुष्ट देखिएका छन्।

यिनै समस्याहरूको समीक्षा एवं विश्लेषणलाई आधार मानी खत्याड गाउँपालिकाको पञ्चबर्षीय जलवायु उत्थान्शील कृषि विकास योजना तथा रणनीति तयार गरिएको हो। यस योजनामा भूमि व्यवस्थापन, कृषि तथा पशुपालनको उत्पादन र उत्पादकत्व वृद्धि, कृषि/पशु/मत्स्य मूल्य शृंखला व्यवस्थापन, कृषि पर्यटन प्रवर्द्धन, रैथाने वाली तथा अर्गानिक खेतीको संरक्षण र विस्तार, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, जलवायु परिवर्तन अनुकूलन, कृषि तथा पशुपालन क्षेत्रमा लगानी अभिवृद्धि र समुचित बजार व्यवस्थापनलाई प्राथमिक आधार मानिएको छ।

## २.५. गाउँपालिकाको कृषि विकासको प्रार्थमिकता

चित्र २: गाउँपालिकाको कृषि विकासको प्राथमिकता




**पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास रणनीति:**

यस गाउँपालिकाको चालु आ.व. २०८१/८२ को कृषि क्षेत्रको नीति तथा कार्यक्रमलाई समेत आधार मानी मुख्यतः दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौं योजना, संघीय कृषि विकास रणनीति, कर्णाली प्रदेशको प्रादेशिक कृषि विकास रणनीतिले अंगीकार गरेका नीति, रणनीति, कार्यनीति तथा कार्यक्रमहरूलाई

पृष्ठपोषण गर्ने, साथै प्रदेश तथा राष्ट्रियस्तरका लक्ष्यहरू हासिल गर्न योगदान दिने गरी तयार गरिएको छ ।

## २.६. पञ्चबर्षीय आवधिक जलवायु उत्थान्शील कृषि विकास योजना तयार गर्दा ख्याल गरिएका विषय वस्तुहरु

१. नेपालको संविधान।
२. खत्याड गाउँपालिकाको आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६)।
३. खत्याड गाउँपालिकाको पार्श्वचित्र (प्रोफाइल)।
४. राष्ट्रिय कृषि विकास नीति तथा रणनीति।
५. नेपाल सरकारको सोह्रौं योजना।
६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४।
७. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४।
८. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली, २०७६।
९. संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७।
१०. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)।
११. स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७५।
१२. राष्ट्रिय, प्रदेश तथा स्थानीय नीतिहरू, आवधिक योजनाहरू, सोच तथा लक्ष्यहरू।
१३. दिगो विकासका लक्ष्यहरू (SDGs)।
१४. खत्याड गाउँपालिकाका कानूनहरू लगायत प्रचलित कानुनी व्यवस्थाहरू।
१५. स्रोत तथा बजेट सीमा निर्धारण समितिको कूल बजेट सीमा तथा विषयगत सीमा निर्धारण।
१६. राजस्व परामर्श समितिको प्रतिवेदन।
१७. खत्याड गाउँपालिकाका विगत आर्थिक वर्षहरूको अनुभव, सिकाइ तथा वस्तुस्थिति।
१८. खत्याड गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

# परिच्छेद—३: वस्तुगत स्थिति

## ३.१. खत्याड गाउँपालिकाको भौगोलिक स्थिति

समुन्द्री सतहका करिब २५०० मिटर सम्मको उचाईमा रहेको खत्याड गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २९ डिग्री २६ मिनेट १५ सेकेण्ड देखि २९ डिग्री ३७ मिनेट २० सेकेण्ड उत्तरी अक्षांश डीग्री ४५ मिनेट ५५ सेकेण्ड देखि ८२ डिग्री २ मिनेट ४५ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ ।गाउँपालिका मुगु जिल्लाको दक्षिण पश्चिमी भागमा रहेको छ। यस गाउँपालिकाको पूर्वमा कार्मारोङ्ग गाउँपालिका, पश्चिममा बाजुरा जिल्ला, दक्षिणमा कालिकोट र जुम्ला जिल्ला र उत्तरमा सोरु गाउँपालिकासँग सिमाना जोडिएको छ । जिल्लाको कूल क्षेत्रफलको ७.९५ प्रतिशत भुभाग ओगटने यस गाउँपालिकाको क्षेत्रफल २८१.१२ वर्ग कि.मी. रहेको छ।

**ऐतिहासिक चिनारी तथा नामाकरण**: खत्याड गाँउपालिका ऐतिहासिक, धार्मिक, साँस्कृतिक र प्राकृतिक रुपले यस प्रदेशकै फरक विशेषता बोकेको साविक खत्याड भेग अन्तर्गत रहेका सेरी, श्रीकोट, खमाले, गम्था, सुकाढिक, कोटडाँडा र ह्याङलु गा.बि.स मिलाएर वि.सं. २०७३ सालमा खत्याड गाउँपालिकाको गठन गरिएको हो। यो गाउँपालिका ऐतिहासिक तथा पर्यटकीय महत्वको रारा ताल जाने मुख्य पद मार्ग खत्याड गाउँपालिका पनि हो। यसका साविक गम्था गा.वि.स. मा रहेको खेस्मालिका भगवतीको मन्दिर पनि यसै क्षेत्रमा पर्दछ ।खेस्मालिकाको चुचुरोबाट रारा ताल, वाजुरा विमानस्थल, छायांनाथ, सैपाल हिमाल, बडिमालिका लगायतका पर्यटकीय क्षेत्रको सहजै अवलोकन गर्न सकिन्छ । यहाँका धार्मिक महत्व राखेका अन्य तिर्थस्थलहरु तर्मालिका देवी, कवा मष्टा, दुल्लेन्नी माई, खिउरा मष्टा आदी समेत विद्यमान छन् । भौगालिक विशेषतायुक्त समान साविक ७ वटा गा.वि.स. रहेको खत्याड क्षेत्रलाई गाउँपालिकाको नामाकरण गरिएको देखिन्छ ।

**राजनीतिक अवस्थिति**: गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत मुगु जिल्लामा अवस्थित रहेको छ। साविकका ७ गा.वि.स.हरु समाबेश गरी बनाइएको यस गाउँपालिकामा ११ वडाहरु रहेका छन् । मुगु जिल्लामा विद्यमान १ नगरपालिका र ३ गाउँपालिका गरी ४ स्थानीय तह मध्ये खत्याड गाउँपालिका पनि एक हो। हाल यस गाउँपालिकाको वडा ७ स्थित रामतडीमा स्थापित छ । यो गाउँपालिका मुगु जिल्लाको प्रदेश सभा ख अन्तर्गत पर्दछ ।

**धरातलीय अवस्था**: कर्णाली प्रदेश अन्तर्गत मुगु जिल्लाको खत्याड गाउँपालिका एक उच्च पहाडी समग्रमा हिमाली पहिचानको रुपमा रहेको छ । यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले अधिकांश भूभाग खेतीयोग्य, सामान्य भिरालो क्षेत्रले ओगटेको छ । यस गा.पा. भित्र साविकका गम्था, श्रीकोट, सुकाढिक, कोटडाँडा, खमालेमा समथर जमिन पनि देख्न सकिन्छ भने सेरी, ह्याडलुको केही भिरालो र कम खेतीयोग्य नभएका क्षेत्रका रुपमा रहेका छन्। सामान्य अग्ला र भिराला पहाडी श्रृखलाले बनेको यस गाउँपालिकामा भिरपाखा बसोबासको क्षेत्र सहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ। अधिकांश भिरालो क्षेत्रमा वन जंगलले ढाकेको छ भने केही क्षेत्र उजाड डाँडाका रुपमा रहेका छन् ।

**प्राकृतिक सम्पदाः** गाउँपालिकालाई मूलप्रवाह क्षेत्र बनाएर अविरल रुपमा बगिरहने खत्याड खोला जसको उद्गम स्थल रारा ताल गरी अन्य खोला तथा नदीहरुमा कवा खोला, नहकोटी खोला, मुङग्राहा खोला तथा कर्णाली नदी यहाँको प्राकृतिक सम्पदाहरु हुन् भने खानेपानीको मुख्य स्रोतका रुपमा समेत रहेका छन् । सिंचाइको मुख्य श्रोतको रुपमा रहेको खत्याड खोला लगायत खोलाबाट यस क्षेत्रको तल्लो वेसी क्षेत्रको जमिनमा सिंचाइ सेवा उपलब्ध रहेको छ । जैविक विविधताका हिसावले उच्च पर्वतीय चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिहरुमा पाखनवेद, कटुकी, सतुवा, विषजडा, डाँफे, मुनाल, कालिज, काँडेभ्याकुर, घोरल, रेडपाण्डा मुख्य रुपमा रहेका छन् । यसका अलावा पहाडको माथिल्लो भागका अधिकांश स्थानमा वन तथा खर्कहरु रहेका छन् । यस गाउँपालिकाको उत्तरमा देखिने रमणीय हिमाली श्रृंखलाहरुले यहाँको सुन्दरता बढाएको छ। बालुवा लगायतका खनिजहरु यस क्षेत्रमा पाइन्छ ।

## ३.२. खत्याड गाउँपालिकाको कृषि क्षेत्रको वस्तुगत स्थिति

खत्याड गाउँपालिकाको कूल क्षेत्रफल २८,११२ हेक्टर रहेको छ। सोमध्ये करिब १३.३१ प्रतिशत अर्थात् ३,७४३ हेक्टर जमिन खेतीयोग्य छ। ती खेतीयोग्य जमिनमध्ये १,२९८.५ हेक्टर क्षेत्रमा कृषकहरूले नियमित खेती गर्दै आएका छन्, जुन कूल खेतीयोग्य जमिनको ३४.६९ प्रतिशत हो। उपरोक्त तथ्यले गाउँपालिकामा कृषि उत्पादनको सम्भावना अझै विस्तार गर्न सकिने स्पष्ट संकेत गर्दछ। यस्तै, प्रतिएकाइ जमिनको उत्पादकत्व वृद्धि गर्ने सम्भावनासमेत विद्यमान छ।

गाउँपालिकामा हाल कूल खेती गरिएको जमिनमध्ये मात्र ४६३.५१ हेक्टर (लगभग ३५.६८%) क्षेत्रमा वर्षभरि सिँचाइ सुविधा उपलब्ध छ। बाँकी ६४.३२ प्रतिशत खेतीयोग्य क्षेत्र अझै पनि आकाशे पानीमा निर्भर रहनु परेको छ। यसले देखाउँछ कि खत्याड गाउँपालिकामा सिँचाइ सुविधाको विस्तार गर्ने पर्याप्त सम्भावना रहेको छ, जसले गर्दा कृषिमा आत्मनिर्भरता तथा उत्पादकत्व वृद्धि गर्न सकिनेछ।

नेपालका प्रमुख खाद्यान्न बालीहरू मध्ये धान, मकै, गहुँ, कोदो, जौ/उवा, फापरको क्रमशः उत्पादकत्व ३.९८, ३.४९, २.९९, १.३४, १.३४, १.२९ मेट्रिक टन रहेको छ । सोही खाद्यान्न वालीहरुको प्रादेशिक उत्पादकत्व ३.४६, ३.१३, २.१४, १.३९, १.६४, १.१६ मेट्रिक टन रहेको छ । त्यसको तुलनामा खत्याड गाउँपालिकाको धान, मकै, गहुँ, कोदो, जौ/उवा, फापरको उत्पादन क्रमशः १.७, १.७५, १.८६, १.९७, १.८७, १.०७ मेट्रिक टन रहेको छ । यसरी हेर्दा औसत उत्पादनस्तर राष्ट्रिय औसतभन्दा कम देखिन्छ।

यो अवस्था सुधार गर्नका लागि **सिँचाइ क्षेत्रको विस्तार, समयमै गुणस्तरीय कृषि सामग्रीको उपलब्धता, आधुनिक कृषि प्रविधिको प्रवाह,** तथा **बजार पहुँच र प्रवर्द्धनमा सुधार** गर्नु आवश्यक

देखिन्छ।यी उपायहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकेमा बालीहरूको उत्पादकत्वमा उल्लेखनीय वृद्धि हुन सक्ने सम्भावना रहेको छ।

आ.व. २०८०/८१ को तथ्यांक अनुसार यस गाउँपालिकाको कूल खाद्यान्न उत्पादन २,६७३.११ मे. टन रहेको छ। जस मध्ये धान ६६३.५, मेट्रिक टन, गहुँ १,३१८.६२ मेट्रिक टन, मकै १२८.३५ मेट्रिक टन, कोदो ३४१.२५ मेट्रिक टन, जौ/उवा २१९.७ मेट्रिक टन र फापर १.६९ मेट्रिक टन उत्पादन भएको अनुमान गरिएको छ।

त्यसै गरी दलहन वाली १८२.८ मेट्रिक टन, कन्दमुल (आलु सहित ) १,३६७.९७ मे.टन, तेल वाली ३.२७ मेट्रिक टन , र तरकारी वाली १०३.५ मेट्रिक टन उत्पादन भएको देखिन्छ । फलफूलमा स्याउ उत्पादन ४७२.३४ मेट्रिक टन, ओखर ६.९९ मेट्रिक टन उत्पादन भएको देखिन्छ ।

यस गाउँ पालिकाका नागरिकहरुको लागि पालिकाभर उत्पादन हुने अन्नवालीवाट प्रति व्यक्ति १०३.२३ के.जी उपलव्ध हुन्छ I जस मध्ये २२.९ के.जी चामल, ५२.५२ के.जी गहुँको पिठो, ४.७७ के.जी मकैको पिठो, १५.४ के.जी कोदोको पिठो, ७.५८ के.जी जौ/ उवाको पिठो र ०.०६ के.जी फापरको पिठो रहेको छ I

यस पालिकामा गाईको दुध वार्षिक ३११.७३ मेट्रिक टन र भैंसीको दुध ७३७.७३ मेट्रिक टन गरी जम्मा १०४९.४६ मेट्रिक टन दुध उत्पादन भएको अनुमान गरिएको छ, जुन मुगु जिल्लाको उत्पादनमा करिब ४४.६५ प्रतिशतले योगदान गरेको देखिन्छ।

यसैगरी यस गाउँपालिकामा कूल मासु उत्पादन १८७.१३ मे. टन रहेको छ, जुन मुगु जिल्लाको कूल मासु उत्पादनको २८.०५ प्रतिशत हुन आउँछ।त्यसैगरी यस पालिकामा वार्षिक ४४.५८ हजार अन्डा उत्पादन हुने अनुमान गरिएको छ।साथै यस पालिकामा वार्षिक ऊन उत्पादन ९२६ के. जि. रहेको अनुमान छ ।
यस पालिकाको विस्तृत कृषि तथा पशुपन्छी तथ्यांक वस्तुस्थिति निम्न तालिकामा प्रस्तुत गरिएकोछ।

## १) कृषक परिवार र कृषक परिवारले चलन गरेको जग्गा

| प्रदेश तथा जिल्ला अनुसार स्थानीय तह | जम्मा कृषक परिवार संख्या | कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | प्रति कृषक परिवार जग्गाको क्षेत्रफल (हेक्टर) | प्रति कृषक परिवार जग्गाको क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| नेपालको जम्मा | ४१३०७८९ | २२१८४१० | ०.५४ | १०.७४ |
| कर्णाली प्रदेश जम्मा | ३०२६४० | ११७४११ | ०.३९ | ७.७६ |
| मुगु जिल्ला जम्मा | १०९२९ | ५५५५.९९ | ०.५१ | १०.१७ |
| **खत्याड गाउँपालिका** | **३५२५** | **१२९८.८५** | **०.३७** | **७.३७** |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

## २) कृषक परिवार र कृषक परिवारले चलन गरेको जग्गामा सिंचित क्षेत्रफल

| प्रदेश तथा जिल्ला अनुसार स्थानीय तह | जम्मा कृषक परिवार संख्या | कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | सिंचाई सुविधा प्रयोग गर्ने कृषक परिवारको संख्या | कूल कृषक परिवार मध्ये सिंचाई सुविधा प्रयोग गर्ने कृषक परिवारको प्रतिशत (%) | सिंचित क्षेत्रफल (हेक्टर) | सिंचित क्षेत्रफल (%) |
|---|---|---|---|---|---|---|
| नेपालको जम्मा | ४१३०७८९ | २२१८४१० | २८८९१०६ | ६९.९४ | १२०९२६५.५२ | ५४.५१ |
| कर्णाली प्रदेश जम्मा | ३०२६४० | ११७४११ | १७२०१७ | ५६.८४ | ३३८२६.६७ | २८.८१ |
| मुगु जिल्ला जम्मा | १०९२९ | ५५५५.९९ | ५३९७ | ४९.३८ | ९३०.२१ | १६.७४ |
| **खत्याड गाउँपालिका** | **३५२५** | **१२९८.८५** | **२३२०** | **६५.८१** | **४६३.५१** | **३५.६८** |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

## ३) खाद्यान्न वाली खेती गर्ने कृषक परिवार र वाली लगाइएको क्षेत्रफल

| प्रदेश, जिल्ला र स्थानीय तह | खाद्यान्न बाली | | | नेपाल, प्रदेश र जिल्लाको तुलनामा पालिकाको | |
|---|---|---|---|---|---|
| | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | प्रति कृषक परिवार क्षेत्रफल (हेक्टर) | परिवार संख्या (%) | क्षेत्रफल (%) |
| नेपालको जम्मा | ३८७३८५४ | २५८६१८३ | ०.६७ | ०.०८ | ०.०६ |
| कर्णाली प्रदेश जम्मा | २९७४६० | १३३३५५.३१ | ०.४५ | १.१० | १.१० |
| मुगु जिल्ला जम्मा | १०७७७ | ४८६१.६९ | २.२२ | ३०.३८ | ३०.२३ |
| **खत्याड गाउँपालिका** | **३२७५** | **१४६९.७२** | **२.२३** | **१००.००** | **१००.००** |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

## ३.१. धान खेती गर्ने कृषक परिवार, क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| प्रदेश र जिल्ला अनुसार स्थानीय तह | धान | | | | | प्रति व्यक्ति चामल उपलब्धता (के.जि) |
|---|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | धान वालीको क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | धान वालीको क्षेत्रफल (हेक्टर) (MoALD, 2080/81) | धान उत्पादन (मेटन) (MoALD, 2080/81) | उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2080/81) | |
| नेपालको जम्मा | * | १२१६३८८ | १४३८९८९ | ५७२४२३४ | ३.९८ | १२७.५८ |
| कर्णाली प्रदेश जम्मा | १७२६९८ | २९२४०.६५ | ४१९०४ | १४५०६३ | ३.४६ | ५५.८५ |
| मुगु जिल्ला जम्मा | ७२२४ | १२०६.४० | ५९१.०० | १००५ | १.७० | १०.१२ |
| खत्याड गाउँपालिका | २१९३ | ३९०.३० | | ६६३.५० | १.७० | २२.९० |

* राष्ट्रिय कृषि गणनामा एकमुष्ट धान खेती गर्ने कृषक परिवार संख्या उपलब्ध नभएकोले यहां उल्लेख नगरिएको

## ३.२. गहुं खेती गर्ने कृषक परिवार, क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| प्रदेश र जिल्ला अनुसार स्थानीय तह | गहुं | | | | | प्रति व्यक्ति खान योग्य गहुँ उपलब्धता (के.जि) |
|---|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | गहुंवालीको क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | गहुं वालीको क्षेत्रफल (हेक्टर) (MoALD, 2080/81) | गहुं उत्पादन (मेटन) (MoALD, 2080/81) | उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2080/81) | |
| नेपालको जम्मा | २०४९०९१ | ६५४१९४ | ६८१८५१ | २०३५५५९ | २.९९ | ५२.३५ |
| कर्णाली प्रदेश जम्मा | २६१६६७ | ५१०२६ | ७१०१६ | १५१९९० | २.१४ | ६७.५१ |
| मुगु जिल्ला जम्मा | ७९०० | १४१५.०७ | १७५७.०० | ३२७२.०० | १.८६ | ३८.०२ |
| खत्याड गाउँपालिका | ३२२५.४८ | ७०८.०८ | - | १३१८.६२ | १.८६ | ५२.५२ |

नोट: स्थानीय तहको उत्पादन जिल्लाको औषत उत्पादकत्वको आधारमा हिसाव गरिएको

## ३.३. मकै खेती गर्ने कृषक परिवार, क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| प्रदेश र जिल्ला अनुसार स्थानीय तह | मकै | | | | | प्रति व्यक्ति मकै उपलब्धता (के.जि) |
|---|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | मकै वालीको क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | मकै वालीको क्षेत्रफल (हेक्टर) (MoALD, 2079/80) | मकै उत्पादन (मेटन) (MoALD, 2079/80) | उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2079/80) | |
| नेपालको जम्मा | * | ५५९९०९ | ९१६०४४ | ३१९३८६९ | ३.४९ | ७६.६६ |
| कर्णाली प्रदेश जम्मा | २५३६५६ | ४००८३ | ८२७५७ | २५८८७७ | ३.१३ | १०७.३३ |
| मुगु जिल्ला जम्मा | ४१७३ | २५७.९७ | १२२२.०० | २१३८.५० | १.७५ | २३.१९ |
| खत्याड गाउँपालिका | ११९० | ७३.३४ | - | १२८.३५ | १.७५ | ४.७७ |

* राष्ट्रिय कृषि गणनामा एकमुष्ट मकै खेती गर्ने कृषक परिवार संख्या उपलब्ध नभएकोले यहां उल्लेख नगरिएको ।

नोट: स्थानीय तहको उत्पादन जिल्लाको औषत उत्पादकत्वको आधारमा हिसाव गरिएको

## ३.४. कोदो खेती गर्ने कृषक परिवार, क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| प्रदेश र जिल्ला अनुसार स्थानीय तह | कोदो | | | | | प्रति व्यक्ति खान योग्य कोदो उपलव्धता (के.जि) |
|---|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | कोदो वालीको क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | कोदो वालीको क्षेत्रफल (हेक्टर) (MoALD, 2080/81) | कोदो उत्पादन (मेटन) (MoALD, 2080/81) | उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2080/81) | |
| नेपालको जम्मा | ८६९१०० | १२२११४ | २२४९३५ | ३००७३२ | १.३४ | ८.७६ |
| कर्णाली प्रदेश जम्मा | ६८१३५ | ५६२७ | १४०३६ | १९५२३ | १.३९ | ९.८३ |
| मुगु जिल्ला जम्मा | ८१४६ | १०१०.८० | २१२५.०० | ४१९६.०० | १.९७ | ५५.२५ |
| खत्याड गाउँपालिका | २०५५ | १७२.८१ | - | ३४१.२४ | १.९७ | १५.४० |

नोट: स्थानीय तहको उत्पादन जिल्लाको औषत उत्पादकत्वको आधारमा हिसाव गरिएको

## ३.५. जौ/उवा खेती गर्ने कृषक परिवार, क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| प्रदेश र जिल्ला अनुसार स्थानीय तह | जौ/उवा | | | | | प्रति व्यक्ति खान योग्य जौ/उवा उपलव्धता (के.जि) |
|---|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | जौ/उवा वालीको क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | जौ/उवा वालीको क्षेत्रफल (हेक्टर) (MoALD, 2080/81) | जौ/उवा उत्पादन (मेटन) (MoALD, 2080/81) | उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2080/81) | |
| **नेपालको जम्मा** | २९६८२० | २३२७१ | १८५९९ | २४९३१ | १.३४ | ०.५६ |
| **कर्णाली प्रदेश जम्मा** | ७३४३१ | ५८०१ | ५९३० | ९७०९ | १.६४ | ३.७४ |
| **मुगु जिल्ला जम्मा** | ५०२६ | ५८८.१३ | ५१२.०० | ९१०.०० | १.७८ | ९.१६ |
| **खत्याड गाउँपालिका** | ११०१ | १२३.६१ | - | २१९.७० | १.७८ | ७.५८ |

नोट: स्थानीय तहको उत्पादन जिल्लाको औषत उत्पादकत्वको आधारमा हिसाव गरिएको

## ३.६. फापर खेती गर्ने कृषक परिवार, क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| प्रदेश र जिल्ला अनुसार स्थानीय तह | फापर | | | | | प्रति व्यक्ति फापर उपलव्धता (के.जि) |
|---|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | फापर वालीको क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | फापर वालीको क्षेत्रफल (हेक्टर) (MoALD, 2080/81) | फापर उत्पादन (मेटन) (MoALD, 2080/81) | उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2080/81) | |
| **नेपालको जम्मा** | ८५३८३ | ८०९० | ११२५३ | १४५१६ | १.२९ | ०.३२ |
| **कर्णाली प्रदेश जम्मा** | १२४१३ | ९६७ | २५७२ | २९९६ | १.१६ | १.१५ |
| **मुगु जिल्ला जम्मा** | १२८१ | ८०.४६ | ६०८.०० | ६५३.०० | १.०७ | ६.५८ |
| **खत्याड गाउँपालिका** | ४९ | १.५८ | - | १.६९ | १.०७ | ०.०६ |

नोट: स्थानीय तहको उत्पादन जिल्लाको औषत उत्पादकत्वको आधारमा हिसाव गरिएको

## ४) दलहन वाली सम्वन्धि विवरण

### ४.१. दलहन खेती गर्ने कृषक परिवार र वाली लगाइएको क्षेत्रफल

| प्रदेश, जिल्ला र स्थानीय तह | कोसे/दाल बाली | | | नेपाल प्रदेश जिल्लाको तुलनामा पालिकाको | |
|---|---|---|---|---|---|
| | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | प्रति कृषक परिवार क्षेत्रफल (हेक्टर) | परिवार संख्या (%) | क्षेत्रफल (%) |
| नेपालको जम्मा | १८२३९१० | १९९८४५ | ०.११ | ०.०८ | ०.०७ |
| कर्णाली प्रदेश जम्मा | १५२३९३ | १२३४७ | ०.०८ | ०.९५ | १.१० |
| मुगु जिल्ला जम्मा | ७४३५ | ८६६.०२ | ०.१२ | १९.४४ | १५.६९ |
| खत्याड गाउँपालिका | १४४६ | १३५.८७ | ०.०९ | १००.०० | १००.०० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

### ४.२. दलहन खेतीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| प्रदेश, जिल्ला र स्थानीय तह | कोसे/दाल बाली | | | | |
|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | क्षेत्रफल (हेक्टर) (MoALD, 2080/81) | उत्पादन (मेटन) (MoALD, 2080/81) | उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2080/81) |
| नेपालको जम्मा | १८२३९१० | १९९८४५ | २५८३०० | २७६५२० | १.०७ |
| कर्णाली प्रदेश जम्मा | १५२३९३ | १२३४७ | १९३७९ | २३२०६ | १.२० |
| मुगु जिल्ला जम्मा | ७४३५ | ८६६.०२ | १०७४.०० | १४४५.०० | १.३५ |
| खत्याड गाउँपालिका | १४४६ | १३५.८७ | | १८२.८० | १.३५ |

नोट: स्थानीय तहको उत्पादन जिल्लाको औषत उत्पादकत्वको आधारमा हिसाव गरिएको

## ५) कन्दमूल (आलु समेत) वाली सम्वन्धि विवरण

### ५.१. कन्दमूल (आलु समेत) खेती गर्ने कृषक परिवार र वाली लगाइएको क्षेत्रफल

| प्रदेश, जिल्ला र स्थानीय तह | कन्दमूल (आलु समेत) बाली | | | नेपाल प्रदेश जिल्लाको तुलनामा पालिकाको | |
|---|---|---|---|---|---|
| | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | प्रति कृषक परिवार क्षेत्रफल (हेक्टर) | परिवार संख्या (%) | क्षेत्रफल (%) |
| नेपालको जम्मा | १८९५३६७ | १०४७३८ | ०.०६ | ०.०७ | ०.०८ |
| कर्णाली प्रदेश जम्मा | १४१३३८ | ७२६१ | ०.०५ | ०.८९ | १.२० |
| मुगु जिल्ला जम्मा | ६३४२ | ५२९.७० | ०.०८ | १९.८५ | १६.४० |
| खत्याड गाउँपालिका | १२५९ | ८६.८६ | ०.०७ | १००.०० | १००.०० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

## ५.२. कन्दमूल (आलु समेत) खेती गरिएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| प्रदेश, जिल्ला र स्थानीय तह | कन्दमूल (आलु समेत) बाली | | | | | प्रतिव्यक्ति खान योग्य आलु उपलव्धता (के.जी) |
|---|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | आलुको क्षेत्रफल (हेक्टर) (MoALD, 2079/80) | आलुको उत्पादन (मेटन) (MoALD, 2080/81) | आलुको उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2080/81) | |
| नेपालको जम्मा | १८९५३६७ | १०४७३८ | २०३८११.५० | ३४८७८१५.७० | १७.११ | १०७.६३ |
| कर्णाली प्रदेश जम्मा | १४१३३८ | ७२६१ | १३९६७.०० | २१२७०२.४५ | १५.२३ | ११३.३८ |
| मुगु जिल्ला जम्मा | ६३४२ | ५२९.७० | ७१५.०० | ११२६१.२५ | १५.७५ | ११३.४ |
| खत्याड गाउँपालिका | १२५९ | ८६.८६ | - | १३६७.९७ | १५.७५ | ४७.२२ |

नोट: स्थानीय तहको उत्पादन जिल्लाको औषत उत्पादकत्वको आधारमा हिसाव गरिएको

# ६) तेलहन वाली सम्वन्धि विवरण

## ६.१. तेलहन वाली खेती गर्ने कृषक परिवार र वाली लगाइएको क्षेत्रफल

| प्रदेश, जिल्ला र स्थानीय तह | तेल बाली | | | नेपाल प्रदेश जिल्लाको तुलनामा पालिकाको | |
|---|---|---|---|---|---|
| | परिवार संख्या | क्षेत्रफल | प्रति कृषक परिवार क्षेत्रफल (हेक्टर) | परिवार संख्या (%) | क्षेत्रफल (%) |
| नेपालको जम्मा | १२१९३५६ | १८०१४१ | ०.१५ | ०.०१ | ०.०० |
| कर्णाली प्रदेश जम्मा | ७००६५ | ४६२२ | ०.०७ | ०.१३ | ०.०८ |
| मुगु जिल्ला जम्मा | ३२४ | १७.९२ | ०.०६ | २७.३६ | १९.६३ |
| खत्याड गाउँपालिका | ८९ | ३.५२ | ०.०४ | १००.०० | १००.०० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

## ६.२. तेलहन वाली लगाइएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| प्रदेश, जिल्ला र स्थानीय तह | तेल बाली | | | | |
|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | क्षेत्रफल (हेक्टर) (MoALD, 2080/81) | उत्पादन (मेटन) (MoALD, 2080/81) | उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2080/81) |
| नेपालको जम्मा | १२१९३५६ | १८०१४१ | २३९०३३ | २६२५६१ | १.१० |
| कर्णाली प्रदेश जम्मा | ७००६५ | ४६२२ | १६९२० | १७११० | १.०१ |
| मुगु जिल्ला जम्मा | ३२४ | १७.९२ | २९.०० | २६.९७ | ०.९३ |
| खत्याड गाउँपालिका | ८९ | ३.५२ | | ३.२७ | ०.९३ |

नोट: स्थानीय तहको उत्पादन जिल्लाको औषत उत्पादकत्वको आधारमा हिसाव गरिएको

## ७) तरकारी वाली सम्वन्धि विवरण

### ७.१. तरकारी खेती गर्ने कृषक परिवार र वाली लगाइएको क्षेत्रफल

| प्रदेश, जिल्ला र स्थानीय तह | तरकारी बाली | | | नेपाल प्रदेश जिल्लाको तुलनामा पालिकाको | |
|---|---|---|---|---|---|
| | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | प्रति कृषक परिवार क्षेत्रफल (हेक्टर) | परिवार संख्या (%) | क्षेत्रफल (%) |
| नेपालको जम्मा | १९७७५७१ | १०७७३३.८ | ०.०५ | ०.०२ | ०.०२ |
| कर्णाली प्रदेश जम्मा | ८१४७५ | ३३११.८३ | ०.०४ | ०.५८ | ०.५६ |
| मुगु जिल्ला जम्मा | १७३४ | ६७.३९ | ०.०४ | २७.२१ | २७.४५ |
| खत्याड गाउँपालिका | ४७२ | १८.५० | ०.०४ | १००.०० | १००.०० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

### ७.२. तरकारी वालीको क्षेत्रफल र उत्पादन

| प्रदेश र जिल्ला अनुसार स्थानीय तह | जम्मा तरकारी* | | | | | प्रतिव्यक्ति खान योग्य तरकारी उपलब्धता (के.जी) |
|---|---|---|---|---|---|---|
| | परिवार संख्या (NSCA, 2078) | क्षेत्रफल (हेक्टर) (NSCA, 2078) | क्षेत्रफल (हेक्टर) (MoALD, 2080/81) | उत्पादन (मेटन) (MoALD, 2080/81) | उत्पादकत्व (मेटन/हेक्टर) (MoALD, 2080/81) | |
| नेपालको जम्मा | १९७७५७१ | १०७७३३.८ | ३११८८५ | ४४४०११६ | १४.२४ | १२१.७९ |
| कर्णाली प्रदेश जम्मा | ८१४७५ | ३३११.८३ | १३०९० | १४६०६१ | ११.१६ | ७७.८६ |
| मुगु जिल्ला जम्मा | १७३४ | ६७.३९ | ३५५.५० | १९८९.०० | ५.५९ | २७.७३ |
| खत्याड गाउँपालिका* | ४७२ | १८.५० | | १०३.५० | ५.५९ | ४.९५ |

* कूल तरकारी उत्पादनमा काउली, वन्दा, तरकारी र अन्य तरकारीको उत्पादनजाइ जोडी यहां राखिएको ।

## ८) अन्य अस्थायी वाली खेती गर्ने कृषक परिवार र वाली लगाइएको क्षेत्रफल

| प्रदेश, जिल्ला र स्थानीय तह | अन्य अस्थायी बाली | | | नेपाल प्रदेश जिल्लाको तुलनामा पालिकाको | |
|---|---|---|---|---|---|
| | खेती गर्ने परिवार संख्या | क्षेत्रफल (हेक्टर) | प्रति कृषक परिवार क्षेत्रफल (हेक्टर) | परिवार संख्या (%) | क्षेत्रफल (%) |
| नेपालको जम्मा | १८४४४०५ | १२०१६५ | ०.०७ | ०.०५ | ०.०३ |
| कर्णाली प्रदेश जम्मा | १०९०३३ | ४३५८.६७ | ०.०४ | ०.८९ | ०.७६ |
| मुगु जिल्ला जम्मा | ३५९१ | १२६.३० | ०.०४ | २७.०८ | २६.१४ |
| खत्याड गाउँपालिका | ९७३ | ३३.०१ | ०.०३ | १००.०० | १००.०० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

# ९) फलफुल वाली खेती गर्ने कृषक परिवार र वाली लगाइएको क्षेत्रफल

## ९.१. स्याउ

| प्रदेश, जिल्ला र स्थानीय तह | स्याउ (NSCA, 2078) | | | | | | स्याउ (MoALD, 2080/81) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषक परिवार संख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट संख्या | प्रति परिवार वोट संख्या | प्रति परिवार क्षेत्रफल (हे.) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मेटन) | उत्पादकत्व (मेटन/हे.) |
| | | क्षेत्रफल (हेक्टर) | बोट संख्या | | | | | | | |
| नेपालको जम्मा | ६७१९० | ३०८०.१६ | २७२९७६५ | ४६०७२१ | ४७.४८ | ०.०४६ | १२४९२.०६ | ६२८४.७५ | ५४५०६ | ८.६७ |
| कर्णाली प्रदेश जम्मा | ३२२६५ | २१९७.५२ | २१७८८०३ | २९९४५६ | ७६.८१ | ०.०६८ | ८९२८ | ३६५१ | ३२९५१.७ | ९.०३ |
| मुगु जिल्ला जम्मा | ४२४८ | २१७.२३ | १९१८५० | २९५७७ | १३.१५ | ०.०१ | ५०५ | ३७५ | ३४८८ | ९.३० |
| खत्याड गाउँपालिका* | १२८८ | ५०.७८ | - | - | - | ०.०४ | - | - | ४७२.३४ | - |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८ र कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०/८१

* यस पालिकाको स्याउ लगाउने कृषक संख्या, वगैंचाको क्षेत्रफल र उत्पादन जिल्लाको कृषक संख्या, क्षेत्रफल र उत्पादकत्वको आधारमा अनुमान गरिएको

## ९.२. ओखर

| प्रदेश, जिल्ला र स्थानीय तह | ओखर (NSCA, 2078) | | | | | | ओखर (MoALD, 2080/81) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषक परिवार संख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट संख्या | प्रति परिवार वोट संख्या | प्रति परिवार क्षेत्रफल (हे.) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मेटन) | उत्पादकत्व (मेटन/हे.) |
| | | क्षेत्रफल (हेक्टर) | बोट संख्या | | | | | | | |
| नेपालको जम्मा | ५७२८४ | ६११.८९ | ५१६४४३ | २०७८१२ | १२.६४ | ०.०११ | ५३९८.७३ | २८११.०९ | १३३११.५ | ४.७४ |
| कर्णाली प्रदेश जम्मा | ११९७३ | १८०.५६ | १५५५५६ | ४५९०२ | १६.८३ | ०.०१५ | २३४६ | ९२९ | ४३०४.८९ | ४.६३ |
| मुगु जिल्ला जम्मा | ४५१ | ६.६८ | २३८४ | १५९८ | ८.८३ | ०.०१५ | २१२ | ७० | ३१३ | ४.४७ |
| खत्याड गाउँपालिका* | १३७ | १.५६ | - | - | - | ०.०१ | - | - | ६.९९ | - |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८ र कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०/८१

* यस पालिकाको ओखर लगाउने कृषक संख्या, वगैंचाको क्षेत्रफल र उत्पादन जिल्लाको कृषक संख्या, क्षेत्रफल र उत्पादकत्वको आधारमा अनुमान गरिएको

१०) प्रति व्यक्ति खाद्यान्न उपलव्धता (के जि प्रति वर्ष)

| प्रदेश, जिल्ला र स्थानीय तह | चामल | गहुंको पिठो | मकैको पिठो | कोदोको पिठो | जौ/उवाको पिठो | फापरको पिठो | जम्मा |
|---|---|---|---|---|---|---|---|
| नेपालको जम्मा | १२७.५८ | ५२.३५ | ७६.६६ | ८.७६ | ०.५६ | ०.३२ | २६६.२३ |
| कर्णाली प्रदेश जम्मा | ५५.८५ | ६७.५१ | १०७.३३ | ९.८३ | ३.७४ | १.१५ | २४५.४१ |
| मुगु जिल्ला जम्मा | १०.१२ | ३८.०२ | २३.१९ | ५५.२५ | ९.१६ | ६.५८ | १४२.३२ |
| खत्याड गाउँपालिका | २२.९० | ५२.५२ | ४.७७ | १५.४० | ७.५८ | ०.०६ | १०३.२३ |

## ११) पशुपालन गर्ने कृषक परिवार र पशुवस्तुको संख्या

### ११.१. गाइ/गोरु

| प्रदेश, जिल्ला र स्थानीय तह | जम्मा कृषक परिवार संख्या | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | गाई/गोरु | | | | प्रति कृषक परिवार गाइ/गोरुको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार संख्या | जम्मा गाई/गोरु संख्या | स्थानीय संख्या | उन्नत संख्या | जम्मा गाई/गोरु संख्या | स्थानीय संख्या | उन्नत संख्या |
| नेपालको जम्मा | ४१३०७८९ | ३४०५०१४ | १७०८४२१ | ४५५९२७७ | ४२५१९०५ | ३०७३७३ | २.६७ | २.४९ | ०.१८ |
| कर्णाली प्रदेश जम्मा | ३०२६४० | २७२६०३ | २१६७९९ | ६५८३७० | ६५३४६० | ४९१० | ३.०४ | ३.०१ | ०.०२ |
| मुगु जिल्ला जम्मा | १०९२९ | ९८४७ | ९३४७ | ३७७५० | ३७७०० | ५० | ४.०४ | ४.०३ | ०.०१ |
| खत्याड गाउँपालिका* | ३३१४ | ३११७ | २९९९ | १३३४२ | १३३२५ | १८ | ४.४५ | ४.४४ | ०.०१ |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

* मुगु जिल्लामा राष्ट्रिय कृषि गणना २०७८ अनुसार स्थानीय र उन्नत गाइ/गोरुको संख्याको आधारमा यस पालिकाको कूल गाइ/गोरु संख्यामा स्थानीय र उन्नत संख्या अनुमान गरिएको ।

### ११.२. रांगा/भैंसी

| प्रदेश, जिल्ला र स्थानीय तह | जम्मा कृषक परिवार संख्या | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | राँगा/भैंसी | | | | प्रति कृषक परिवार रांगा/भैंसीको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार संख्या | राँगा/भैंसी संख्या | स्थानीय संख्या | उन्नत संख्या | जम्मा राँगा/भैंसी संख्या | स्थानीय संख्या | उन्नत संख्या |
| नेपालको जम्मा | ४१३०७८९ | ३४०५०१४ | १४१७०२८ | २९२३१३२ | २७६८०६८ | १५५०६४ | २.०६ | १.९५ | ०.११ |
| कर्णाली प्रदेश जम्मा | ३०२६४० | २७२६०३ | ८६९६७ | १६४११७ | १६२१४९ | १९६८ | १.८९ | १.८६ | ०.०२ |
| मुगु जिल्ला जम्मा | १०९२९ | ९८४७ | २०२४ | ३८१५ | ३८१५ | ० | १.८८ | १.८८ | ०.०० |
| खत्याड गाउँपालिका* | ३३१४ | ३११७ | १०३३ | १९१७ | १९१७ | ० | १.८६ | १.८६ | ०.०० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

* मुगु जिल्लामा राष्ट्रिय कृषि गणना २०७८ अनुसार स्थानीय र उन्नत राँगा/भैंसीको संख्याको आधारमा यस पालिकाको कूल राँगा/भैंसी संख्यामा स्थानीय र उन्नत संख्या अनुमान गरिएको ।

## ११.३. बाखा/च्यांग्रा

| प्रदेश, जिल्ला र स्थानीय तह | जम्मा कृषक परिवार संख्या | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | बाखा/च्याङ्ग्रा | | | | प्रति कृषक परिवार बाखा/च्याङ्ग्राको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार संख्या | बाखा/च्याङ्ग्रा संख्या | स्थानीय संख्या | उन्नत संख्या | जम्मा बाखा/च्याङ्ग्रा संख्या | स्थानीय संख्या | उन्नत संख्या |
| नेपालको जम्मा | ४१३०७८९ | ३४०५०१४ | २४५१५८३ | १४२४२१५६ | १३७०२०७८ | ५४००७८ | ५.८१ | ५.५९ | ०.२२ |
| कर्णाली प्रदेश जम्मा | ३०२६४० | २७२६०३ | १८६७३३ | १२७२५८१ | १२४४१८६ | २८३९४ | ६.८१ | ६.६६ | ०.१५ |
| मुगु जिल्ला जम्मा | १०९२९ | ९८४७ | २५९७ | ३५९९४ | ३५२९३ | ७०० | १३.८६ | १३.५९ | ०.२७ |
| खत्याड गाउँपालिका* | ३३१४ | ३११७ | ७९७ | ६२६४ | ६१४२ | १२२ | ७.८६ | ७.७१ | ०.१५ |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

* मुगु जिल्लामा राष्ट्रिय कृषि गणना २०७८ अनुसार स्थानीय र उन्नत बाखा/च्याङ्ग्राको आधारमा यस पालिकाको कूल बाखा/च्याङ्ग्रा संख्यामा स्थानीय र उन्नत संख्या अनुमान गरिएको ।

## ११.४. भेंडा

| प्रदेश, जिल्ला र स्थानीय तह | जम्मा कृषक परिवार संख्या | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | भेंडा/भेंडी | | | | प्रति कृषक परिवार भेंडा/भेंडीको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार संख्या | भेंडा/भेंडी संख्या | स्थानीय संख्या | उन्नत संख्या | जम्मा भेंडा/भेंडी संख्या | स्थानीय संख्या | उन्नत संख्या |
| नेपालको जम्मा | ४१३०७८९ | ३४०५०१४ | ७२७३६ | ४७८१७५ | ४७३३६४ | ४८११ | ६.५७ | ६.५१ | ०.०७ |
| कर्णाली प्रदेश जम्मा | ३०२६४० | २७२६०३ | २८६२१ | २०३८५० | २०३८३४ | १६ | ७.१२ | ७.१२ | ०.०० |
| मुगु जिल्ला जम्मा | १०९२९ | ९८४७ | ८७४ | २९५०८ | २९५०८ | ० | ३३.७८ | ३३.७८ | ०.०० |
| खत्याड गाउँपालिका* | ३३१४ | ३११७ | २८५ | ९१०५ | ९१०५ | ० | ३१.९३ | ३१.९३ | ०.०० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

* मुगु जिल्लामा राष्ट्रिय कृषि गणना २०७८ अनुसार स्थानीय र उन्नत भेंडा/भेंडीको आधारमा यस पालिकाको कूल भेंडा/भेंडी संख्यामा स्थानीय र उन्नत संख्या अनुमान गरिएको ।

## ११.५. सुंगुर/वंगुर

| प्रदेश, जिल्ला र स्थानीय तह | जम्मा कृषक परिवार संख्या | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | सुगुँर/बंगुर | | | | प्रति कृषक परिवार सुगुँर/बंगुरको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार संख्या | सुगुँर/बंगुर संख्या | स्थानीय संख्या | उन्नत संख्या | जम्मा सुगुँर/बंगुर संख्या | स्थानीय संख्या | उन्नत संख्या |
| नेपालको जम्मा | ४१३०७८९ | ३४०५०१४ | ४२२५०१ | १३५७५०७ | ११७६२१६ | १८१२९१ | ३.२१ | २.७८ | ०.४३ |
| कर्णाली प्रदेश जम्मा | ३०२६४० | २७२६०३ | ६२९३ | १५८९३ | १५०३० | ८६३ | २.५३ | २.३९ | ०.१४ |
| मुगु जिल्ला जम्मा | १०९२९ | ९८४७ | १३८ | ३५२ | ३५२ | ० | २.५४ | २.५४ | ०.०० |
| खत्याड गाउँपालिका* | ३३१४ | ३११७ | १० | १० | १० | ० | १.०० | १.०० | ०.०० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

## ११.६. कुखुरा

### कुखुरापालन गर्ने कृषक परिवार र कुखुराको संख्या

| प्रदेश, जिल्ला र स्थानीय तह | जम्मा कृषक परिवार संख्या | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | कुखुरा | | | | प्रति कृषक परिवार कुखुराको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार संख्या | कुखुरा संख्या | स्थानीय संख्या | उन्नत संख्या | जम्मा कुखुरा संख्या | स्थानीय संख्या | उन्नत संख्या |
| नेपालको जम्मा | ४१३०७८९ | ३४०५०१४ | १७९९१३४ | ४५११८२१९ | २००९५९९१ | २५०२२२२८ | २५.०८ | ११.१७ | १३.९१ |
| कर्णाली प्रदेश जम्मा | ३०२६४० | २७२६०३ | १६३३७३ | २१३६९४० | १४७८६१९ | ६५८३२१ | १३.०८ | ९.०५ | ४.०३ |
| मुगु जिल्ला जम्मा | १०९२९ | ९८४७ | २७५८ | १५४४२ | १४०१८ | १४२५ | ५.६० | ५.०८ | ०.५२ |
| खत्याड गाउँपालिका* | ३३१४ | ३११७ | २६५ | २२९२ | २०८० | २११ | ८.६३ | ७.८४ | ०.८० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

* मुगु जिल्लामा राष्ट्रिय कृषि गणना २०७८ अनुसार स्थानीय र उन्नत कुखुराको आधारमा यस पालिकाको कूल कुखुरा संख्यामा स्थानीय र उन्नत संख्या अनुमान गरिएको ।

### ११.७. हांस तथा अन्य पन्छि

**हांस तथा अन्य पन्छि पालन गर्ने कृषक परिवार र पन्छिको संख्या**

| प्रदेश, जिल्ला र स्थानीय तह | जम्मा कृषक परिवार संख्या | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | हांस तथा अन्य पन्छि | | |
|---|---|---|---|---|---|
| | | | कृषक परिवार संख्या | हांस तथा अन्य पन्छी संख्या | प्रति कृषक परिवार हांस तथा अन्य पन्छिको संख्या |
| नेपालको जम्मा | ४१३०७८९ | ३४०५०१४ | ३३६१५३ | २७८१४८५ | ८.२७ |
| कर्णाली प्रदेश जम्मा | ३०२६४० | २७२६०३ | १०२९३ | ५००३९ | ४.८६ |
| मुगु जिल्ला जम्मा | १०९२९ | ९८४७ | २८८ | १०६० | ३.६८ |
| खत्याड गाउँपालिका | ३३१४ | ३११७ | २० | ४९ | २.५० |

श्रोत: राष्ट्रिय कृषि गणना २०७८

## १२) पशुजन्य उत्पादन तथ्यांक

### १२.१. दुध उत्पादन

### १२.१.१. गाइको दुध उत्पादन

| प्रदेश, जिल्ला र स्थानीय तह | गाइको दुध उत्पादन अनुमान | | | |
|---|---|---|---|---|
| | गाई/गोरु संख्या (NSCA, 2078) | दुहुना गाइको संख्या (MoALD, 2023/24) | गाइको दुध उत्पादकत्व (MoALD, 2023/24) (लि प्रति वर्ष प्रति दुहुना गाइ) | गाइको दुध उत्पादन (MoALD, 2023/24) (मेटन प्रति वर्ष) |
| नेपालको जम्मा | ४५५९२७७ | १०६३१८९ | १२०५.५४ | १२८१७१८ |
| कर्णाली प्रदेश जम्मा | ६५८३७० | ९७८७८ | २५२.९७ | २४७६० |
| मुगु जिल्ला जम्मा | ३७७५० | ५५८९ | १५७.८१ | ८८२ |
| खत्याड गाउँपालिका | १३३४२ | १९७५ | १५७.८१ | ३११.७३ |

* यस पालिकाको दुहुना गाइको संख्या मुगु जिल्लाको दुहुना गाइ र कूल गाइ/गोरुको संख्याको अनुपातको आधारमा अनुमान गरिएको ।
# यस पालिकाको गाइको दुध उत्पादन मुगु जिल्लाको दुहुना गाइको दुध उत्पादकत्वको आधारमा अनुमान गरिएको

## १२.१.२. भैंसीको दुध उत्पादन

| प्रदेश, जिल्ला र स्थानीय तह | भैंसीको दुध उत्पादन अनुमान | | | |
|---|---|---|---|---|
| | रांगा/भैंसीको संख्या (NSCA, 2078) | दुहुना भैंसीको संख्या (MoALD, 2023/24) | भैंसीको दुध उत्पादकत्व (MoALD, 2023/24) (लि प्रति वर्ष प्रति दुहुना भैंसी) | भैंसीको दुध उत्पादन (MoALD, 2023/24) (मेटन प्रति वर्ष) |
| नेपालको जम्मा | २९२३१३२ | १२५१३२३ | ११२०.५४ | १४०२१५६.०३ |
| कर्णाली प्रदेश जम्मा | १६४११७ | ५७५२६ | १५५३.६६ | ८९३७६.०० |
| मुगु जिल्ला जम्मा | ३८१५ | १२८५ | ११४२.४१ | १४६८.०० |
| खत्याड गाउँपालिका | १९१७ | ६४६ | ११४२.४१ | ७३७.७३ |

* यस पालिकाको दुहुना भैंसीको संख्या मुगु जिल्लाको दुहुना भैंसी र कूल रांगा/भैंसीको संख्याको अनुपातको आधारमा अनुमान गरिएको ।

# यस पालिकाको भैंसीको दुध उत्पादन मुगु जिल्लाको दुहुना भैंसीको दुध उत्पादकत्वको आधारमा अनुमान गरिएको

## १२.१.३. पालिकाको कूल दुध उत्पादन

| प्रदेश, जिल्ला र स्थानीय तह | गाइको दुध उत्पादन (मेटन प्रति वर्ष) | भैंसीको दुध उत्पादन (मेटन प्रति वर्ष) | कूल दुध उत्पादन (मेटन प्रति वर्ष) | प्रतिव्यक्ति दुध उपलव्धता (लि) |
|---|---|---|---|---|
| नेपालको जम्मा | १२८१७१८ | १४०२१५६ | २६८३८७४ | ९२.०३ |
| कर्णाली प्रदेश जम्मा | २४७६० | ८९३७६ | ११४१३६ | ६७.६ |
| मुगु जिल्ला जम्मा | ८८२ | १४६८ | २३५० | ३६.४१ |
| खत्याड गाउँपालिका | ३११.७३ | ७३७.७३ | १०४९.४६ | ५५.७३ |

श्रोत: MoALD, 2023/24

## १२.२. मासु उत्पादन

| प्रदेश, जिल्ला र स्थानीय तह | मासु उत्पादन अनुमान (मेटन प्रति वर्ष)* | | | | | | | प्रतिव्यक्ति मासु उपलव्धता (के.जी) |
|---|---|---|---|---|---|---|---|---|
| | रांगा/ भैंसी | भेंडा | खसी/वोका | सुंगुर/बंगुर | कुखुरा | हांस तथा अन्य पन्छि | जम्मा | |
| नेपालको जम्मा | १३८२७१ | २७६२ | ८६२८० | ३९१८३ | १८००७६ | ११९५ | ४४७७६७ | १५.३५ |
| कर्णाली प्रदेश जम्मा | ६२५५ | १२२२ | ९७१४ | २५२६ | ४६७४ | १४ | २४४०५ | १४.४५ |
| मुगु जिल्ला जम्मा | ७५ | ३८८ | १५३ | ३७ | १३ | १ | ६६७ | १०.३३ |
| खत्याड गाउँपालिका* | ३७.८५ | ११९.७२ | २६.६३ | १.०३ | १.८६ | ०.०५ | १८७.१३ | ९.९४ |

श्रोत: MoALD, 2023/24

* कृषि तथा पशुपन्छि विकास मन्त्रालयको प्रकाशित तथ्यांकलाइ आधार मानी मुगु जिल्लाको प्रत्येक पशुको मासु उत्पादकत्वको आधारमा यस पालिकाको मासु उत्पादन अनुमान गरिएको ।

## १२.३. अण्डा उत्पादन

| प्रदेश, जिल्ला र स्थानीय तह | अण्डा उत्पादन अनुमान* | | | | | प्रतिव्यक्ति अन्डा उपलव्धता (गोटा) |
|---|---|---|---|---|---|---|
| | अण्डा दिने कुखुरा संख्या | अण्डा दिने हांस संख्या | कुखुराको अण्डा संख्या (हजार गोटा) | हांसको अण्डा संख्या (हजार गोटा) | जम्मा अण्डा उत्पादन (हजार गोटा) | |
| नेपालको जम्मा | १३४८७१२२ | ४४४२९२ | १६०२७५४.७८ | ४२६५२ | १६४५४०७ | ५६.४ |
| कर्णाली प्रदेश जम्मा | ६२६२३८ | ८९७७ | ४३१४०.०० | ८०८ | ४३९४८ | २६.०३ |
| मुगु जिल्ला जम्मा | ३०६८ | ८६ | २९८ | ७.७४ | ३०६ | ४.७४ |
| **खत्याड गाउँपालिका*** | **४५५** | **४** | **४४.२२** | **०.३६** | **४४.५८** | **२.३७** |

श्रोत: MoALD, 2023/24

* कृषि तथा पशुपन्छि विकास मन्त्रालयको प्रकाशित तथ्यांकलाइ आधार मानी मुगु जिल्लाको अण्डा दिने कुखुरा तथा हांसको संख्या अनुमान गरी जिल्लाको अण्डा उत्पादकत्वको आधारमा यस पालिकाको अण्डा उत्पादन अनुमान गरिएको ।

## १२.४. ऊन उत्पादन

| प्रदेश, जिल्ला र स्थानीय तह | ऊन उत्पादन अनुमान* | |
|---|---|---|
| | भेंडाको संख्या | ऊन उत्पादन (के.जी.) |
| नेपालको जम्मा | ६५२२२३ | ३८९७४२ |
| कर्णाली प्रदेश जम्मा | २५४५३६ | १३४००० |
| मुगु जिल्ला जम्मा | २९५०८ | ३००० |
| **खत्याड गाउँपालिका*** | **९१०५** | **९२६** |

श्रोत: MoALD, 2023/24

* कृषि तथा पशुपन्छि विकास मन्त्रालयको प्रकाशित तथ्यांकलाइ आधार मानी मुगु जिल्लाको भेंडाको संख्या र ऊन उत्पादकत्वको आधारमा यस पालिकाको ऊन उत्पादन अनुमान गरिएको ।

# परिच्छेद ४: रणनैतिक कृषि विकास योजना (२०८३/८४-२०८७/८८)

## ४.१. दूरदृष्टि, लक्ष र उद्देश्यहरु:

**खत्याड गाउँपालिकाले** आयोजना गरेको सहभागितात्मक योजना तर्जुमा गोष्ठीमार्फत निम्नानुसारका दूरदृष्टि, लक्ष्य तथा उद्देश्यहरू पहिचान गरिएको थियो ।

दूरदृष्टी **(Vision): "सुखी खत्याडवासी: समृद्ध खत्याड"**

लक्ष **(Goal): "जलवायु उत्थानशील कृषिको माध्यमबाट खाद्य तथा पोषण सुरक्षा, आत्मनिर्भर, रोजगारी श्रृजना र आम्दानीमा वृद्धि गर्ने"**

### कृषि विकास तर्फका उद्देश्यहरु (Objectives):

**१. उत्थानशील एवं व्यावसायीक कृषि मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने**

**२. मूल्यश्रृंखलामा आधारित रही कृषि वाली वस्तुको वजार प्रवर्द्धन गर्ने**

**३. वातावरणमैत्री प्रविधि मार्फत रैथाने वाली र जैविक विविधताको संरक्षण गर्ने**

### पशु विकास तर्फका उद्देश्यहरु (Objectives):

**१. पशुपन्छीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने**
**२. पशुपन्छीको व्यावशायमा मुल्य श्रृँखला व्यवस्थापन गरी बजार प्रर्वधन गर्ने**
**३. जैविक विविधता तथा रैथाने जातको पशु पन्छीहरुको व्यावसायिकरण र संरक्षण गर्ने**

### उद्यम विकास तर्फका उद्देश्यहरु (Objectives):

**१. विभिन्न बाली तथा पशुजन्य उत्पादन, प्रशोधन गरी उद्यम स्थापना तथा व्यावशाय सँचालन गर्ने**
**२. काष्ठकला, कुटानी पिसानी तथा अन्य उत्पादन प्रशोधन रोजगारी श्रृजना गर्ने**
**३. गैह्र काष्ठ बन पैदावरहरु प्रशोधन गरी आय आर्जन गर्ने**
**४. शिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने**

## ४.२. सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौति विश्लेषण (SWOT Analysis)

**समस्या र चुनौती**

खत्याड गाउँपालिकाको प्रमुख समस्यामा यहांको भूगोल, यातायातको असुविधा, हिउंद वर्षा याममा चल्ने बाटोघाटोको कमी, भएका पनि मर्मत सम्भारको कमी, सदरमुकामसंग नै दूरी छोटो भएतापनि पहुंच हुन नसकेको, संचार माध्यमको कमी, अधिकांश जनताको शिक्षामा कमी, गरिवी आदिले गर्दा यो पालिकामा समस्या तथा चुनौतीहरु धेरै रहेकाछन् ।

कृषि क्षेत्रको सन्दर्भमा कृषि वस्तुहरूको उत्पादन र उत्पादकत्वको सम्भावनाको तुलनामा वास्तविक उत्पादन तथा उत्पादकत्व न्यून हुनु प्रमुख समस्या हो। कृषि, पशुपन्छीपालन प्रणालीमा आधुनिकता प्रवेश गर्न नसक्नु, पूर्वाधार विकासमा सरकारी लगानी न्यून हुनु, उत्पादकले आफ्ना उत्पादनको उचित मूल्य नपाउनु, कृषकसँग जमिनको स्वामित्व नहुनु वा स्वामित्व भएकासँग पनि जमिनको टुक्राटुक्रीकरण हुनु, कृषि तथा पशुपालन व्यवसाय मर्यादित र आकर्षक नहुनु, युवाहरूलाई आकर्षित गर्न नसक्नु, उत्पादन लागत उच्च हुनु, नवीन प्रविधि अपनाउन नसक्नु, अत्यधिक बसाइँसराइ हुनु, वैदेशिक रोजगारीमा गएकाहरू गाउँ फर्कन नचाहनु जस्ता समस्याहरू देखा परेका छन्।

भू-उपयोग नीतिको कार्यान्वयनमा जटिलता हुनु, भूमि उपयोगसम्बन्धी स्पष्ट कानुनको अभावमा कृषियोग्य जमिन अन्य प्रयोजनमा प्रयोग हुनु, अप्ठ्यारो भू-अवस्था र कमजोर ग्रामीण पूर्वाधार, छिमेकी मुलुक तथा तेस्रो मुलुकबाट आयातित कृषिउपजहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु, र कृषिउपजको गुणस्तर तथा मूल्यमा प्रतिस्पर्धात्मकता नहुनु थप चुनौतीहरू हुन्।

वाली तथा पशुपालनको विशिष्टीकृत पकेट क्षेत्रहरूको पहिचान नभएको, कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायीकरण हुन नसक्दा लागत घटाएर उत्पादन बढाउन नसकिएको, उच्च मूल्यका उपज वर्गीकरण हुन नसकेको, प्राङ्गारिक खेती प्रवर्द्धनमा अझै काम गर्न नसक्नु, पर्यटनसँग कृषि विविधीकरणको समन्वय नहुनु, कृषि सूचना प्रविधिको प्रयोग नहुनु, प्राविधिक सेवा ढिलो तथा अक्षम हुनु, प्राविधिकहरूको दक्षता अभिवृद्धि नहुनु पनि समस्याको रूपमा देखा परेका छन्।

यस्तै, गुणस्तरीय कृषि सामग्रीको आपूर्ति सुनिश्चित नहुनु, अनुदान, बीमा, ऋण, न्यूनतम समर्थन मूल्य, शीतभण्डार तथा बिक्री केन्द्रमा कृषकको पहुँच न्यून हुनु, उत्पादनको संस्थागत भण्डारण तथा बजारीकरण प्रणाली कमजोर हुनु, विषादीमुक्त तथा जैविक उत्पादन प्रवर्द्धनमा कमजोरी हुनु, चक्लाबन्दी प्रणालीको अभावमा यान्त्रिकीकरण र व्यवसायीकरणमा समस्या हुनु, सबै कृषकलाई

सूचना सञ्जालमा समेट्न नसक्नु, तालिम तथा सशक्तीकरण कार्यक्रमहरू प्रभावकारी नहुनु जस्ता कमजोरीहरू छन्।

त्यस्तै, तुलनात्मक लाभ भएका निर्यातयोग्य कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको उत्पादन वृद्धि गर्न आवश्यक पूर्वाधार, प्रविधि, सिँचाइ, अनुदान, बीउबिजन, यन्त्र, बिमा, बजारलगायत सम्पूर्ण पक्षलाई एकीकृत तथा रणनीतिक रूपमा परिचालन गर्न ढिला भइसकेको छ। युवा जनशक्तिलाई उद्यमशील बनाउँदै कृषि, पशुपालन, गैह्रकाष्ट बन पैदावार मा आधारित साना तथा लघुउद्यमको रूपमा विकास गर्नसमेत तत्कालीन आवश्यकता देखिन्छ। साथै, ढुवानी, भण्डारण, प्रशोधन, बजारीकरण र निर्यात प्रवर्द्धनका लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न तथा मूल्य श्रृंखला व्यवस्थित गर्न कानुनी सुधार आवश्यक देखिन्छ।

जलवायु परिवर्तन, जंगली जनावरबाट हुने क्षति, रैथाने बाली तथा जातको लोप, त्यससँग सम्बन्धित परम्परागत ज्ञान र प्रविधिको पुस्तान्तरण नहुनु, पशुपन्छीमा हाडनाता गर्भाधान, हाइब्रिड बीउ र पशु प्रयोगमा अनियन्त्रितता, "एक स्वास्थ्य रणनीति" को अभाव, कृषि तथा पशुपालनसम्बन्धी तथ्याङ्क प्रणालीमा एकरूपता नहुनु, सूचना प्रविधिको प्रयोग नहुनाले लागत बढ्नु आदि थप समस्या हुन्।

त्यस्तै, सहकारीहरूको मर्म र भावना अनुसार सञ्चालन नहुनु, व्यापारिक क्षमता तथा वित्त व्यवस्थापन कमजोर हुनु, अनुगमन र मूल्यांकन प्रणाली कमजोर हुनु, सहकारी उद्यम र उद्योग सञ्चालनमा आउन नसक्नु पनि संस्थागत समस्याका रूपमा देखा परेका छन्।

**अवसर**

दिगो विकास लक्ष्य अन्तर्गत खाद्य तथा पोषण सुरक्षालाई सुनिश्चित गर्न कृषि, पशुपन्छी तथा यससंग सम्वन्धित उद्यम क्षेत्रलाई संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारले उच्च प्राथमिकतामा राख्नु सकारात्मक संकेत हो। साथै, कृषि तथा पशुपालन र यससंग सम्वन्धि उद्यम क्षेत्रको उत्पादन र बजारीकरणमा निजी क्षेत्रको लगानी क्रमशः बढ्दै जानु, युवा पुस्ता उद्यमशील हुँदै नगद प्रवाहका क्षेत्रमा रुचि देखाउनु, र मौजुदा कृषकहरू आधुनिक कृषि प्रणालीप्रति आशावादी बन्नु महत्वपूर्ण अवसरहरू हुन्।

खाद्यान्नमा विशेष गरी कोदो, जौ/उवा, फापर, चिनो, कागुनो जस्ता वालीहरु, फलफूलमा स्याउ ओखर, तरकारीमा काउली, वन्दा जस्ता हिउंदे तरकारी, उच्च पहाडमा हुने आलु, पशुपालनमा विशेष गरी भेंडा च्यांग्राका लागि यस गाउँपालिकाको भूगोल र हावापानी अनुकूल हुनु, नेपाल सरकारको विभिन्न आयोजना/परियोजनाहरु जस्तै राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना (NAMP), उच्च मूल्य कृषि वस्तु उत्थानशील आयोजना (R-HVAP), पहाडी क्षेत्र काष्टफल तथा फलफुल विकास आयोजना (NAFHA) जस्ता आयोजनाहरु कार्यान्वयनमा हुनु, सहुलियत दरमा कृषि ऋण, बीमा, शीत भण्डारण, बीउ, जैविक/स्थानीय मल र सिँचाइको पहुँच विस्तार हुँदै जानु अवसरका महत्वपूर्ण आधार हुन्।

त्यसैगरी जैविक तथा प्रांगारिक खेती गर्न सकिने पकेट क्षेत्रहरूको पहिचान हुँदै जानु, कृषि तथा पशुपालनका विशिष्टीकृत क्षेत्रहरूको विकास, सूचना प्रविधिको प्रयोग बढ्नु, गाउँ गाउँमा इन्टरनेटको पहुँच विस्तार हुनु, सडक सञ्जालको बिस्तार, बजार केन्द्रहरूको स्थापना, जनस्तरमा खाद्य तथा पोषण सम्बन्धी चेतना वृद्धि हुनु र आहारा पद्धतिमा आएको सकारात्मक परिवर्तन समेत उल्लेखनीय अवसरहरू हुन्।

गाउँपालिकाभित्र कृषि उत्पादन क्षेत्र, स्थानीय वजार, र नजिकका उपभोक्ता बजारहरू बीच यातायात सञ्जाल विस्तार हुँदै जानु, कृषक सहकारीहरू बजारीकरणमा सक्रिय हुंदै जानु, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप र पूँजी कृषि क्षेत्रमा आकर्षित हुनु तथा सञ्चार प्रविधिको तीव्र विकासले सूचना पहुँच सजिलो हुनु अवसरका थप आधार हुन्।

अन्तर्राष्ट्रिय बजारको सन्दर्भमा तुलनात्मक लाभ भएका प्रांगारिक बाली वस्तुहरु तथा पशुपालन प्रणाली विकास गर्न सकिने, सिँचाइ पूर्वाधार विस्तार गरी खेतीयोग्य जमिनको उपयोगिता बढाउन सकिने, तथा प्रतिएकाइ श्रमिकबाट उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना पनि यस गाउँपालिकाको कृषि, पशुपन्छी क्षेत्र विकासका महत्वपूर्ण अवसरहरू हुन्।

## ४.३. नीति तथा रणनीतिहरु

कृषि क्षेत्रका उल्लेखित लक्ष तथा वाली, पशुपालन, गैह्रकाष्ठ बन पैदावार उपक्षेत्रका उद्देश्यहरू हासिल गर्नका लागि निम्नानुसारका नीति तथा रणनीतिहरू तय गरिएको छ। योजना तर्जुमा प्रक्रियाको क्रममा कृषि, पशुपन्छी र उद्यम विकाससम्बन्धी तिन वटा छुट्टाछुट्टै समूहहरूद्वारा

समूहगत कार्य सम्पन्न गर्दै समग्र गाउँपालिकाले अवलम्बन गर्नुपर्ने नीति तथा रणनीतिका विषयमा गहन छलफल र विश्लेषण गरिएको थियो।

यस विश्लेषणलाई आधार मानी संघीय, प्रादेशिक र स्थानीय तहमा लागू भइरहेका नीतिहरू, अन्य पालिकाहरूको सान्दर्भिक नीति तथा रणनीतिहरू, तथा विषय विशेषज्ञहरूको अनुभव र सुझावको समायोजन गरी **कृषि (वाली), पशुपालन र गैह्रकाष्ठ बन पैदावर (NTFPs) र यीनमा आधारित उद्यम/व्यवसाय** उपक्षेत्रसँग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू निम्नानुसार प्रस्तुत गरिएको छ।

### *४.३.१. कृषि (वाली), पशुपन्छी र उद्यम विकासका लागि संयुक्त नीति तथा रणनीतिहरु:*

| नीति | रणनीति |
|---|---|
| कृषि, पशुपंछी तथा उद्यम विकासको लागि अन्तरसरकारी समन्वय गर्ने | जोडिएका गाउँ तथा नगरपालिका, प्रदेश तथा संघीय सरकारको समन्वयमा अर्गानिक मल कारखाना, सिंचाई, पानीको बहु उपयोग, कृषि, पशुपन्छी बजार, दाना उद्योग, कृषि तथा पशुपन्छी रोग निदान प्रयोगशाला , दुध चिस्यान, दुध प्रशोधन उद्योग, चिस्यान केन्द्र/ कोल्ड स्टोर स्थापना गर्ने । |
| | जोडिएका गाउँ, नगरपालिका, प्रदेश तथा संघीय सरकारको समन्वयमा कृषि र पशुपन्छी श्रोत केन्द्र स्थापना, भुई तथा डाले घाँस, तरकारी विउ, फलफुल नर्सरी, श्रोत केन्द्र स्थापना गर्ने । |
| | कृषि तथा पशुपन्छी उत्पादन सामग्रीको आपूर्ति समयमा नै गर्ने संयन्त्र गठन र बैठक गर्ने । |
| | अन्तर सरकारी समन्वयमा बगैंचा सुधार र व्यवस्थापन केन्द्र स्थापना गरी, फलफुल बगैचाको स्वस्थता र स्वछता अभिवृद्धि गर्ने । |
| | जोडिएका गाउँ, नगरपालिका, प्रदेश तथा संघीय सरकारको समन्वयमा जलवायु परिबर्तन असर कम गर्ने सम्बन्धमा कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र स्थापना । |
| | अर्गानिक प्रमाणीकरण विधि र प्रक्रिया अनुशिक्षण विज्ञ टोलि गठन गरी कार्य गर्ने । |
| कृषि, पशुपन्छी उद्यम विकासको लागि | जोडिएका गाउँ, नगरपालिका, प्रदेश तथा संघीय सरकारको समन्वयमा नबिकरणीय उर्जाको प्रयोग गरी लिफ्ट सिंचाई, कृषिजन्य कुटिर, साना तथा |

| नीति | रणनीति |
| --- | --- |
| नविकरणीय उर्जाको प्रयोग गर्ने । | मझौलास्तरका उद्योग स्थापना गर्ने । |
| | कृषि, पशुपन्छी तथा त्यससंग सम्वन्धि उद्यम व्यवसाय गर्न नबिकरणीय उर्जाको प्रयोग गरी पावर टिलर, थ्रेसेर, मिल्किंग मेशिन, मिल्क एनालाईजर, फिडिंग मसिन, घरेलु दाना तयार गर्ने जस्ता औजार उपकरणहरुको प्रयोग गर्ने गराउने। |
| कृषि, पशुपन्छी तथा उद्यम विकासको लागि महिला युवा तथा पिछडा वर्गलाई प्रोत्साहन दिने । | युवा लक्षित बाख्रा पालन, कुटिर तथा साना उद्योग स्थापना गर्न अनुदान, सहुलियत कर्जा, गैसस समन्वय गर्ने । |
| | महिला लक्षित गाई तथा भैसी पालन कार्यक्रम संचालन गर्न अनुदान, सहुलियत कर्जा, गैसस समन्वय गर्ने । पिछडा वर्ग लक्षित्त कुखुरा, बंगुर, पालन, श्रोत केन्द्र स्थापना गर्न अनुदान, सहुलियत कर्जा, गैसस समन्वय गर्ने । |
| | सुचना प्रविधिको प्रयोग गरी कृषिजन्य ब्यापार, व्यवसाय, कृषि सामग्री, कृषि पर्यटन विकास गर्दै जाने । |
| | हरेक कृषि तथा पशुपन्छी विकासका गतिविधि संचालन गर्दा महिला, युवा, पिछडा वर्गलाई प्राथमिकता दिने । |
| खाद्य तथा पोषण सुरक्षाका उपायहरु अवलम्बन गर्ने । | पालिकाहरुको संयुक्त प्रयासमा विद्यालय खाजा लक्षित खाद्य प्रशोधन उद्योग स्थापना गर्ने |
| | विद्यालय नजिकको बाँझो जमिनमा कृषि तथा पशुपन्छी विषय अध्ययन गर्ने छात्र छात्रा लाई पढदै कमाउदै कार्य संचालन गर्ने । |
| | स्थानीय उपजको प्रयोग गरी वालवालिकाले मन पराउने खालका पौष्टिक खानाका परिकार बनाउने तालिम संचालन गर्ने । |
| | स्थानीय खाद्य वस्तुहरुको परिकार बनाउदै पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने । |
| कृषि तथा पशुपन्छी पालनमा तथा उद्यम व्यवसायहरुमा जलवायु उत्थान्शील पद्दती अपनाउने | कृषि तथा पशुपन्छी पालन एवं उद्यम व्यवसायमा जलवायु उत्थान्शील पद्दती कृषक पाठशाला संचालन गर्ने । |
| | सथानीय तह, प्रदेश र संघीय सरकाको समन्वयमा जलवायु उथान्शील कार्यदल तथा कोष स्थापना गरी जलवायु अल्पकालीन, मध्यकालिन तथा |

| नीति | रणनीति |
|---|---|
| । | दिर्घकालिन जलवायु परिवर्तन सामना रणनीति बैक स्थापना गर्ने । |
| | गोठेमल, झोल मल, मल्चिंग पद्दती, मौसमी तालिकामा हेरफेर, वाली सघनता, बैकल्पिक वाली जस्ता क्रियाकलाप संचालन गर्न तरिका तथा परिणाम प्रदर्शनी गर्ने । |
| | थोपा सिंचाई, प्लास्टिक वा जैविक टनेल, सुक्खा सहन सक्ने जातका वाली प्रोत्साहन गर्ने । |
| | कृषि तथा पशुपन्छी व्यवसाय महामारी द्रुत सम्बोधन कार्यदल गठन गरि परेको समयमा तुरुन्त कार्यमा खटिने व्यवस्था गर्ने । |
| कृषि तथा पशुपन्छी सम्बन्धि अनुसन्धान, प्रसार सेवा र कृषक को परिस्थितिकिय विरारण सहित तथ्यांक व्यवस्थापन गर्ने । | सुचना प्रविधिको प्रयोग अधिकतम प्रयोग गरी cloud base मा आधारित कृषि तथा पशुपन्छी विकास प्राविधिक सेवाको आवस्यकता पहिचान गरी सो अनुसार  कृषि तथा पशुपन्छी विकासका क्रियाकलाप संचालन गर्ने प्रणालीको विकास गर्ने । |
| | सुचना प्रविधिको प्रयोग अधिकतम प्रयोग गरी cloud base मा आधारित कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान गरी जलवायु परिवर्तनको सामना गर्ने द्रुत विधि वटा नया जातको पंजीकरण गर्ने पद्ती विकास गर्ने । |
| | कृषक तथा कृषि तथा पशु पन्छी फार्मको अभिलेखीकरण गर्ने र अध्यावधि गर्ने प्रणालीको विकास गर्ने । |
| | सालबसाली कृषि तथा पशुपन्छी शाखाले अनिवार्य रुपमा तथ्यांक संकलन, अध्यावधि र प्रकासन गर्ने । |
| | तथ्यांक संकलन, अध्यावधि गरी संघ र प्रदेश संग तथ्यांक आदान प्रदान गर्ने । |

### *४.३.२. कृषि (वाली) संग सम्वन्धित रणनीति तथा कार्यनीतिहरु:*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: उत्थानशील एवं व्यवसायीक कृषि मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने** | |

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि उत्पादन सामाग्रीको समयमै सर्वसुलभ ढंगबाट उपलब्ध गराइनेछ | प्रांगारिक/जैविक मल, बिउ वितरण प्रणालीमा सुधार गरिनेछ |
| | प्रांगारिक/जैविक मल विउ वितरणलाइ व्यवस्थित गर्न कृषि सहकारीहरुलाइ प्रवर्द्धन गरिनेछ, स्थानीयस्तरमा उपलव्ध हुने मलखादलाइ सुधार गरी लगिनेछ |
| | गुणस्तरीय विउ विजन उपलव्धतामा सुनिश्चितता गरिनेछ |
| | अनुसन्धान केन्द्रहरुसंग समन्वय गरी विउ विजन सर्वसुलभ तरिकाले समयमै आपूर्ति हुने वातावरण मिलाइनेछ |
| | उन्नत जातका वालीहरुको विउ तथा वेर्ना उत्पादन र आपूर्तिका लागि श्रोतकेन्द्रको स्थापना गरिनेछ |
| | समुदायस्तरमा समूह/सहकारी मार्फत विउ उत्पादन तथा भण्डारण गर्ने व्यवस्था गरिनेछ |
| | हाते ट्र्याक्टर, कर्न सेलर, कोदो चुट्ने मेसिन लगायतका मेसिनरी औजारहरू लागत साझेदारीमा वितरण गरिनेछ |
| | भौगोलिक वनावट अनुसारको कृषि यान्त्रिकरणको छनौट गरिनेछ र परम्परागत कृषि यन्त्रको उपयोगलाइ पनि प्रोत्साहन गरिनेछ |
| | पालिकाबाट ५० प्रतिशत अनुदानमा सिंचाइ मोटर/वोरिंग, सौर्य उर्जा, तथा अन्य सिंचाइ सम्वन्धि मशिनरी तथा उपकरणहरु उपलव्ध गराइनेछ । |
| | सिंचाइमा प्रयोग हुने विद्युत महसुलमा छुट दिने व्यवस्था मिलाइनेछ |
| कृषि पूर्वाधारहरुको विकास गरिने छ | कृषि योग्य जमिनमा सिंचाईको विस्तार गरी बाहैं महिना सिचाई सुविधा पुर्याइनेछ |
| | सतह सिंचाई प्रणालीको व्यवस्थापनलाई सुदृढ वनाइनेछ |
| | साना सिंचाइ तथा लिफ्ट सिंचाइ कार्यक्रमलाइ प्रोत्साहन गरिनेछ |
| | सिंचाइ पोखरी निर्माण, मुहान संरक्षण, हिउं संरक्षण, कुलो निर्माण, आकाशे पानी संकलन, थोपा सिंचाइ प्रविधि निर्माण विकास तथा विस्तार गरिनेछ |
| | पालिकास्तरमा प्रयोगशालाहरु (माटो परिक्षण, वाली संरक्षण) को स्थापना तथा संचालन गरिनेछ |
| | उत्पादनस्थलबाट वजार पहुंचका लागि कृषि सडकको विस्तार गरिनेछ |
| | तरकारी तथा फलफुलको उत्पादनोपरान्त नोक्सानीलाइ कम गर्न समुदायस्तरमा विद्युतीयका साथै शुन्य शक्ति शीत भण्डार निर्माण तथा संचालन गरिनेछ |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | कृषि उत्पादनलाइ भण्डारण गर्न सामुदायीक अन्न भण्डार निर्माण गरिनेछ |
| कृषि उत्पादन र उत्पादकत्व वढाउन भूमिको उचित व्यवस्थापन गरिनेछ | खेतीयोग्य जमिनलाइ समूह सहकारी मोडेल मार्फत उपयोग गरिनेछ |
| | वांझो जग्गामा खेती गरी उपयोगमा ल्याउन अनुदान एवं प्रोत्साहन गरिनेछ |
| | खण्डिकृत जमिनलाइ एकिकरण गरी चक्लावन्दि खेतिलाइ प्रोत्साहन गरिनेछ |
| | समूह सहकारी खेती प्रणाली र करार खेतीलाइ प्रोत्साहन गरिनेछ |
| | भूमि वैंक मार्फत वांझो तथा खेती हुन नसक्ने जग्गाहरुमा कृषि तथा पशुजन्य उद्योग व्यवसाय स्थापना गर्न प्रोत्साहन गरिनेछ |
| | वांझो जग्गामा खेती गर्नाका लागि भूमि वैंकको स्थापना गर्ने र संघीय ऐनमा टेकेर भूमि (भूउपयोग) सम्वन्धि ऐन नियम नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ |
| | युवाहरुलाइ भूमि वैंक मार्फत कृषि उत्पादनका लागि जग्गा भाडामा दिन प्रोत्साहन गरिनेछ |
| | बसाई सराईले गर्दा उपयोगमा नआएको तथा बाँझो जमीनमा कृषि खेति प्रवर्द्धन गर्न युवा लक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ |
| | कृषियोग्य भूमिलाइ वांझो राख्ने प्रवृत्तिलाइ निरुत्साहित गरिनेछ |
| | खाली जग्गामा शितोष्ण फलफुलको बगैंचा स्थापना र विस्तार गरिनेछ |
| प्राविधिक एवं अन्य आवश्यक सेवा प्रवाहको सुनिश्चित गरी कृषक तथा कृषि उद्यमलाइ उत्पादन वृद्धिमा प्रोत्साहित गरिनेछ | कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन कृषि, पशुपंछी उत्पादन वा प्रविधि हस्तान्तरणमा उदाहरणीय योगदान पुर्याउने कृषकलाई सम्मान गरिनेछ |
| | कृषक तथा प्राविधिकहरुको क्षमता अभिबृद्धि गरिनेछ |
| | कृषि अनुसन्धान, प्रविधि प्रसार र कृषि शिक्षाको पहुँच बढाइनेछ |
| | उन्नत वालीहरुको स्थलगत उत्पादन प्रदर्शन गरिनेछ |
| | कृषक पाठशाला कार्यक्रम संचालन गरिनेछ |
| | कृषि सम्बन्धि कार्यक्रमहरुको प्रभावकारी व्यवस्थापनको लागि किसान सूचिकरण गरिनेछ । |
| | कृषि पेशामा जोखिम कम गर्न कृषि वीमाको दायरामा वृद्धि गरिनेछ र विमा प्रिमियममा सहुलियत दिइनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | युवाहरुलाई गाउँ पालिकामा नै स्वरोजगारीको लागि उत्प्रेरित गर्दै कृषि तथा पशुपन्छी फर्म संचालनको लागि प्रोत्साहन गरिनेछ |
| | कृषि व्यवसायलाइ आधुनिक प्रविधिसंग जोड्दै डिजिटल प्रणालिबाट सेवा प्रवाह गरिनेछ |
| | कृषिमा यान्त्रीकरण गर्दै हाते ट्र्याक्टर, कर्न सेलर, कोदो चुट्ने मेसिन लगायतका मेसिनरी औजारहरू लागत साझेदारीमा वितरण गरिनेछ |
| | प्रतिफलमा आधारित प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ |
| | महिलामैत्री कृषि यान्त्रिकरणको व्यवस्था गरिनेछ |
| कृषिमा लगानीमा वृद्धि हुने वातावरण मिलाइनेछ | किसानलाई सहुलियत व्याजदरमा ऋण लगानी गर्न पालिकास्तरबाट थप व्याज अनुदानको व्यवस्था दिइनेछ |
| | कृषि ऋण लगानीका लागि सहकारीलाइ प्रवर्द्धन गरिनेछ |
| | कृषि ऋण प्रदान गर्ने वैंक तथा वित्तिय संघसंस्थाहरु र उत्पादक कृषकहरु वीच ऋण लगानीको लागि सहजिकरण गरिनेछ |
| | विदेशबाट फर्केका युवालाइ कृषिमा लगानी गर्न आकर्षण गरिनेछ |
| उच्च मूल्य जाने वाली वस्तुहरुको पकेट क्षेत्र निर्धारण गरी पकेट प्याकेज कार्यक्रम मार्फत कृषिलाइ व्यवसायीकरण र आधुनिकिकरण गरिनेछ | राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना लगायत अन्य आयोजना/परियोजना संग समन्वय गरी प्राथमिकता प्राप्त वाली वस्तुहरुको पकेट विस्तार गरिनेछ |
| | उच्च मूल्य जाने वाली वस्तुहरुको पकेट क्षेत्र निर्धारण गरी पकेट प्याकेज कार्यक्रम संचालन गरिनेछ |
| | परियोजनाहरुसंगको सहकार्यमा उपयुक्त स्थानमा कष्टम हायरिंग सेन्टरहरुको स्थापना एवं संचालन गरिनेछ |
| कृषकहरुको उत्पादन र वजारिकरणमा आउन सक्ने जोखिमहरु न्यूनिकरण गरिनेछ | कृषि तथा पशुपन्छी विमा कार्यक्रममा अनिवार्य सहभागी बनाउन हरेक वडामा सचेतना कार्यक्रम संचालन गरिनेछ |
| | वन्यजन्तुले क्षति नपुर्याउने खालको वालीहरुको खेतवारी वरीपरी केतुकी, टिमुर जस्ता घेरवार तथा वन्यजन्तु धपाउने आधुनिक तथा परम्परागत पद्दतिको प्रयोग गरिनेछ। |
| | कृषि उत्पादनको जोखिम न्यूनिकरण गर्न कृषि वाली वीमाको प्रिमियम शुल्कमा स्थानीय तहबाट विमा प्रिमियममा थप प्रोत्साहन अनुदान दिइनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | वाली संरक्षण घुम्ती सेवा, ल्याव सेवा, कृषक पाठशालाको माध्यमबाट कृषिवालीमा हुन सक्ने रोग किराहरुको प्रभावकारी ढंगबाट रोकथाम र नियन्त्रण गरिनेछ |
| | पालिकस्तरमा वाली संरक्षण प्रयोगशाला स्थापना गरिनेछ |
| **उद्देश्य २: मूल्यश्रृंखलामा आधारित रही कृषि वाली वस्तुको वजार प्रवर्द्धन गर्ने** | |
| कृषि मूल्यश्रृंखलाको विकास तथा अभिवृद्धि गरिनेछ | उच्च मूल्य जाने वाली वस्तुको पहिचान गरी सम्भाव्य उत्पादन पकेटहरुमा व्यावसायीक खेती विस्तार गरिनेछ |
| | उच्च मूल्यका वाली वस्तुको विउ उत्पादन, संरक्षण र वजारिकरण गरिनेछ |
| | उत्पादक कृषक र वजारकर्ता (Marketers) हरुवीच व्यवसायीक सम्वन्ध विस्तार (Buy-Back-Arrangement) मा सहजिकरण गरिनेछ |
| | उत्पादक कृषकहरु र व्यापारी तथा प्रशोधन उद्योगहरु वीच व्यवसायीक सम्वन्ध सुदृढ गरिनेछ |
| | कृषि उपज करार खेतीलाइ (Contract Farming) प्रोत्साहन गरिनेछ |
| | मूल्यश्रृंखलाका सबै पात्रहरु (Value chain actors) लाइ नियमित वजार मूल्य सूचना उपलव्ध गराइनेछ |
| बिशिष्ट स्थानीय पहिचान भएका र वढी मूल्य जाने वाली वस्तुको निर्यातमूखी उत्पादन अवलम्वन गरी स्थानीय वजारमा आपूर्ति र निर्यात समेत गरिनेछ | बिशिष्ट स्थानीय पहिचान भएका र वढी मूल्य जाने वाली वस्तुको छनौट गरिनेछ |
| | एक वडामा एक उत्पादन (विशिष्ट पहिचान भएको र वजार सम्भाव्य) लाइ प्रोत्साहन गरिनेछ |
| | बिशिष्ट स्थानीय पहिचान भएका र वढी मूल्य जाने वाली वस्तुको व्यवसायीक उत्पादनका लागि अनुदान सहयोग गरिनेछ |
| | निर्यात प्रवर्द्धनका लागि मांग तथा आपूर्ति सम्वन्धि अध्ययन गरिनेछ |
| | सुरक्षित भण्डारण तथा बजारीकरणको लागि कोल्ड स्टोर, शुन्यशक्ति भण्डारण (Cellar store) र कोशेली घर निर्माणमा सहयोग गरी वजारिकरणका लागि सहजीकरण गरिनेछ |
| | खाद्यान्न वालीलाई सुरक्षित भण्डारणको व्यवस्था मिलाइनेछ |
| कृषि वजारिकरणमा विचौलियाहरुलाइ निरुत्साहन | कृषि वाली वस्तुको मांग र आपूर्तिको आंकलन गरी पालिकाभित्र भएका कृषि वजार संरचनाहरुको भौतिक र संस्थागत सुधार गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| गरी कृषि उत्पादनको बजार व्यवस्थापनमा सुधार गरिनेछ | वजारको मांग र आपूर्ति अध्ययनको आधारमा उपयुक्त स्थानमा थप कृषि/हाट वजार वा संकलन केन्द्रहरु स्थापना गरिनेछ |
| | उत्पादन पकेट क्षेत्रमा आवश्यकतानुसार समुदायस्तरबाट संचालन हुने गरी कृषि उत्पादन संकलन केन्द्रको स्थापना गरिनेछ |
| | उत्पादित बस्तुको भण्डारण सुविधा (शितभण्डार, खाद्यान्न भण्डार) निर्माण गरिनेछ |
| | मुख्य अन्नवालीमा न्यूनतम समर्थन मूल्य निर्धारण गरी वजार सहजिकरण गरिनेछ |
| | कृषि वजार व्यवस्थापन समितिको संस्थागत एवं क्षमता विकास गरी कृषि वजार सुव्यवस्थित तवरले संचालन हुने वातावरण बनाइनेछ |
| | स्थानीयस्तरमा सहकारी एवं सामूहिक रुपमा वजार स्थापना र संचालनका लागि प्रोत्साहन गरिनेछ |
| | सहकारीहरुले सामूहिक वजारिकरणका लागि कृषि उपज ढुवानी साधन (कृषि एम्वुलेन्स)/गाडि/वाहनमा अनुदान दिने व्यवस्था मिलाइनेछ |
| **उद्देश्य ३ः वातावरणमैत्री प्रविधि मार्फत रैथाने वाली र जैविक विविधताको संरक्षण गर्ने** | |
| रसायन (मल, विषादि) को प्रयोगलाइ निरुत्साहित गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास एवं प्रसार गरिनेछ | कृषि अनुसन्धान केन्द्रबाट विकास गरिएको वातावरणमैत्री कृषि एवं जलवायु परिवर्तन सहन सक्ने प्रविधिहरुको प्रसार गरिनेछ |
| | जिल्लास्थित कृषि ज्ञानकेन्द्रहरुसंग समन्वय गरी वातावरणमैत्री कृषि प्रविधिहरुको प्रसार गरिनेछ |
| | जैविक र वानस्पतिक विषादिलाइ ५०% अनुदान दिने व्यवस्था गरिनेछ |
| | झोल मल गडयौला मल तथा प्रांगारिक मलहरुको प्रयोग वढाउन प्रोत्साहन गरिनेछ |
| | स्थानीयस्तरमा नै जैविक मल, विषादी उत्पादन गर्ने उद्योग स्थापनामा सहयोग गरिनेछ |
| | भिरालो जग्गाको माटो जोगाउन गह्रासुधार गरिनेछ |
| | एकिकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) विधि अवलम्वन गरी गराइ वातावरण एवं मानव स्वास्थ्यमा परिरहेको रासायनिक मल एवं विषादिको प्रभावलाइ न्यूनिकरण गरिनेछ |
| | रैथाने वालीलाइ परम्परागत प्रविधि (ढिकि जांतो) बाट प्रशोधन गरी व्राण्डिंग |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरिनेछ |
| | प्राविधिकहरुलाइ क्षमता विकास गरिनेछ |
| | कृषकहरुलाइ तालिम तथा अवलोकन भ्रमण गराइनेछ |
| स्थानीय जैबिक बिबिधताको संरक्षण एबम् उपयोग गरिनेछ | स्थानीय रैथाने जातका बालीनालीको संरक्षण र सम्बर्द्धन गरिनेछ र उत्पादक कृषकहरुलाइ रैथाने वाली उत्पादन गर्न सहयोग तथा प्रोत्साहन गरिनेछ |
| | गाउँपालिका भित्र रहेका बहुमुल्य जडिबुटीहरु चिराइतो, टिमुर, सतुवा, पाच औले लगायतका वस्तुहरु रोप्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ |
| | रैथाने वालीहरुलाइ ब्राण्डिंग, प्रशोधन तथा वजारिकरण गरिनेछ |
| | लोपोन्मुख जातका वालीहरु संरक्षण गरी व्यवसायीक उत्पादन गरी वढी मूल्यमा विक्रि गर्ने व्यवस्था गरिनेछ |
| | जैविक विविधता संरक्षणमा परम्परागत कृषि ज्ञान, सीप, एवं प्रविधिलाइ उपयोग गर्न प्रोत्साहन गरिनेछ |
| | वढी मूल्य पाउन सक्ने स्थानीय रैथाने वालीहरुको ब्राण्डिंग गरी उत्पादनमा व्यावसायीकरण र वजार व्यवस्थापन गरिनेछ |
| | जैविक विविधता सम्वन्धि प्रचार प्रसार एवं मेला महोत्सव आयोजना गरिनेछ |
| | खाली तथा वांझो जग्गामा कृषि वन प्रणालीलाइ प्रोत्साहन गरिनेछ |
| सम्भावित एवं उपयुक्त पकेट क्षेत्रहरुमा प्रांगारिक कृषि उत्पादन गर्न प्रोत्साहन गरिनेछ | अर्गानिक खेतालाइ प्रवर्द्धन तथा प्रोत्साहन गरिनेछ |
| | स्थानीयस्तरमा प्रांगारिक मल उत्पादनमा प्रोत्साहन गरिनेछ |
| | रोग किरा नियन्त्रणका लागि जैविक तथा वानस्पतिक विषादि प्रयोग गर्न प्रोत्साहन गरिनेछ |
| | प्रांगारिक कृषि उत्पादनको वजार व्यवस्थापनमा (ग्रेडिंग, लेवलिंग, ब्राण्डिंग आदि) सहजिकरण गरिनेछ |

### *४.३.३. पशुपन्छि तथा मत्स्य विकास संग सम्वन्धित रणनीति तथा कार्यनीतिहरुः*

पशुपन्छी तथा माछा विकास नीति / रणनीति तयार गर्ने (गाई, भैसी, बाखा, भेडा बंगुर, हास, कुखुरा, माछा, श्रोत केन्द्र समेटेर ), एक स्वास्थ्य रणनीति/ नीति , पशुपन्छी तथा माछा अनुदान वितरण नीति ( उत्पादन, विक्रिमा आधारित, आवश्याकतामा आधारीत .....) कृषि तथा पशुपन्छी विकासको लागी अनुदान

व्यवस्थित गर्ने नीति (महिला, युवा, दलित, जनजाती, लक्षित्त वर्ग, उत्पादन र विक्रिमा आधारित ) । त्यसै गरी कृषि तथा पशुपन्छी बजारीकरण नीति (मूल्य निर्धारण- लागतको आधार, मागको आधार, रैथाने, उन्नत जात समेटेर ), जलवायु परिवर्तन अनुकुलन तथा सामना, महामारी जन्य रोग नियन्त्रण नीति (द्रुत सामना टोलि- Rapid Response Team) जस्ता नीति तयार गर्नुपर्ने देखिन्छ ।

## रणनीति

उल्लेखित नीति कार्यान्वयनको लागि निम्न अनुसारको रणनीति अपनाइनेछ

- पशुपन्छीको नश्ल सुधार गरी पशुजन्य उत्पादन वृद्धि गरिनेछ ।
- पशुपन्छीलाइ आवश्यक पर्ने दाना घांसको व्यवस्था स्थानीयस्तरमै उपलव्ध गराउने वातावरणको सृजना गरिनेछ
- पशु उत्पादनमा आत्मनिर्भर बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ
- उन्नत जातका पशुपन्छीहरुको ब्याड तया गर्न स्थानीयस्तरमै श्रोतक्षेत्र स्थापना गरिनेछ
- पशुको नश्ल सुधारका लागि उन्नत नश्लका पशुपन्छी वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ
- गाइभैंसीमा कृत्रिम गर्भाधान कार्यक्रमलाइ निरन्तरता दिइनेछ
- युवालाई व्यवशायिक पशुपन्छी तथा मत्स्य पालनमा आकर्षण गर्न तथा सहकारीमा आबद्ध किसानलाई सहुलियत व्याजदरमा ऋण लगानी गर्ने वातावरण मिलाइनेछ
- सहुलियतपूर्ण कृषि ऋणको व्यवस्था गरिनेछ
- कृषि ऋणका लागि सहकारीलाइ प्रवर्द्धन गरिनेछ
- निजि फर्म, कृषि समूह र सहकारीहरुलाइ परिचालन गरिनेछ
- विदेशबाट फर्केका युवालाइ पशुपन्छी तथा मत्स्य पालनमा लगानी गर्न आकर्षण गरिनेछ
- कृषक सूचिकरण र अभिलेखिकरण गरिनेछ
- सुचना प्रविधिको प्रयोग अधिकतम प्रयोग गरी cloud base मा आधारित कृषि तथा पशुपन्छी विकास प्राविधिक सेवाको आवस्यकता पहिचान गरी सो अनुसार कृषि तथा पशुपन्छी विकासका क्रियाकलाप संचालन गर्ने प्रणालीको विकास गर्ने ।
- सुचना प्रविधिको प्रयोग अधिकतम प्रयोग गरी cloud base मा आधारित कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान गरी जलवायु परिवर्तनको सामना गर्ने द्रुत विधि वटा नया जातको पंजीकरण गर्ने पद्ती विकास गर्ने ।

- कृषक तथा कृषि तथा पशु पन्छी फार्मको अभिलेखीकरण गर्ने र अध्यावधि गर्ने प्रणालीको विकास गर्ने ।
- पशुपन्छी तथा मत्स्य व्यवसाय सम्बन्धि तथ्यांक व्यवस्थित गर्न पशुपन्छी तथा मत्स्य सूचना व्यवस्थापन प्रणाली अवलम्वन गरिनेछ
- कृषक लाई उद्यमी र पशुपन्छी तथा मत्स्य व्यवसायलाई उद्यमको रुपमा स्थापित गरिनेछ र कृषिमा उद्यमशीलताको प्रवर्द्धन गरिनेछ
- कृषि वाली तथा पशुपन्छी विमा कार्यक्रमको दायरा बढाइनेछ
- कृषि वाली तथा पशुपन्छी विमामा दिइने संघीय सरकारबाट प्रिमियममा दिइने अनुदानमा गाउँपालिकाबाट टपअप गरिनेछ
- वाली संरक्षण सेवा तथा पशुपन्छी खोप सेवालाइ प्रभावकारी रुपमा विस्तार गरिनेछ
- सिप सिकी विदेशबाट फर्किएका युवाहरुलाइ नमुना पशुपन्छी, मत्स्य तथा कृषि व्यवसाय संचालन गर्न प्रोत्साहन गरिने छ र कृषि व्यवसायमा आकर्षित गर्न तालिम तथा भ्रमणको व्यवस्था गरिनेछ ।
- विदेशबाट फर्किएका युवाहरुलाइ रोजगार सूचना केन्द्रमा सूचिकृत गरी विकास निर्माण कार्यमा परिचालन गरिनेछ ।
- वास्तविक कृषक पहिचान गरी सम्मानित गरिनेछ
- कृषक र व्यापारी वीच समन्वय वढाइ वजार सहजिकरण गरिनेछ
- प्रत्येक वडामा एक विशिष्ट पशुपन्छी, माछा, कृषि वाली वस्तुको पहिचान गरी विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ
- कृषि वजारको सम्भाव्यता अध्ययन गरी सोहि अनुसारको व्यवसायीक उत्पादन गर्न प्रोत्साहन गरिनेछ
- स्थानीय होटलहरुको मांग तथा स्थानीय उत्पादनको आपूर्ति गर्न सकिने कृषि उत्पादनको पहिचान गरी स्थानीय होटल तथा उत्पादक कृषि समूह सहकारी संस्थासंगको समन्वयमा स्थानीय उत्पादन प्रयोग गर्न प्रोत्साहन गरिनेछ
- संचालनमा रहेका कृषि समूह तथा तरकारी संकलन केन्द्रलाई कृषि उपज ढुवानीका लागि साझेदार निकाय संगको सहकार्यमा ५० प्रतिशतमा सवारी साधन खरिद अनुदान उपलब्ध गराईनेछ
- संकलन केन्द्र, कृषि हाटवजार, मासु पसल, डेरी पसल, शित भण्डार आदिको स्थापनामा सहजीकरण र सुधार गरिनेछ

- निजि तथा सहकारी संघ संस्थाहरुलाइ कृषिमा आधारित उद्योग स्थापना गरी संचालन गर्न प्रोत्साहन गरिनेछ
- न्यूनतम समर्थन मूल्य निर्धारण गरी कार्यान्वयन गरिनेछ ।
- उत्पादन लागत घटाउने प्रविधिहरुको प्रयोग बढाइनेछ
- ग्रेडिंग प्याकेजिंग ब्राण्डिंग गरी स्थानीय कृषि उत्पादन विक्रि वितरण गर्न प्रोत्साहन गरिनेछ
- सबै कृषि वजार तथा हाटवजारहरुको दैनिक तथा साप्ताहिक मूल्य सूचना संकलन तथा प्रेषण गरिनेछ
- उच्च मूल्य जाने रैथाने वालीहरुको वजारिकरण गरिने छ
- उच्च मूल्य जाने रैथानेवालीहरुको ब्राण्डिंग गर्न उद्योग बिभागसंग आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ
- विशेष कृषि/फलफुल /पशु / फूल पकेट क्षेत्रमा होमस्टेलाइ प्रवर्द्धन गरिनेछ
- एक स्वास्थ्य रणनीति तयार गरी जुनोटिक रोग नियन्त्रण गर्न थालनी गरिनेछ ।
- समुदायमा आधारित पशुपन्छी, मत्स्य तथा कृषि सिकाइ तथा पर्यटन केन्द्रको विकास गरी प्रवर्द्धन गरिनेछ
- प्रांगारिक तथा जैविक खेती प्रणालीको समायनुकूल विकास तथा विस्तार गरिनेछ
- पशुपालन व्यवसायलाइ प्रोत्साहन गरी प्रांगारिक मल प्रवर्द्धन गर्न, गोठे मल, गड्यूले मल, झोल मल तयार गर्न सुरु गरिनेछ

### *४.३.४. उद्यम विकास र गैह्रकाष्ठ बन पैदावर (NTFPs) संग सम्वन्धित रणनीति तथा कार्यनीतिहरु:*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: विभिन्न बाली तथा पशुजन्य उत्पादन, प्रशोधन गरी उद्यम स्थापना तथा व्यावशाय सँचालन गर्ने ।** | |
| विभिन्न वाली तथा वस्तुको विविधिकरण गरिनेछ | कृषि/पशुपालन/गैह्रकाष्ठ बन पैदावार जन्य उत्पादनलाइ विभिन्न उपभोगजन्य वस्तुहरु बनाइ वस्तु विविधिकरणमा जोड दिइनेछ |
| | वस्तुको विविधिकरण र मूल्य अभिवृद्धिका लागि सहयोग उपलव्ध गराइनेछ |
| | विविध प्रकारका वस्तु उत्पादन प्रशोधन (जस्तै स्याउको चाना, मूला, काउली, साग, सुकुटी गुन्द्रुक, अचार, जाम, जेली, जुस आदि) तथा वजारिकरण गर्ने तालिम तथा क्षमता अभिवृद्धि गरिने छ |
| युवा उद्यमीहरुको | उद्यमशिलताको लागि व्यावसायीक योजना बनाइ उद्यम गर्न प्रोत्साहन गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| उद्यमशिलता प्रवर्द्धन गर्दैउद्यमशिलताको विकास गरी जीविकोपार्जन मा सुधार गरिनेछ | लघु उद्यमलाइ प्रोत्साहन गरिनेछ |
| | उद्यमशीलताको विकासका लागि आवश्यक तालिम भ्रमण आदि कार्यक्रमहरु संचालन गरिनेछ |
| | नवप्रवर्तनीय उद्यम स्टार्टअप कोष (वीउ पुंजि कोष) स्थापना गरी सहुलियतपूर्ण कर्जाको माध्यमबाट उद्यम स्थापना र संचालनका लागि सहयोग गरिनेछ |
| | वित्तिय संस्था/वैंक संग सम्वन्ध विस्तार गरी उद्यमीहरुलाइ सहुलियत दरमा साना उद्यममा ऋण लगानी गर्न सहजिकरण गरिनेछ |
| | सम्भाव्य वाली जस्तै स्याउ, मूला, काउली, बन्दा बाट बन्ने अचार, गुन्द्रुक, साग सुकुटी बनाउने तालिम प्रदान गरिनेछ |
| | उद्यमीलाइ प्रोत्साहन तथा सम्मान गरिनेछ |
| स्थानीयस्तरमा कृषि/पशुपालन/गैह्रकाष्ठ बन पैदावारमा आधारित प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ | स्थानीयस्तरमा सम्भाव्य कृषि/पशुपालन/गैह्रकाष्ठ बन पैदावारजन्य वस्तुमा आधारित प्रशोधन उद्योग स्थापनामा सहयोग गरिनेछ |
| | साना उद्योग स्थापनामा सहयोग गरिनेछ |
| | साना उद्योग स्थापनामा स्थानीय सहकारीहरुलाइ प्राथमिकता दिइनेछ |
| | कृषि/पशुपालन/गैह्रकाष्ठ बन पैदावारजन्य वस्तुमा आधारित प्रशोधन उद्योगलाइ विद्युत महसुलमा छुट दिइनेछ |
| **उद्देश्य २: काष्ठकला, कुटानी पिसानी तथा अन्य उत्पादन प्रशोधन गरी रोजगारी श्रृजना गर्ने** | |
| पालिकाभित्र रहेका काष्ठ सम्वन्धि उद्योगलाइ प्रोत्साहन गरिनेछ | स्थानीय काष्टकलालाइ प्रोत्साहन गरिने छ |
| | काष्टजन्य साना उद्योग व्यवसायलाइ प्रोत्साहन गरी रोजगारी श्रृजना गरिनेछ |
| | कृषकहरुलाइ तालिम तथा अवलोकन भ्रमण गराइनेछ |
| स्थानीयस्तमा कुटानी पिसानी का साथै अन्य साना प्रशोधन उद्योग स्थापना गरिनेछ | स्थानीयस्तरमा नै स्थानीय उर्जा प्रयोग गरी कुटानी पिसानी जस्ता साना उद्योग व्यवसाय संचालन गर्न प्रोत्साहन गरिनेछ |
| | स्थानीय ज्ञान तथा सीपमा आधारित अन्य साना तथा मझौला खालका उद्यम व्यवसाय संचालन गर्न प्रोत्साहन गरिनेछ |
| **उद्देश्य ३: गैह्र काष्ठ बन पैदावरहरु प्रशोधन गरी आय आर्जन गर्ने** | |
| गैह्र काष्ठ बन पैदावरहरुमा आधारित उद्योग व्यवसाय | गैह्र काष्ठ बन पैदावरहरु संकलन तथा मूल्य अभिवृद्धि गर्ने कार्यमा आवश्यक पालिकास्तरको कार्यविधि / नियमावली तर्जुमा गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| संचालन गर्ने प्रोत्साहन गरिनेछ | स्वीकृत कार्यविधि/नियमावलीको आधारमा गैह्र काष्ठ बन पैदावरहरुबाट रेशा उत्पादन प्रशोधन गर्ने उद्योगलाइ पालिकाबाट प्रोत्साहन गरिने छ यसबाट रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ |
| **उद्देश्य ४:शिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने** | |
| कृषि, पशुपन्छी तथा स्थानीय स्तरका साना तथा मझौलास्तरका उद्यमी तथा व्यवसायीहरुलाइ सिपमूलक तालिम प्रदान गरी दझ जनशक्ती उत्पादन गरिनेछ । | उद्यमी/व्यवसायीहरुलाइ सिपमूलक तालिम प्रदान गरिनेछ । |
| | उद्यमी/व्यवसायीहरुलाइ विभिन्न क्षेत्रमा अध्ययन भ्रमण गराइ दक्षता वढाइनेछ । |

## ४.४. संचालन गरिने मुख्य मुख्य कार्यक्रमहरु

योजना तर्जुमा कार्यशालाका सहभागीहरुले छलफल गरी टिपोट गरिएका प्रत्येक उद्देश्य प्राप्तीका लागि समस्या, समस्याका कारण, र समस्या समाधानको लागि गर्नु पर्ने कार्यहरुको आधारमा तयार गरिएको कार्यक्रमहरुको ५ वर्षीय कृयाकलापहरु र वजेट विवरण परिच्छेद ५ मा प्रस्तुत गरिएको छ भने कार्यशालाका सहभागीहरुले पहिचान गरेका मुख्य मुख्य कार्यक्रम तथा क्रियाकलापहरुको विवरण निम्न खण्ड (४.४.१, ४.४.२ र ४.४.३) मा दिइएको छ ।

### *४.४.१. योजना तर्जुमा गोष्ठीबाट पहिचान गरिएका कृषि विकास तर्फको कार्यक्रम/क्रियाकलापहरु*

| सि. नं. | संचालन गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|
| **१** | **उद्देश्य १ उत्थानशील एवं व्यवसायीक कृषि मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने** |
| १.१. | **भूमि व्यवस्थापन कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.१.१. | भूमि व्यवस्थापन सम्वन्धि कार्यविधि निर्माण |
| १.१.२. | वांझो जग्गा राख्न निरुत्साहन गर्न ऐन नियम निर्माण गर्ने |
| १.१.३. | अव्यवस्थित भूस्वामित्वलाइ निरुत्साहित गर्दै चक्लावन्दि खेती प्रोत्साहन गर्ने |
| १.२. | **माटो व्यवस्थापन कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.२.१. | माटो परिक्षण |
| १.२.२. | गह्रा सुधार |
| १.२.३. | प्राङ्गारिक मल गोठ तथा भकारो सुधार गड्यौलि मल |
| १.३. | **उत्पादन सामाग्री आपूर्ति कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.३.१. | श्रोतकेन्द्र स्थापना |
| १.३.२. | नर्सरी स्थापना (फलफुल) |
| १.३.३. | हाते ट्रयाक्टर लगायतका मेसिनरी औजारहरू लागत साझेदारीमा वितरण |
| १.३.४. | उन्नत र गुणस्तरीय विउ विजन उत्पादन तथा वितरण |

| सि. नं. | संचालन गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|
| १.३.५. | ५० प्रतिशत अनुदानमा सिंचाइ मोटर/वोरिंग, सौर्य उर्जा, तथा अन्य सिंचाइ सम्वन्धि मशिनरी तथा उपकरणहरु उपलव्ध गराउने |
| १.३.६. | कृषि सामग्री व्यवस्थापन गर्ने |
| **१.४.** | **पूर्वाधार विकास कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.४.१. | साना सिंचाइ |
| १.४.२. | लिफ्ट सिंचाइ |
| १.४.३. | कुलो सिंचाइ |
| १.४.४. | पोखरी सिंचाइ (पाइप समेत) |
| **१.५.** | **वाली संरक्षण कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.५.१. | कृषक पाठशाला |
| १.५.२. | वाली उपचार/ संरक्षण शिविर, |
| १.५.३. | वाली संरक्षण सम्वन्धि गोष्ठी |
| १.५.४. | वन्यजन्तुले क्षति नपुर्याउने खालको (अदुवा, बेसार) वालीहरुको छनौट गरी खेती गर्ने तथा तालिम समेत |
| **१.६.** | **क्षमता विकास कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.६.१. | कृषकहरुलाइ क्षमता विकास तालिम तथा अवलोकन भ्रमण |
| १.६.२. | प्राविधिकहरुलाइ क्षमता विकास तालिम तथा भ्रमण |
| १.६.३. | प्राविधिक जनशक्ति पदस्थापना |
| १.६.४. | प्रांगारिक/जैविक खेति सम्वन्धि मौसम अनुसारको कार्यस्थल तालिम |
| **१.७.** | **वित्त तथा विमा सहजिकरण कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.७.१. | वाली विमा सहजिकरण |
| १.७.२. | कृषि कर्जा लगानीको व्याजमा अनुदान |
| **१.८.** | **प्राविधिक सेवा टेवा कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.८.१. | डिजिटल प्रविधिमार्फत किसान सूचिकरण एवं डिजिटल प्रणालिबाट सेवा प्रवाह |
| १.८.२. | उतकृष्ट कृषकहरुलाइ प्रोत्साहन/पुरस्कार |
| **१.९.** | **पकेट प्याकेज कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.९.१. | स्याउ तथा ओखर प्रवर्द्धन |
| १.९.२. | सुन्तला तथा कागती प्रवर्द्धन |
| १.९.३. | आंप तथा केरा खेती प्रवर्द्धन |
| **१.१०** | **कृषि सम्बन्धि अनुसन्धान, प्रसार सेवा र कृषक को परिस्थितिकिय विवरण सहित तथ्यांक व्यवस्थापन गर्ने।- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| १.१०.१. | सुचना प्रविधिको प्रयोग अधिकतम प्रयोग गरी cloud base मा आधारित कृषि विकास प्राविधिक सेवाको आवस्यकता पहिचान गरी सो अनुसार पशुपन्छी विकासका क्रियाकलाप संचालन गर्ने प्रणालीको विकास गर्ने। |
| १.१०.२. | सुचना प्रविधिको प्रयोग अधिकतम प्रयोग गरी cloud base मा आधारित कृषि सम्बन्धी अनुसन्धान गरी जलवायु परिवर्तनको सामना गर्ने द्रुत विधि अपनाई नया जातको पंजीकरण गर्ने पद्ती विकास गर्ने। |
| १.१०.३. | कृषक तथा कृषि फार्मको अभिलेखीकरण गर्ने र अध्यावधि गर्ने प्रणालीको विकास गर्ने। |
| १.१०.४. | सालबसाली कृषि शाखाले अनिवार्य रुपमा तथ्यांक संकलन, अध्यावधि र प्रकासन गर्ने। |
| १.१०.५. | तथ्यांक संकलन, अध्यावधि गरी संघ र प्रदेश संग तथ्यांक आदान प्रदान गर्ने। |
| **२** | **उद्देश्य २. मूल्यश्रृंखलामा आधारित रही कृषि वाली वस्तुको वजार प्रवर्द्धन गर्ने** |
| **२.१.** | **बजार पहुंच कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| २.१.१. | कृषि सडक निर्माण / मर्मत |
| २.१.२. | कृषि एम्वुलेन्स सेवा |
| २.१.३. | कृषि संकलन केन्द्र निर्माण तथा संचालन |
| **२.२.** | **बजार प्रवर्द्धन कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| २.२.१. | कोशेली घर निर्माण |
| २.२.२. | कोल्डस्टोर निर्माण |
| २.२.३. | शुन्यशक्ति (सेलार) स्टोर निर्माण |
| २.२.४. | स्याउको चाना जुस आदि प्रशोधन |
| २.२.५. | कृषि हाट वजार संचालन |

| सि. नं. | संचालन गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|
| २.३. | **मूल्य श्रृंखला विकास कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| २.३.१. | मौसम तथा वजार मूल्य सूचना प्रचार प्रसार |
| २.३.२. | उत्पादक र व्यापारी विच अन्तरक्रिया एवं सम्झौता सहजिकरण |
| २.३.३. | मूल्यश्रृंखला विकासका लागि वहुसरोकारवाला गोष्ठी |
| २.३.४. | सहकारी मार्फत विक्रिमा आधारित अनुदान |
| ३ | **उद्देश्य ३. वातावरणमैत्री प्रविधि मार्फत रैथाने वाली र जैविक विविधताको संरक्षण गर्ने- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| ३.१. | टिमुर खेती प्रवर्द्धन |
| ३.२. | रैथानेवालिको विउ वैंक स्थापना |
| ३.३. | सामुदायिक बिऊ बैंक |
| ३.४. | रैथाने वाली खेती गर्ने कृषकलाइ प्रोत्साहन अनुदान |
| ३.५. | रैथानेवालीको प्रशोधन ब्राण्डिंग गरी वजारिकरण गर्ने |
| ३.६. | वातावरणमैत्री प्रविधि प्रसार गर्ने |
| ३.७. | जैविक विषादि सम्वन्धि तालिम प्रदान गर्ने |
| ३.८. | प्रांगारिक खेती प्रवर्द्धन (तालिम समेत) |
| ३.९. | कृषि वन प्रविधि अनुशरण |

## *४.४.२. योजना तर्जुमा गोष्ठीबाट पहिचान गरिएका पशु सेवा तर्फको कार्यक्रम र क्रियाकलाप हरुको विवरण*

| सि. नं. | संचालन गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|
| १ | **उद्देश्य १. पशुपन्छीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने** |
| १.१ | **नश्ल सुधार कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | उन्नत जातको बोका वितरण |
| | उन्नत जातको थुमा वितरण |
| | उन्नत जर्सी जातको गाई वितरण |
| | उन्नत जातका साढे (जर्सि) /वितरण गर्ने |
| | उन्नत जातका राँगो (मुर्रा) /वितरण गर्ने |
| | उन्नत जातका मुर्रा भैसी वितरण गर्ने |
| | आवस्यक मात्रामा सिमेन र तरल नाइट्रोजन व्यवस्था गरी गाईमा कृत्रिम गर्भाधान कार्यक्रम |
| | पशुपन्छी प्रजनन तथ्यांक अध्यावधि गर्ने |
| | कुखुरा ह्याचरी स्थापना गर्ने |
| १.२ | **पशुपन्छी गोठ व्यवस्थापन- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | बाखा खोर सुधार/निर्माण गर्ने |
| | स्थानीय कच्चा पदार्थ प्रयोग गरी भेडाको खोर सुधार/निर्माण गर्ने |
| | गाईको गोठ सुधार गर्ने |
| | भैसीको गोठ सुधार गर्ने |
| | बंगुरको खोर सुधार गर्ने |
| | स्थानीय कच्चा पदार्थ प्रयोग गरि जलवायु मैत्री कुखुरा खोर सुधार |
| | स्थानीय कच्चा पदार्थ प्रयोग गरि जलवायु मैत्री खरायो खोर सुधार |
| | नमुना गड्यूले मल |
| | नमुना गोठे मल बनाउने |
| | पिसाब संकलन गरी झोल मल र प्रांगारिक विषादी बनाउने नमुना |
| | पिसाब संकलन गरी प्रांगारिक विषादी बनाउने नमुना |
| १.३ | **पशु आहार व्यवस्थापन- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |

| सि. नं. | संचालन गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|
| | पाटन क्षेत्रमा चरन खर्क चक्लिकृत गरि ब्लक बनाउने र घुम्ती चरन क्षेत्र विस्तार गर्ने |
| | पाटन क्षेत्रमा घाँस को विउ छर्ने |
| | चरन कार्यविधि बनाई पशु बस्तु चराउने |
| | डाले घाँस नर्सरी स्थापना गर्ने |
| | भुँई घासको पकेट क्षेत्र विस्तार गर्ने |
| | साझेदारीमा पशु दाना बनाउने उध्योद स्थापना (मेसिन/ औजार/उपकरण सेट खरिद) |
| | विजुली वाट चल्ने साईलेज मेसिन खरिद - जडान सेट सहित |
| | चाफ कटर वितरण गर्ने |
| | खनिज ढिक्का बनाउने मेसिन खरिद गर्ने |
| | स्थानीय कृषि उपजको प्रयोग गरी घरेलु पशुपन्छी दाना फर्मुला मोबाईल एप्लिकेसन तयार गर्ने |
| १.४ | **पशु स्वास्थ्य व्यवस्थापन- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | एक स्वस्थ नीति कार्यान्वय गर्ने |
| | पिपिआर खोप अभियान संचालन गर्ने |
| | पाटन खर्क क्षेत्रम पशु स्वास्थ्य घुम्ती शिविर संचालन गर्ने |
| | पर्याप्त औषधी तथा खोपको व्यवस्था गर्ने |
| | पशुपन्छी रोग निदानको लागी पशुपन्छी प्रयोगशाला निर्माण गर्ने |
| | प्रत्येक वडामा प्राथमिक पशुस्वास्थ्य प्रयोगशाला स्थापना गर्ने |
| | जुनोटिक रोग सम्बन्धमा सचेतनाका कार्यक्रम गर्ने |
| | स्वस्थ र स्वच्छ मासु, दुध अण्डा उत्पादन गर्ने तालिम |
| | सरुवा रोग विरुद्ध पशुपन्छीहरुमा नियमीत खोप (पीपीआर, खोरेत, रेबिज, स्वाइन फ्लु, रानीखेत, गम्बोरो... ) लगाउने र औषधी खुवाउने व्यवस्था गर्ने |
| | महामारी जन्य रोग नियन्त्रणको पुर्व तयारी - Rapid Response Team गठन गर्ने |
| | रेबिज नियन्त्रणका लागी सामूदायिक कुकुरहरुको बन्ध्याकरण गर्ने |
| | एन्टिबायोटिक प्रयोगको लागि बनाइएको निर्देशिका कार्यान्वय भए नभएको अनुगमन गरी प्राविधिक हरुलाई एन्टिबायोटिकको समुचित प्रयोग सम्बन्धी अभिमुखीकरण गर्ने |
| १.५ | **जनशक्ति पदस्थापन र क्षमता विकास कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | **प्राविधिक जनशक्ति** |
| | प्राविधिक हरुको नियमित क्षमता विकास तालिम गर्ने |
| | मौजुदा जनशक्तीको शैक्षिक क्षमता अभिवृद्धि गर्ने |
| | कृत्रिम गर्भाधानको लागी दक्ष जनशक्तिको व्यवस्था गर्ने |
| | संगठन तथा व्यवस्थापन सर्भेक्षण अध्ययन गरी आवस्यक प्राविधिक कर्मचारी व्यवस्था गर्ने |
| | एक वडा एक पशु स्वास्थ्य प्रवाधिकको व्यवस्था गर्ने |
| | **कृषक जनशक्ति विकास - महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | माध्यमिक विध्यालयमा ऐक्षिक विषय कृषि/ पशुपलन विषयको पाठ्यक्रम ससोधन गरी व्यवसायिक उद्धमी कृषक विकास गर्ने |
| | पशुपन्छी आहार व्यवस्थापन तालिम संचालन गर्ने- ३ दिने |
| | पशुपन्छी स्वास्थ्य व्यवस्थापन तालिम संचालन गर्ने- ३ दिने |
| | पशुपन्छी प्रजनन तथा गोठ/खोर व्यवस्थापन तालिम संचालन गर्ने- ३ दिने |
| | खर्क गोठालो तालिम कार्यक्रम |
| | मिनरल मिक्स बनाउने प्रविधि स्थलगत तालिम संचालन गर्ने |
| | कृषक भ्रमण कार्यक्रम |
| | उत्कृष कृषक सम्मान कार्यक्रम |
| १.६ | **पशुपन्छी पालनमा लगानी व्यवस्थापन- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | बैक तथा वित्तीय संस्था हरु संग समन्वय बैठक गरी सहुलियत पूर्ण कर्जा प्रवाहको लागी सहजीकरण गर्ने |
| | पशुपन्छी पालनको लागी लिएको कर्जाको ब्याजमा अनुदान दिने |
| | गाउँपालिकाको साझेदारीमा उन्नत पशुपन्छी वितरण गर्ने |
| | सहकारी संगको समन्वयमा पशुपन्छी पालन लगानी अभिवृद्धि कार्यक्रम संचालन गर्ने |
| | युवा लक्षित्त खरायो पालन कार्यक्रम |
| १.७ | **पशुधन सुरक्षा कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |

| सि. नं. | संचालन गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|
| | पशुपन्छी विमा जनचेतना कार्यक्रम संचालन गर्ने |
| | विमा कम्पनि संग समन्वय गरी विमा प्रक्रिया सरलीकरण गर्न सहजीकरण गर्ने |
| | विमा कम्पनि संग समन्वय गरी विमा दावी प्रक्रिया सरलीकरण गर्न सहजीकरण गर्ने |
| | कार्यविधि बनाई पशुपन्क्षी विमा प्रिमियम अनुदान |
| १.८ | **पकेट विस्तार कार्यक्रम-** |
| | युवा लक्षित बाखा पकेट विस्तार |
| | महिला लक्षित भैसी पकेट विस्तार कार्यक्रम |
| | महिला लक्षित गाई पकेट विस्तार कार्यक्रम |
| | युवा लक्षित्त भेडा पकेट क्षेत्र विस्तार कार्यक्रम |
| | युवा लक्षित खरायो पालन कार्यक्रम |
| | एक हेक्टर बगैचा एक पशुपन्छी फार्म (गाई/ भैसी कम्तिमा १०, भेडा बाखा/च्यांग्रा कम्तिमा ३०) संचालन गर्ने |
| | संघ, प्रदेश र स्थानीय तह समन्वय कार्यक्रम |
| १.९ | **पशुपन्छी सम्बन्धि अनुसन्धान, प्रसार सेवा र कृषक को परिस्थितिकिय विवरण सहित तथ्यांक व्यवस्थापन गर्ने।- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | सुचना प्रविधिको प्रयोग अधिकतम प्रयोग गरी cloud base मा आधारित पशुपन्छी विकास प्राविधिक सेवाको आवस्यकता पहिचान गरी सो अनुसार पशुपन्छी विकासका क्रियाकलाप संचालन गर्ने प्रणालीको विकास गर्ने। |
| | सुचना प्रविधिको प्रयोग अधिकतम प्रयोग गरी cloud base मा आधारित पशुपन्छी सम्बन्धी अनुसन्धान गरी जलवायु परिवर्तनको सामना गर्ने द्रुत विधि अपनाई नया जातको पंजीकरण गर्ने पद्ती विकास गर्ने। |
| | कृषक तथा पशु पन्छी फार्मको अभिलेखीकरण गर्ने र अध्यावधि गर्ने प्रणालीको विकास गर्ने। |
| | सालबसाली पशुपन्छी शाखाले अनिवार्य रुपमा तथ्यांक संकलन, अध्यावधि र प्रकासन गर्ने। |
| | तथ्यांक संकलन, अध्यावधि गरी संघ र प्रदेश संग तथ्यांक आदान प्रदान गर्ने। |
| २ | **उद्देश्य २. पशुपन्छी व्यावसायमा मूल्य श्रृंखला व्यवस्थापन गरी बजार प्रवर्द्धन गर्ने** |
| २.१ | **बजार व्यवस्थापन- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | पशुपन्छी संकलन केन्द्र निर्माण |
| | दुध संकलन केन्द्र स्थापना |
| | दुध पसल सुधार कार्यक्रम |
| | सहकारीको साझेदारीमा दुध उद्योग/ चिस्यान केन्द्र ( आवस्यक औजार , उपकरण सहितको ) |
| | सहकारी वा निजि क्षेत्रको साझेदारीमा पशुपन्छी सम्बन्धी उत्पादनको ढुवानिको व्यवस्था गर्ने- सवारी साधन |
| | सहकारी मार्फत पशुपन्क्षि जन्य उत्पादन विक्री गर्ने कृषक हरुलाई उत्पादन र बिक्रीमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गर्ने |
| | विजुली वाट चले उन काट्ने मेसिन सहयोग |
| | उन संकलन केन्द्र स्थापना |
| | विजुली वाट चल्ने उन उद्योग स्थापना |
| | नमुना पशुपन्छी हाटबजारको व्यवस्था गर्ने |
| | नमुना पशुबध केन्द्र स्थापना |
| | मासु पसल सुधार कार्यक्रम |
| | पशुपन्छी बजार व्यवस्थापन रेडियो कार्यक्रम |
| | कार्यविधि बनाई पशुपन्छी उत्पादनको न्युनतम मूल्य निर्धारण प्रकृया थालनी गर्ने |
| | पशुपन्छी मूल्य शृंखलाका पात्रहरुको बैठक गरी स्वस्थ बजार व्यवस्थापन गर्ने |
| २.२ | **उद्यमशिलता व्यवस्थापन- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | व्यवसाय गर्न चाहने युवा र महिला हरुलाई उद्यम विकासको तालिम (SIYB) संचालन गर्ने |
| | प्राविधिक जनशक्तीलाई प्रविधि र प्रविधि उपयोगको लागी क्षमता विकास तालिम संचालन गर्ने |
| | उद्यमी कृषकहरुलाई पशुपंछी उद्यम क्षेत्रको कृषक अवलोकन भ्रमण |
| | साना तथा मझौला पशुपन्छी / मत्स्य व्यवसायको लागि ब्यवसायिक योजना बैंक तयार गर्ने |
| | माध्यामिक विद्यालयमा पशुपन्छी विषयमा अध्ययन गरी दिक्षित भएका र पशुपन्छी/ मत्स्य व्यवसाय गर्न चाहने विद्यार्थी हरुलाई स्टार्ट अप पुंजी व्यवस्थापन गर्ने (व्यवसायिक योजना अनुसार फिर्ता गर्दै जानुपर्ने) |
| | युवा तथा लक्षित्त पशुपन्छी तथा माछा उत्पादन विविधिकरण तालिम (पनीर, खुवा, छुर्पी, मिठाई, अचार, सुकुटी) संचालन गर्ने |
| | विद्युत जडित युवा तथा लक्षित पशुपन्छी तथा माछा उत्पादन विविधिकरण उद्योग (पनीर, खुवा, मिठाई, अचार, सुकुटी) स्थापना (आवश्यक औउजार उपकरणमा अनुदान) |

| सि. नं. | संचालन गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|
| | युवा तथा लक्षित पशुपन्छी तथा माछा उत्पादन विविधिकरण कार्य संचालन भएको स्थलको अवलोकन भ्रमण |
| | सहकारी व्यवसाय गर्न व्यवसायिक योजना तयार गर्ने तालिम संचालन गर्ने |
| | साझेदारीमा सहकारी व्यवसाय विविधिकरण गर्ने |
| | सहकारी व्यवस्थापन कार्यविधि तयार गर्ने |
| | सहकारी हरुको क्रियाकलाप नियम गर्ने- अनुगमन |
| २.३ | **पशुपन्छी तथा मत्स्य मूल्य शृंखला व्यवस्थापन- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | एकै किसिमका उद्देश्य भएका सहकारीहरुलाई एकीकरण गर्ने |
| | सबै सहकारीहरुलाई कोपोमिस सफ्टवेर प्रयोगमा अनिवार्य गर्ने |
| | मूल्यशृंखला सम्बन्धी कार्यविधि बनाई मुनाफा वितरणमा बैज्ञानिक आधार तयार गर्ने |
| | पशुपन्छी तथा माछा उत्पादन र वितरण मूल्यशृंखलाका पात्रहरुको समन्वय बैठक राखने |
| | उत्पादन तथा विक्री वितरणका पात्रहरुलाइ सुचिकृत गरी उनीहरुविच उत्पादन खरिद विक्री सम्झौता गराउने |
| | **उद्देश्यः ३ जैविक विविधता तथा रैथाने जातको पशुपन्छीहरुको व्यावसायिकरण र संरक्षण गर्ने** |
| ३.१ | **एक स्वास्थ्य रणनिति व्यवस्थापन र कार्यान्वयन - महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | स्थानीय जातका कुखुरा, बाखा पालन कार्यलाई अभिवृद्धी गरी उच्च मूल्य संग जोड्ने |
| | कृषि अनुसन्धान परिषद संग समन्वय गरी लोप उन्मुख पशुपन्छीको जातीयता सम्रक्षण गर्न अनुरोध गर्ने |
| | रैथाने पशुपन्छी सरक्षण र प्रविधि सिकाई पाठशाला चलाउने |
| | जैविक सुरक्षाका उप्पयाहरु अवलम्वन गराउन अभियान कार्यक्रम गर्ने |
| ३.२ | **जलबायु परिवर्तनको असर न्यूनिकरण कार्यक्रम- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| | वातावरण सुहाउदो स्थानीय खरी बाखा प्रवर्द्धन गर्ने |
| | विजुलीको समेत प्रयोग गरी जलवायु अनुकुलित खोर/गोठ निर्माणका लागी मापदण्ड तयार गरी कृषकहरुलाई यस प्रकारको खोर/गोठ निर्माण गर्न प्रोत्साहित गर्ने |
| | सुक्खा सहन सक्ने घांसका जातहरु प्रवर्द्धन गर्ने |
| | लिफ्ट सिंचाई प्रविधि अपनाई घाँस क्षेत्रमा सिचाईको व्यवस्था गर्ने |
| | जलवायु परिवर्तनले निम्त्याउन सक्ने प्रजनन स्वस्थ समस्या समाधानका योजना बनाउने |
| | पशुपन्छी पालनका लागि पानी/हिउँ संकलन गरी सिमेन्ट पोखरी, प्लास्टिक पोखरी जस्ता संरचना प्राथमिकतामा राखी कार्य गर्ने |
| | वार्षिक रुपमा रैथाने तथा अन्य पशुपन्छी मेला आयोजना गर्ने |
| | उद्यमी युवा तथा महिलाहरुलाई कृषि/ पशुपन्छी पर्यटन स्थलमा अवलोकन भ्रमण गराउने |
| | प्रांगारिक मल कारखाना स्थापना गर्ने |
| | होमस्टे संचालन तथा व्यवस्थापन |
| | स्थानीय जातको कुखुरा पालन कार्यक्रम |
| | स्थानीय भोटे कुकुर संरक्षण कार्यक्रम संचांलन गर्ने |
| | घोडा पालन र संरक्षण कार्यक्रम |
| | होटेल व्यवसायीसंग व्यवसाय-व्यवसाय सम्बन्ध स्थापनामा गरी उनीहरुको मेनुमा स्थानीय पशुपन्छी उत्पादन समाबेश गर्न सहजीकरण गर्ने |

### *४.४.३. योजना तर्जुमा गोष्ठीबाट पहिचान गरिएका उद्यम विकास तर्फको कार्यक्रम र क्रियाकलापहरुको विवरण*

| सि. नं. | संचालन गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|
| १ | **उद्देश्य १. विभिन्न बाली तथा पशुजन्य उत्पादन, प्रशोधन गरी उद्यम स्थापना तथा व्यावशाय सँचालन गर्ने** |
| १.१. | आलु चिप्स उद्योग स्थापना तथा संचालन |
| १.२. | टमाटर तथा फलफुलको जाम जेली बनाउने उद्योग स्थापना तथा संचालन |
| १.३. | भटमास दालमोट तथा पिनट बनाउने उद्योग स्थापना तथा संचालन |
| १.४. | डेरी उद्योग स्थापना र संचालन |
| १.५. | मसला उद्योग स्थापना तथा संचालन |
| १.६. | मह, उंखु तथा गुंड प्रशोधन उद्योग स्थापना तथा संचालन |

| सि. नं. | संचालन गर्नुपर्ने कार्यक्रमहरु |
|---|---|
| १.७. | भेंडा/वाखाको उन संकलन तथा प्रशोधन |
| **२** | **उद्देश्य २. काष्ठकला, कुटानी पिसानी तथा अन्य उत्पादन प्रशोधन रोजगारी श्रृजना गर्ने- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| २.१. | फर्निचर उधोग तथा काष्ठकला स्थापना |
| २.३. | मसला, अचार तथा जडिबुटी प्रशोधन उधोग स्थापना तथा सँचालन |
| २.४. | मासुको अचार, सुकुटी तथा अन्य बस्तु उत्पादन तथा बिक्रि पसल स्थापना |
| २.५. | स्थानीय आरनलाइ स्तरीकरण र व्यावसायीकरण गर्ने |
| **३** | **उद्देश्य ३. गैह्र काष्ठ बन पैदावरहरु प्रशोधन गरी आय आर्जन गर्ने- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| ३.१. | अल्लो, केतुकि, भाँगो तथा केराको रेशा प्रशोधन गरी डोरी उत्पादन |
| ३.२. | हर्रो बर्रो अमला र जडिबुटी प्रशोधन |
| ३.३. | बाँस निगालोका सामाग्री उत्पादन |
| ३.४. | सिस्नो पाउडर उत्पादन |
| **४** | **उद्देश्य ४. शिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने- महिला, युवा तथा पछाडी परेका कृषकहरुलाई प्राथमिकता** |
| ४.१. | उद्यम व्यवसायमा लगानी व्यावस्थापन तालिम |
| ४.२. | शिप पहिचान अनुसन्धान |
| ४.३. | रोजगार सम्भावना अध्ययन |

# परिच्छेद ५: संचालन गरिने कार्यक्रम, जिम्मेवारी, समय सिमा र लागत विश्लेषण

आर्थिक वर्ष २०८२/८३ लाई अनुसार आधार वर्ष मान्दै आगामी ५ वर्ष अर्थात् आर्थिक वर्ष २०८३/८४ देखि २०८७/८८ सम्मका लागि कृषि, पशु विकास र उद्यम विकास तर्फको कूल बजेट अनुमान, बजेटको स्रोत अनुसारको विश्लेषणको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ। विस्तृत क्रियाकलापहरू, बजेट, जिम्मेवारी, समय सिमा र प्रत्येक क्रियाकलापका लागि आवश्यक बजेट कृषि विकास शाखातर्फको तालिका नं. ९ मा, पशु विकास तर्फको तालिका नं. १० मा र उद्यम विकास तर्फको तालिका नं ११ मा दिइएको छ। हरेक वर्ष योजना बनाउँदा बजेट उपलब्धताको आधारमा विनियोजन गरी तोकिएको अवधिमा कार्यक्रमहरू सम्पन्न गरिनेछ।

## ५.१. आगामी ५ वर्षको कूल वजेट अनुमान सारांश

आगामी ५ वर्षको लागि कृषि, पशु विकास र उद्यम विकास कार्यक्रमको लागि सबै स्रोतबाट कूल रु ३७ करोड ४४ लाख ७० हजार बजेट अनुमान गरिएको छ, जसमा कृषि विकासतर्फ रु १५ करोड, ५५ लाख ५० हजार, पशु विकासतर्फ रु १९ करोड ६७ लाख २० हजार र उद्यम विकासतर्फ रु २ करोड २२ लाख वजेट अनुमान गरिएको छ। साथै, पालिकाले मात्र बिनियोजन गर्ने आशा गरिएको रु १७ करोड ६१ लाख रहेको छ, जुन कूल बजेटको ४७.०३ प्रतिशत हो। त्यस्तै, प्रदेश सरकारसँग माग गर्ने आशा गरिएको कूल रु ७ करोड ९६ लाख ३५ हजार (२१.२७%), संघीय सरकारसँग माग गरिने आशा गरिएको रु ३ करोड २६ लाख ६० हजार (८.७२%), विकास साझेदारसँग साझेदारी माग गरिने आशा गरिएको रु २ करोड ४९ लाख (६.६५%), निजी क्षेत्रले साझेदारी गर्ने आशा गरिएको ११.०० प्रतिशत (रु ४ करोड १२ लाख) र गैरसरकारी संस्था (गैसस) हरुले साझेदारी गर्ने आशा गरिएको कुल बजेटको ५.३३ प्रतिशत (रु १ करोड ९९ लाख ७५ हजार) साझेदारी वा सहकार्य गर्ने अनुमान गरिएको छ। यस सम्बन्धि विवरण निम्न तालिका (तालिका १) मा दिइएको छ।

## तालिका १: आगामी ५ वर्षको सबै श्रोत अनुसार, उपक्षेत्रगत र उद्देश्य अनुसारको वजेट अनुमान

| क.सं. | उद्देश्यहरु | कार्यान्वयनको लागि लाग्ने कूल खर्च अनुमान (रु हजारमा) ५ वर्षको | खर्चको श्रोत (रु हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पालिका | प्रदेश | संघ | विकास साझेदार | निजि/सहकारी | गैसस |
| क | कृषि विकास कार्यक्रम | १५५५५० | ९३६५० | १५००० | ८८०० | १४१०० | १८९५० | ५०५० |
| १ | उद्देश्य १ उत्थानशील एवं व्यवसायीक कृषि मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने | १०६८५० | ६५२०० | १०७०० | ६५०० | ९९०० | १०६५० | ३९०० |
| २ | उद्देश्य २. मूल्यश्रृंखलामा आधारित रही कृषि वाली वस्तुको वजार प्रवर्द्धन गर्ने | ३३७०० | २००५० | २५०० | १४०० | २७५० | ६४०० | ६०० |
| ३ | उद्देश्य ३. वातावरणमैत्री प्रविधि मार्फत रैथाने वाली र जैविक विविधताको संरक्षण गर्ने | १५००० | ८४०० | १८०० | ९०० | १४५० | १९०० | ५५० |
| ख | पशु विकास कार्यक्रम | १९६७२० | ७०७०० | ६४६३५ | २३८६० | १०८०० | ११८०० | १४९२५ |
| १ | उद्देश्य १. पशुपन्छीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने | १२०३९५ | ४४०७५ | ३९८५० | २०४६० | ४१०० | ४५०० | ७४१० |
| २ | उद्देश्य २. पशुपन्छी व्यावसायमा मूल्य श्रृँखला व्यवस्थापन गरी बजार प्रवर्द्धन गर्ने | ४०३२५ | १४६७५ | १४३२५ | ८०० | ३२०० | ३२०० | ४१२५ |
| ३ | उद्देश्यः ३ जैविक विविधता तथा रैथाने जातको पशुपन्छीहरुको व्यावसायिकरण र संरक्षण गर्ने | ३६००० | ११९५० | १०४६० | २६०० | ३५०० | ४१०० | ३३९० |
| ग | उद्यम विकास कार्यक्रम | २२२०० | ११७५० | ० | ० | ० | १०४५० | ० |
| १ | उद्देश्य १. विभिन्न बाली तथा पशुजन्य उत्पादन, प्रशोधन गरी उद्यम स्थापना तथा व्यावशाय सँचालन गर्ने | १२१०० | ६२०० | ० | ० | ० | ५९०० | ० |
| २ | उद्देश्य २. काष्ठकला, | ४४०० | २२५० | ० | ० | ० | २१५० | ० |

| क्र.सं. | उद्देश्यहरु | कार्यान्वयनको लागि लाग्ने कूल खर्च अनुमान (रु हजारमा) ५ वर्षको | खर्चको श्रोत (रु हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पालिका | प्रदेश | संघ | विकास साझेदार | निजि/सहकारी | गैसस |
| | कुटानी पिसानी तथा अन्य उत्पादन प्रशोधन रोजगारी श्रृजना गर्ने | | | | | | | |
| ३ | उद्देश्य ३. गैह काष्ठ बन पैदावरहरु प्रशोधन गरी आय आर्जन गर्ने | ४८०० | २४०० | ० | ० | ० | २४०० | ० |
| ४ | उद्देश्य ४. शिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने | ९०० | ९०० | ० | ० | ० | ० | ० |
| | कृषि, पशु विकास र उद्यम विकासको जम्मा | ३७४४७० | १७६१०० | ७९६३५ | ३२६६० | २४९०० | ४१२०० | १९९७५ |
| | प्रतिशत | १००.०० | ४७.०३ | २१.२७ | ८.७२ | ६.६५ | ११.०० | ५.३३ |

## ५.२. आगामी ५ वर्षको वार्षिक कूल वजेट अनुमान

कुल बजेट रु ३७ करोड ४४ लाख ७० हजार मध्ये, योजना अवधिको पहिलो वर्ष अर्थात् आ.व. २०८३/८४ मा रु ५ करोड ६१ लाख ७१ हजार (कुल बजेटको १५ प्रतिशत), दोस्रो वर्षमा रु ६ करोड ७४ लाख ५ हजार, हुँदै योजना अवधिको अन्तिम वर्ष आ.व. २०८७/८८ मा रु ९ करोड ३६ लाख १८ हजार बजेट प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तलको तालिका (तालिका २) मा दिइएको छ।

### तालिका २: कृषि क्षेत्र/उपक्षेत्रको ५ वर्षको वार्षिक कूल अनुमानित वजेट तालिका

| क्र.सं. | संचालन गर्नुपर्ने कार्यक्रम / क्रियाकलापहरु | कार्यान्वयनको लागि लाग्ने कूल खर्च अनुमान (रु हजारमा) ५ वर्षको | कूल अनुमानित वजेट (रु हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा |
| क | कृषि विकास कार्यक्रम | १५५५५० | २३३३३ | २७९९९ | ३१११० | ३४२२१ | ३८८८८ | १५५५५० |
| ख | पशु विकास कार्यक्रम | १९६७२० | २९५०८ | ३५४१० | ३९३४४ | ४३२७८ | ४९१८० | १९६७२० |
| ग | उद्यम विकास कार्यक्रम | २२२०० | ३३३० | ३९९६ | ४४४० | ४८८४ | ५५५० | २२२०० |
| | कृषि, पशु विकास र उद्यम विकासको जम्मा | ३७४४७० | ५६१७१ | ६७४०५ | ७४८९४ | ८२३८३ | ९३६१८ | ३७४४७० |
| | प्रतिशत | १००.०० | १५.०० | १८.०० | २०.०० | २२.०० | २५.०० | १००.०० |

## ५.३. आगामी ५ वर्षमा वार्षिक रुपमा पालिकाले बिनियोजन गर्ने आशा गरिएको वजेट अनुमान

कूल बजेट रु ३७ करोड ४४ लाख ७० हजार मध्ये, योजना अवधिमा पालिकाले बिनियोजन गर्ने आशा गरिएको कुल बजेट रु १७ करोड ६१ लाख मध्ये पहिलो वर्ष अर्थात् आ.व. २०८३/८४ मा रु २ करोड ६४ लाख १५ हजार (कूल बजेटको १५ प्रतिशत), दोस्रो वर्षमा रु ३ करोड ३३ लाख ४७ हजार हुँदै योजना अवधिको अन्तिम वर्ष (आ.व. २०८७/८८) मा ३८२५४ रु ३ करोड ८२ लाख ५४ हजार बजेट प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तलको तालिका (तालिका ३) मा दिइएको छ।

तालिका ३: पालिकाले मात्र व्यहोर्ने कृषि क्षेत्र/उपक्षेत्रको ५ वर्षको वार्षिक कूल अनुमानित वजेट

| क्र.सं. | शाखा | कार्यान्वयनको लागि लाग्ने कूल खर्च अनुमान (रु हजारमा) ५ वर्षको | पालिकाले व्यहोर्ने कूल अनुमानित वजेट (रु हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पालिकाले व्यहोर्ने कूल वजेट | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
| क | कृषि विकास कार्यक्रम | १५५५५० | ९३६५० | १४०४८ | १६८५७ | १८७३० | २०६०३ | २३४१३ |
| ख | पशु विकास कार्यक्रम | १९६७२० | ७०७०० | १०६०५ | १४१४० | १५५५४ | १७६७५ | १२७२६ |
| ग | उद्यम विकास कार्यक्रम | २२२०० | ११७५० | १७६३ | २३५० | २५८५ | २९३८ | २११५ |
| | कृषि, पशु विकास र उद्यम विकासको जम्मा | ३७४४७० | १७६१०० | २६४१५ | ३३३४७ | ३६८६९ | ४१२१६ | ३८२५४ |
| | प्रतिशत | | १००.०० | १५.०० | १८.९४ | २०.९४ | २३.४० | २१.७२ |

## ५.४. आगामी ५ वर्षमा वार्षिक रुपमा प्रदेश सरकारसंग मांग गरिने आशा गरिएको वजेट अनुमान

कूल वजेट रु ३७ करोड ४४ लाख ७० हजार मध्ये योजना अवधिमा प्रदेश सरकारसंग मांग गर्ने आशा गरिएको कूल वजेट रु ७ करोड ९६ लाख ३५ हजार मध्ये प्रथम वर्ष अर्थात आ व २०८३/८४ मा रु १ करोड १९ लाख ४५ हजार (कूल वजेटको १५ प्रतिशत), दोश्रो वर्षमा रु १ करोड ५६ लाख २७ हजार हुंदै योजना अवधिको अन्तिम वर्ष (आ व २०८७/८८) मा रु १ करोड ५३ लाख ८४ हजार वजेट प्रक्षेपण गरिएको छ । यस सम्वन्धि विवरण तलको तालिका (तालिका ४) मा दिइएको छ ।

